CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्जगत

खेमराज केशवशरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखक द्वारा उपहार
स्वरूप प्राप्त।

अन्तर्जगत्

खेमराज केशव शरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक : साझा प्रकाशन,
काठमाडौं, नेपाल ।
संस्करण : पहिलो, २०३५ वि. सं.
संख्या : ११०० प्रति
मूल्य : ४।५५/–
मुद्रक : प्रभाकरी प्रेस, कालिकास्थान, डिल्लिबजार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

विविधताले भरिएको विश्वमा मनुष्यको चित्त-वृत्तिको विविधता पनि कम आश्चर्य लाग्दो छैन। श्री खेमराज केशव शरणले अन्तर्जगत्मा मानिसका यिनै आन्तरिक वृत्तिहरूको चित्रण गर्नु भएको छ। प्रवचनको शैलीमा लेखिएका अठार निवन्धमा विद्वान् लेखकले एउटा विशिष्ट जीवन निर्माणमा वलदिनुभएको छ। आर्यचरित्रको व्याख्या गर्दा गर्दै पनि कुनै सीमा तोकिएको पाइँदैन। खुट्टयाएर भन्नु परे यी निवन्धलाई धार्मिक भन्नु परे पनि आन्तरिक भावनाहरूमा वढी वल दिइएकाले सवैका निम्ति उपयोगी छन् भन्न सकिन्छ।

लेखकका सौगात पाठक समक्ष पुऱ्याउने माध्यम भएकाले प्रस्तुत सौगाग प्रस्तुत गर्दा पनि साझा प्रकाशनले सन्तोष मानेको छ।

साझा प्रकाशन

२०३५।५।२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयक्रम :

ज्ञानको खोज /१
भित्र फर्केर हेर्दा /६
चेतनाको द्वार /१२
आत्मनिरीक्षण: जीवनविकासको अमरसूत्र /१७
जीवनको सरसता /२२
आत्मकल्याणको निर्विकल्प उपाय /२६
हाम्रो सहगामी जीवन /३०
सेवाव्रत /३४
कराग्रे वसते लक्ष्मी: /४०
करमध्ये सरस्वती /४५
करमूले स्थितो ब्रह्मा /५०
जीवननिर्माणमा अध्यवसायको अपेक्षा /५५
निर्भयताको प्राप्ति जीवनको उपलब्धि /६०
धैर्यशीलता /६६
अमरताको बाटो /७०
हाम्रो गृहस्थाश्रम /७४
ईश्वरप्रति भक्त: पावनताको यात्रा /७९
भगवन् बुद्ध आर्यधर्मका महान् व्याख्याता /८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानको खोज

एकजना साधकलाई जान्ने इच्छा सधैं लागिरहन्थ्यो। ज्ञानको इच्छा लिएर उनी कहिले यहाँ कहिले उहाँ गइरहन्थे। एक दिन एक जना महात्माकहाँ गएर उनले आफ्नो जिज्ञासा राखे। उनको जिज्ञासा थियो, "तत्त्वबोध कसरी हुन्छ ? के गर्दा ज्ञानी बन्न सकिन्छ ? "

महात्माले भने, "भाइ ! धेरै टाढाबाट आएका छौ। एकै छिन विश्राम गर, अलिकति दूध पनि पिइहाल। अनि म तिम्रा जिज्ञासाको समाधान गरिदिनेछु।"

महात्माले एउटा गिलास जिज्ञासुलाई दिए र दूध थाप्न लगाए। जिज्ञासुले थापेको गिलासमा उनी दूध खन्याउन थाले, गिलास भरिएर आयो। महात्मा खन्याउँदै गए। दूध पोखिन लागेपछि जिज्ञासुले इशाराले भयो भने। तर महात्माले सुनेको नसुन्यैं गरेर खन्याइ नै रहे। आखिर जिज्ञासुले कराएर भने, "गिलास भरियो, अब पुग्यो, दूध पोखिइसक्यो।" महात्माले दूध खन्याउने काम रोके। जिज्ञासुले दूध खाइसकेर केही बेर विश्राम गरी महात्मासँग सोधे, "अब त कृपया मेरो जिज्ञासाको समाधान गरिदिनुहुन्थ्यो कि !"

महात्माले गंभीर बन्दै भने, "मैले त तिम्रो जिज्ञासाको समाधान गरिसकेको छु। अब तिमीले बुझ्न सक्नुपर्‍यो।" साधकले भने, "मैले त तत्त्वबोधबारे पो सोधेथें। यहाँ त दूध पिउने बाहेक अरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा भएकै छैन । समाधान कसरी भयो ?"

महात्माले केही मुस्कुराएर भने, " त्यही दूधको गिलासले तिम्रो तत्त्वजिज्ञासाको समाधान दिइसकेको छ । बुझ त जब मैले दूध खन्याइरहेको थिएँ तिमी 'गिलास भरियो, अब भयो' भन्दै थियौ होइन त ?"

जिज्ञासुले केही रहस्य फेला पार्न आँटेझैँ गंभीर बन्दै भने, " हो ।"

महात्माले भने, " बुझ्नुपर्ने कुरा त्यही हो । जब भरिएको अवस्था आइपुग्दछ, त्यस वेला पुगिसकेको हुन्छ । खाली अवस्थामा नै भर्न पर्ने स्थिति रहन्छ । भरिएपछि त त्यहाँ ठाउँ नै रहन्न । दिएको शिक्षा लिन सक्ने गरी खालि भएर आऊ अनि ज्ञानी बन्ने उपाय बताउँला ।" साधकलाई केही बुझेजस्तो पनि लाग्यो र केही मननीय जस्तो पनि लाग्यो । उनी त्यहाँबाट आफ्नो बाटो लागे ।

वास्तवमा हामी ज्ञानी बन्न त खोज्दछौं परन्तु ज्ञानी बन्न चाहिने मनःस्थितिमा हामी हुँदैनौ । अनेकौं प्रकारका पूर्वधारणाहरू र अहंभावले भरिएर हामी ज्ञानको खोजी गर्दछौं । परिणामस्वरूप कहीं ज्ञानी फेला परिहाले वा केही ज्ञान गर्ने अवसर हामीले पाइहाल्यौं भने पनि हामी भित्रबाट पहिल्यै भरिएका हुनाले पाएको ज्ञान सबै पोखिएर जान्छ । हाम्रो जीवनमा त्यो पस्न पाउँदैन, हाम्रो जीवनलाई त्यसले सरस तुल्याउन सक्तैन । हाम्रो कोठाका झ्याल सबै बन्द छन् र भित्रको गुम्साहटले नै त्यो भरिरहेको छ भने बाहिरको खुला र स्वच्छ हावा त्यसभित्र पस्न पाउँदैन । यदि कोठामा ताजा हावाको प्रवेश होस् र कोठा स्वास्थ्यकर बनोस्, भन्ने हाम्रो इच्छा छ भने त्यसलाई खुला राख्नु आवश्यक हुन्छ, त्यसभित्रको गुम्सिएको हावा फाल्नु आवश्यक हुन्छ । अनि मात्र स्वच्छ हावा पस्नेछ र कोठा स्वच्छ र सुख दिने हुनेछ । जस्तो घरको कोठा त्यस्तै मनको कोठा । यदि नित्य नयाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानको प्रवेश होस् र जीवन उज्ज्वल बनोस् भन्ने रहर छ भने मनलाई नित्य माझ्नु, भित्रको मैलोलाई फाल्दै रहनु अनिवार्य हुन्छ । दूषित संकल्पहरूलाई मनबाट हटाउन सकेको दिन नै हामी ज्ञानका उत्तम पात्र हुन्छौं ।

वास्तवमा ज्ञान बाहिरबाट कहिल्यै आउँदैन, आन्तरिक पवित्रताबाटै ज्ञानको उदय हुन्छ । अन्तर जति पवित्र छ, ज्ञानको त्यति नै विशाल स्रोत हामीलाई फेला पर्न सक्तछ । हो हामी अनुकरणको ज्ञान बाहिरबाट फेला पार्न सक्तछौं । शब्दका दुइ-चारवटा पारिभाषिक स्वरूपलाई याद गरेर सापटी ज्ञान त हामी कुनै किताबबाट कुनै व्यक्तिको भनाइबाट पाउन सक्तछौं । केही सैद्धान्तिक विवेचन गर्न जान्ने भएपछि हामी लौकिक दृष्टिबाट ज्ञानीहरूको पङ्क्तिमा मिसिन पुगौंला परन्तु अन्तरलाई नै जागृत नपारी ज्ञानको वास्तविक स्रोत हामीलाई फेला पर्दैन । नत्र ज्ञानलाई आत्माको स्वरूप मान्ने वेदान्त दर्शनले ज्ञानात्मक आत्मसत्तालाई नित्यप्राप्त बताउने अद्वैत दर्शनले पनि साधनचतुष्टय संपन्न नबनी वेदान्त श्रवणको अधिकारी नै बन्न नसक्ने कुरा भनिरहनु पर्दैन थियो । हाम्रो आत्मा ज्ञानरूप छ प्रकाशरूप छ परन्तु त्यस ज्ञानरूप आत्मालाई प्राप्त गर्न साधना अनिवार्य छ, माझिनु अनिवार्य छ, खारिनु अनिवार्य छ, सत् र असत्को विवेक अनिवार्य छ, भोगलिप्साबाट मुक्त हुनु आवश्यक छ, सम, दम आदि मर्यादाहरूको परिपालन आवश्यक छ । तीव्र जिज्ञासा आवश्यक छ । ज्ञानरूप आत्मा सर्वत्र छ । ब्रह्मसत्ता सर्वत्र छ । परन्तु आत्मानुभूति वा ज्ञानको सौभाग्य त्यसैलाई प्राप्त हुन्छ, जो यस उकालो साधनाको सोपानमा चढ्न सक्तछ । सबैतिर छ, व्याप्त छ भन्दैमा सबैलाई ज्ञान प्राप्त हुँदैन । सच्चा साधकलाई आफ्नो अन्तरलाई आफैं माझ्न समर्थ हुने साधकलाई मात्र ज्ञानले वरण गर्दछ । व्याख्यानकौशल वाक्यहरूको धारावाहिक विन्यास, वाचालता नै ज्ञानको परिचायक हुँदैन । यो मुक्तिको लागि हुन सक्ला परन्तु मुक्तिको लागि नहुन सक्तछ । आद्य शंकराचार्यकै शब्दमा भनौं:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'वाग् वैखरी शब्द झरी शास्त्र व्याख्यान कौशलम् ।
विदुषामिह वैदुष्यं भुक्तये न तु मुक्तये'

हामी पानीका दुई कुण्डको कल्पना गरौं । एउटा यस्तो कुण्ड छ जसमा कृत्रिमता छ, बाहिरबाट पानी ल्याएर त्यसमा भरिन्छ । त्यस्तो कुण्डमा आफ्नो स्रोत स्वयंमा छैन । सापट लिएको पानीले उसको अस्तित्व खडा भएको छ । कसैले पानी झिकेर लग्न लाग्यो भने त्यो कृत्रिम कुण्डलाई चिन्ता हुन्छ । पानी सकिएला भन्ने । त्यसको पानी सधैं तातो हुन्छ । त्यसको समुद्रसँग साक्षात् सम्बन्ध छैन । सधैं सीमित छ, सधैं सिद्धिने त्रास छ । सुक्ने डर छ । परन्तु एउटा अर्को कुण्ड छ, जसको स्वयंको मूल छ । माथिबाट जति पानी झिकेर लगे पनि उसलाई सुक्ने डर छैन । घट्ने डर छैन । सधैं ताजा छ, सधैं चिसो छ, शीतल छ । समुद्र सँग उसको साक्षात् सम्बन्ध छ । उसले कसैसँग लिनु पर्दैन । केवल बाह्य अध्ययनबाट प्राप्त ज्ञान कृत्रिम कुण्ड हो । र आत्मसाधनाबाट अन्तरको निर्मलताबाट प्राप्त ज्ञान आफैंमा मूल भएको कुण्ड हो । हामी आफैं भित्र मूल फेला पार्न छोडेर प्रायः अरूको ज्ञानलाई नै आफ्नो ज्ञान बनाउन खोजिरहेका हुन्छौं । अरूले गरेको अनुभवलाई नै आफ्नो अनुभव मानिरहेका हुन्छौं । फलानो ठाउँमा यसो भनेको छ भन्ने नै हाम्रो ज्ञानको आधार हुन्छ । आफू स्वयंबाट हामीलाई ज्ञानको स्फुरण हुँदैन । हामी सापटीमा नै काम चलाइरहेका हुन्छौं । आत्मसाधनामा हामी पछि छौं भन्ने कुरा यसबाट प्रमाणित हुन्छ । प्रत्येक मानवआत्मा महान् छ । जगदीश्वर र प्रकृतिको तर्फबाट कसैप्रति कहिल्यै पनि अन्याय छैन, पक्षपात छैन । हाम्रो आत्मसाधनाको कमीले नै हामीलाई वञ्चित गरिराखेको हुन्छ । हामी स्वयंको समुत्थानप्रति जागरूक बन्न सकेमा नै ज्ञानको नजीक पुग्न सक्तछौं । आफ्नो अन्तरलाई आफैं साफ गर्न सक्ने क्षमता पाएर नै हामी आफैं दृष्टा बन्न सक्तछौं । आफैं द्रष्टा बन्न आफ्नै आँखाले हेर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिक्नुपर्दछ । आफ्नै मनले मनन गर्न सिक्नुपर्दछ । आफ्नै अनुभवमा बाँच्न सिक्नुपर्दछ । अनि हामी मौलिक अस्तित्व लिएर बाँच्न सक्छौं । अरूका आँखा र अरूको मनको भरोसामा दगुरुञ्जेल हामीले आफैलाई बिर्सिरहेका हुन्छौं । त्यस वेला हामी आफूभित्रको ज्ञानको मूल-लाई आफैं छोपिरहेका हुन्छौं । महात्माले साधकलाई खाली भएर आउन भनेका थिए । बाहिरको दौडबाट खाली नभै अन्तर्जगत्को यात्रा आरम्भ हुँदैन । त्यसैले महात्माले साधकलाई खाली हुन लगाए ।

प्रत्येक मानवको आत्माभित्र शिवको निवास छ । हामीमा ती शिवलाई भेट्ने सत्य र सुन्दरको साधना अपेक्षित छ । यसको लागि असुन्दरबाट खाली हुनु आवश्यक छ, असत्यबाट खाली हुनु आवश्यक छ, अभिमानबाट मुक्त हुनु आवश्यक छ । अपूर्णताबाट पूर्णतातर्फ यात्रा गर्नु आवश्यक छ । हामीले अन्तरका जगदीश्वरतिर फर्कन सकेको दिन नै ज्ञानको मुहान फेला पार्नेछौं, भित्रका शिवको भक्ति गर्न जानेको दिन नै जीवनविकासको मूल भेट्नेछौं । आओं अन्तर-जगत्को यात्रामा सबभन्दा सहायक शिवसंकल्प जगाउने वेदको यस महावाक्यलाई प्रातःकालको माङ्गलिक वेलामा सधैं सम्झिने गरौं :

'जो सुयोग्य सारथीले इच्छानुसार घोडालाई हाँके झैं मानवलाई आफूले संकल्प गरेको विषयमा पुऱ्याइरहन्छ त्यो हृदयभित्र प्रति-ष्ठित कहिल्यै नबैलाउने सबैभन्दा वेगिलो मेरो मन शिवसंकल्पमय होस्,

सुखारथि रश्वानिवषन्मनुषयाने नियतेऽभीषुभिर्व्वाजिन इव ।।
हृत्प्रतिष्ठँ यदजिरञ्जविष्ठं तन्मेमनः शिवसंकल्प मस्तु"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्र फर्केर हेर्दा

एक जना तपस्वीको कठोर तपस्यादेखि प्रसन्न भएर देवताले उन-लाई सामु आएर भने,"तपस्वी! तिम्रो तपस्याबाट म ज्यादै प्रभावित छु तिमी भन म तिमीलाई जे चिताउँछौ दिनेछु। तपस्वीले भने, "यसो एक पल्ट आएर मलाई केही दिएर हुँदैन। साँच्चै नै दिने हो भने सधैं मेरो साथमा रहेर हेरचाह गरिदिने काम गरिदिनुहोस्। देवताले स्वी-कार गर्दै भने,"तिमी रहुन्जेल सधैं म तिम्रो हेरचाह गरुँला।'

चिताएको कुरा पुग्दा मानिस कसो कसो अहमत्त्याइँमा आइ-हाल्छ। यहाँ त झन् स्वयं देवताले आएर आफ्नो हेरचाह गर्ने भएका थिए। तपस्वी अभिमानमा आएर सोच्न थाले,हूँ. . कस्तो चाहिँ तपस्या गरेछु त मैले। देवता पनि मेरो सेवक बने। म सानो रहेछु त अब !' आदि आदि। एक दिन उनी नुहाएर आउँदा एउटा धोबी बाटामा धोएको लुगा लिएर जाँदै थियो। साँगुरो बाटोमा कसो कसो धोबीका लुगाका पोकोले तपस्वीलाई छोइदिएछ। अनि त के चाहिन्थ्यो। तप-स्वीको रीसको पारो चढेर बेठिगान भयो। तपस्वीले बिचारा धोबीलाई एक तमाचा लगाइहालेछन्। धोबी पनि के कम,जब तपस्वी वेशको मानिस नै त्यति तल ओर्लिन्छन् भने ऊ त साधारण धोबी नै ठह-यो। तपस्वीलाई दुइ तमाचा जमाइदियो। देवताले बचाइहाल्छन् भनेर तप-स्वी कमण्डलु एकातिर राखेर धोबीलाई पछार्ने नियतले उसित कुस्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेल्न लागे । दुइ चार झट्कामा नै तपस्वीलाई पछारिदियो र आफ्नो लुगा लिएर घाटतिर लाग्यो । तपस्वीलाई त्यो अपमान खपिनसक्नु भयो। सबैभन्दा ठूलो रीस त उनलाई देवतामाथि उठ्यो । "आपत् पर्दा चाहिं फर्केर पनि नहेर्ने, सधैं बचाउँला भनेर वचन दिने, देवता पनि झूठो बोल्दछन् त.. । उनी भुत्भुताउँदै फेरि नुहाउन गए र नुहाएर बडो दुःखी हृदयले आश्रममा फर्के । उनले आश्रममा आइपुग्नासाथ देवतालाई देखे र दुःख मान्दै भने, मलाई त्यत्रो आपत् पर्दा किन नआएको ।" देवताले भने, तपस्वी ! तिमीलाई कहाँ आपत् परेको थियो र ? मैले त थाहै पाइनँ । " यौटा मामूली धोबीबाट मैले त्यत्रो मार खानुपर्‍यो । यी फेरि नुहाएर आइपुग्दै छु । धोबीले मलाई जमीनमा पछारिसक्दा पनि तपाई ले किन आएर बचाउनुभएन ।" देवताले भने, 'मैले त तिमी रहुन्जेल बचाउँला पो भनेको थिएँ त ! त्यहाँ त तिमी थिएनौ, त्यहाँ त यौटा असुरको पो धोबीसँग कुस्ती परेको देखेको थिएँ ।"

तपस्वीले भने, "ल कस्तो कुरा गरेको । म आफै त्यत्रो हण्डर खपेर आउँदै छु । 'देवताले भने, तपस्वी ! बुझें शरीरले त तिमी थियौ त्यस बेला पनि । तर अभिमान र क्रोधले तिमीलाई तिमी रहन तपस्वी रहन दिएको थिएन । अनि भन त मेरो प्रतिज्ञा त तिमी रहुन्जेल रक्षा गर्ने पो छ त हैन र ?'

तपस्वीले कुरा बुझे । उसलाई ठूलो पछुतो भयो । अलि परैदेखि तर्केर हिंडेको भए पनि हुन्थ्यो । अथवा छोइहालेछ रे शान्तिसाथ गएर नुहाएर आएको भए पनि हुन्थ्यो । आफ्नै तपस्या थपिन्थ्यो। कहाँ अभिमानमा आएर रिसाउन पुगेछु र अपमान पनि सहन पर्‍यो र तपस्या पनि खेर गयो । यस्तै सोचेर उनले फेरि त्यस्तो अभिमान र रीस कहिल्यै नगर्ने प्रतिज्ञा गरे ।

जब यी मानसिक विकारहरूले छोप्छन्, "हामी हामी रहन्नौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो धैर्य शान्ति सौजन्य, सुशीलता यी सबै भाग्छन् । हामी उजाड वन्न पुग्दछौं । विवेकले हामीलाई छोड्छ । जब हामी इच्छाहरूमाथि लगाम लगाउन छाडिदिन्छौं । र जब हाम्रो चाहनाले सीमा तोड्न थाल्छ अनि हामीलाई क्रोधले आश्रय बनाउँछ । क्रोधी स्वभावले हृदयको निर्मलता चिन्तनको विशालता सबै स्वहा पारिदिन्छ । हामी सम्मोहमा पर्छौं । अनि स्मृतिशक्तिमा धमिरो लाग्न थाल्दछ । स्मृतिशक्ति जीवनको ठूलो शक्ति हो । यसको बलले नै साधक आत्मविकासमा अग्रसर बन्ने साहस गर्न सक्तछ । परन्तु जब स्मृति नाश भयो हाम्रो बौद्धिक सामर्थ्य पनि नष्ट भयो । अनि बुद्धि त जीवनरथको सारथि नै भयो । जुन गाडीको ड्राइवर नै बेहोशी छ त्यसको के हाल होला ? गीताले कामोन्मुख जीववनको ओरालाको रूपतिर इशारा गर्दै यसको अन्तिम भयावह परिणतिलाई–'बुद्धिनाशात् प्रणश्यति' भनेर देखाइरहेको छ । अर्थात् जब बुद्धिले ठाउँ छोड्छ,मानको आमूल नाश हुन्छ ।

जीवनलाई यसरी रसातलतिर लग्ने मनोविकारहरूमा काम र क्रोधलाई मुख्य मानिएको छ । सूत्ररूपमा हेर्दा अरू सबै विकारहरू यिनै दुइ महाविकारहरू भित्र पर्दछन् । काम भन्नाले सामान्यरूपले संझिने वासनात्मक मनोवृत्तिमात्र लिइँदैन । कुनै पनि सीमाभन्दा बाहिर पुग्न खोज्ने चाहना काम हुन्छ । धन, बल, कीर्ति, सुख, प्रतिष्ठा जुनसुकै दिशामा पनि जब मानिस असन्तुष्ट हुँदै न्यायप्राप्त मर्यादित रूप छोडेर अनधिकार आसक्ति गर्न थाल्दछ त्यो सबै कामभित्र पर्छ । कामको व्यापक परिभाषा गर्दा भन्न सकिन्छ, "सुलभं परित्यज्य दुर्लभंमाकाङ्क्षति" जो आफूलाई प्राप्त छ त्यसबाट असन्तुष्ट भएर अप्राप्तको लागि मरिमेट्नु, सजीलै पाएकोलाई छोडेर नभएको अप्ठेरो कुरामा आँखा गाड्नु कामको वास्तविक रूप हो । यस प्रकारको असन्तुलित चाहले मानवमा चाञ्चल्य ल्याउँछ । यस्ता पूरा नहुने इच्छाहरूले उसलाई क्रोधी स्वभावको बनाउँदछन् । गीताले काम क्रोधको यत्रतत्र चर्चा गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिले चर्चा गरिएको तपस्वीको कथामा पनि प्रकारान्तरबाट यही असन्तुलित इच्छा अर्थात् काम थियो । देवताले दिएको वचनबाट उनले कसैले नपाएको शक्ति पाउने अनर्गल इच्छा गरे । त्यसप्रतिको सीमारहित आशाले उनलाई अभिमानमा ल्यायो, यसैबाट उनीमा क्रोधले प्रवेश गन्यो । जुनसुकै रूपको होस् क्रोध कुनै न कुनै अनियन्त्रित इच्छाकै प्रतिफल हुन्छ । "कामात् क्रोधो ऽभिजायते" भनेर गीताले पनि यही आशय प्रकट गरेको छ । यी अन्तर्विकारहरूले मानवको सम्पूर्ण उच्चता उसको संपूर्ण विकास संभावनाहरूलाई नष्ट पारिरहेका हुन्छन् । कुनै पनि चारित्रिक पतन र कुनै पनि बौद्धिक ह्रासको पछाडि यिनै विकृतिहरू अनियन्त्रित चाहना र त्यसैको प्रतिफल अहङ्कार अभिमान् क्रोध आदि उग्र प्रकृतिका दुर्गुणहरूको हात रहन्छ । मानवका प्रत्येक विफलताको पछिल्तिर यिनै अन्तर्विकृतिहरूका डरलाग्दा चेहराहरू हाँसिरहेका हुन्छन् ।

हामी कुनै बगैंचाको तलाउमा जाऔं, रात्रिको समय होस्, आकाशमा पूर्ण चन्द्र झलमलाएको होस् । तलाउतिर हामी हेरौं. यदि तलाउतो पानी निश्चल छ त्यसमा लहरहरू उठेका छैनन् भने तलाउमा परेको चन्द्रमाको प्रतिबिम्ब सङ्लो र पूर्णरूपमा देखिन्छ त्यसमा परेको वरपरको रूखहरूको छाया सिङ्गै र सग्ला सग्लै देखापर्छन् । परन्तु यदि तलाउको पानी चलायमान छ त्यहाँ तरङ्गहरू उठिरहेका छन् भने त्यसमा प्रतिबिम्बित हुने हरेक कुरा खण्डित देखिन्छ । टुक्रिएको देखिन्छ । चन्द्रबिम्ब पनि टुक्रा टुक्रा भएर देखा पर्दछ, रूखहरू पनि टुक्रा टुक्रा भएर देखा पर्दछन् । त्यसै गरी मानवको मस्तिष्क पनि जब यो विकृतिहरूले खल्बलिएको हुन्छ त्यसबेला त्यसमा उठ्ने कुनै पनि उत्थान सङ्कल्प कुनै पनि आत्मविकासको गम्भीर विचार टुक्रा टुक्रा हुन पुग्दछ । सिङ्गो र सङ्लो रूपमा जीवन निर्माण गर्ने कुनै पनि भरपर्दो अभियान यस स्थितिमा संभव हुँदैन । यिनै विकृतिहरू मानवका वास्तविक दुश्मन हुन् । र यिनीहरूमाथि विजय गर्न सकेको दिन न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानव वास्तवमा दिग्विजयी बन्दछ । मानिसलाई यिनीहरूमाथि विजयी बनेर आत्मशासित बन्ने उत्साह जगाउनु नै हाम्रो धर्मको निरन्तर-प्रेरणा रहिआएको छ । मानसिक विकृतिहरूको अधीनमा पर्दा आइपर्ने भयावह स्थिति संसारको प्रत्येक ,असफल, निराश, कुण्ठित आफैं प्रति अविश्वासी बनेका अँध्यारो चेहराले बनाएका छन् र बताइरहने छन् । अब यिनीहरूमाथि विजयी बन्ने सौभाग्यशाली मुक्तात्माहरूतिर ध्यान दिऔं । गीताकै सार्वभौम सन्देशलाई मनन गरौं,– गीताको निर्देश छः–

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥

जो काम र क्रोधबाट माथि उठ्दछन् जसलाई यी विकारहरूले छुन सक्दैनन् त्यस्ता आत्मज्ञान सम्पन्न संयमी पुरुषहरूको निमित्त चारैंतिर ब्रह्मनिर्वाण छ । दशै दिशा मुक्तिमय छन् । अन्तर्विकृतिहरूमाथि विजयी बन्ने साधकको निम्ति मुक्ति भन्ने कुरा खोजिरहनु पर्दैन । संपूर्ण सृष्टि मुक्तिमय हुन्छ । जसले मनमाथि विजय गऱ्यो, उसले संपूर्ण सृष्टिमाथि विजय गऱ्यो । संसारका कुनै पनि आदर्श पुरुषलाई हेरौं, कुनै पनि उज्जवल व्यक्तित्वलाई हेरौं तिनीहरूमा यही आत्मनियन्त्रण, यही संयमी प्रवृत्तिको महत्त्वपूर्ण भूमिका टहल्किरहेको हुन्छ । यसैको प्रसादले जुन कुनै पनि महापुरुषको जीवन निर्माण भइरहेको पाइन्छ । जहाँ आत्मनियन्त्रण छ त्यहाँ अविकल रूपमा मानवको आत्मा अघि बढिरहेको छ । त्यही मानव आत्माले आफ्नो सम्पूर्ण गरिमाको दर्शन गरिराखेको हुन्छ । त्यहाँ मानवलाई यस सुन्दर सृष्टिको र यसैको अविभाज्य अङ्गको रूपमा रहेको आफ्नो सुन्दर जीवनको अर्थ लागिरहेको हुन्छ ।

हामीलाई अरूबाट अलग्याउने, सबैको बन्नबाट वञ्चित तुल्याउने सबैको हाँसो र आँसुप्रति समरस बन्नबाट ठगिदिने अर्थात् हाम्रो आत्मविकासबाट हामीलाई अलग्याने यी आन्तरिक अवरोधहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानसिक तगाराबाट मुक्ति हुनासाथ हामी संपूर्ण सृष्टिभित्र आत्मीयताको मधुरतम अनुभूति गर्न सक्ने हुन्छौं। सम्पूर्ण जगत्लें आत्मीयताभित्र आवद्ध गरिरहेको सुखद दृश्य हामीले देख्नेछौं। आवश्यकता छ आपनो चिन्तन जगत्तिर गहिरिएर हेर्ने, त्यसलाई माझ्ने त्यसमा रहेका कसिङ्गरहरूलाई फाल्ने।

कामन्दकीय नीतिको यो वचन कति महान् छ –

आत्मसंयमले विनय पैदा गर्दछ। विनयी स्वभावबाट सद्गुणहरू बढ्छन्। सद्गुणहरूको वृद्धिबाट समाजको स्नेह प्राप्त हुन्छ। अनि सामाजिक स्नेह र सद्भावबाट जीवनका आवश्यक सबै सम्पदाहरू स्वतः प्राप्त हुन्छ।–

जितेन्द्रियत्वं विनयस्य कारणम्।
गुणप्रकर्षो विनयादवाप्यते॥
गुणप्रकर्षेण जनोऽनुरज्यते
जनानुरागप्रभवा हि सम्पदः॥

आपनो निर्माता हामी आफैं हौं। यो विकास जागेको दिन (न) मानवलें धेरै आत्मविकासका संभावनाहरूलाई जगाएको हुन्छ। यसैको लागि आत्मनिरीक्षणको अत्यन्त आवश्यकता मानिएको छ। आफैंलाई आफैंले हेर्न सकेको दिन मानवको उत्थान आरम्भ भएको दिन हुन्छ। यहींबाट उसको वास्तविक जीवनरचनाको थालनी हुन्छ। ग्रीसका महान् दार्शनिक प्लेटोले आत्मनिरीक्षणको महत्त्वतिर लक्ष्य गर्दै भनेको यो वचन कति अर्थपूर्ण छ उनी भन्दछन् –

"त्यो जीवन जो आत्मनिरीक्षणशून्य छ बाँच्न लायक जीवन रहन्न"।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेतनाको द्वार

एक जना कलाकार ज्यादै लहडी थिए। एक पटक उनले ज्यादै सुन्दर आकृतिको चित्र बनाएर आफ्नो कलाकेन्द्रमा राख्ने निश्चय गरे। सबैभन्दा राम्रो रूप भएको मानिस खोज्दै उनी गाउँ शहर, बजार घुम्न लागे। एउटा परिवारमा पुगेपछि उनले एक जना ज्यादै व्यक्तित्व भएको बालक भेट्टाए। भविष्यमा साह्रै ठूलो मानिस हुनसक्ने संभावना त्यस बालकको मुखाकृतिमा कलाकारले पाए। आँगनमा खेलिरहेको बालकको चित्र कोरेर उनी फर्के। त्यस चित्रलाई आफ्नो कलाकेन्द्रमा शोभा मानेर उनले राखे। कलाकारको साधना चलिरहेकै थियो। धेरै वर्षपछि उनलाई फेरि अर्को लहड आयो। एउटा सबैभन्दा कुरूप मानिसको पनि चित्र बनाएर राख्ने उनको लहड भयो। उनी सबैभन्दा कुरूप मानिसको खोजीमा निस्के। उसैगरी गाउँ शहर, बजार गर्दै उनी एउटा क्यालखानामा पुगे। क्यालखानाका एउटा कोठाबाट एकजना डरलाग्दो मुख भएको बन्दीले बाहिरतिर हेरिरहेको थियो। भित्रसम्म भासिएका आँखा कुस्स दाह्री कैयौं दिनदेखिका जमेको मयल, गाला उघ्रिट्टिएको, कन्याराको हड्डी उठेको। बन्दीको रूप एकलासमा देख्ने हो भने मानिस तर्सन्थे। मानसिक व्यथाले बन्दीको आकृतिमा अझ भयावह रूप थपेको थियो।

कलाकारले परिचय सोध्न लागे। बन्दीले वेलावेलामा अन्तर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्ययामा हराउँलाऊँ ज्यादै वडो मुस्किलले आफ्नो परिचय दिन लाग्यो । कलाकारलाई आश्चर्यको सीमा रहेन । उनका आँखावाट वलीन्द्र धारा आँसु झरे । कुरा के थियो भने ववौं पहिले उनले जुन वालकको चित्र सवैभन्दा सुन्दर मानिसको चित्रको रूपमा तयार पारेका थिए । जसलाई उनले भविष्यमा ठूलो मानिस वन्न सक्ने मानेका थिए, जसको आकृतिले उनको कलाकेन्द्रलाई सिगारेको थियो त्यही वालक वन्दीको रूपमा आज झ्यालखानामा वसिरहेको थियो । सवैभन्दा सुन्दर आकृति नै सवैभन्दा कुरूप आकृति वन्न पुगेको थियो । जीवनको उकालो ओह्रालोको यस रहस्यमय क्रम प्रति आश्चर्यचकित वन्दै त्यस सर्वाधिक कुरूप आकृतिको चित्र खिचेर कलाकार फर्के । उनलाई जीवनका सम्बन्धमा एउटा नयाँ झलक मिलेको अनुभव भयो । नयाँ रहस्य पाएको उनले अनुभव गरे । आखिर त्यति आशलाग्दो व्यक्तित्व त्यस रूपमा किन पुग्यो ? उनी संझी संझी हैरान भैरहेका थिए ।

जीवनमा कतिखेर ओरालोको घडी आइपुग्दछ भन्न सकिन्न । उकालो लाग्न ज्यादै गाह्रो हुन्छ । किन्तु तल ओर्लन ज्यादै सजिलो हुन्छ । सजिलोभन्दा पनि ओरालो लाग्ने सिलसिला थाहै न पाइने हुन्छ । हामी अहिले चर्चा गरिरहेको वन्दीकै कुरा गरौं । आखिर त्यसको हृदयमा अपराधवृत्तिले कहाँवाट प्रवेश पायो होला । त्यसले कसरी बाटो विरायो होला । अवश्य पनि त्यसले राम्रो शिक्षा लिन सकेन । ठूलो भएपछि असल सङ्गति पाएन । मनमा गलत विचारले प्रश्रय पाउने प्रतिकूल वातावरणमा पऱ्यो । उसले विचारलाई पुष्ट पार्ने प्रेरणा कतैवाट पाउन, जगाउन सकेन ।

जीवनमा सत्संगतिको महत्त्वलाई अनादिकालदेखि अविश्रान्त रूपमा गाइएको छ । प्रत्येक धर्मग्रन्थले, प्रत्येक महापुरुषले जीवनमा सद्विचारलाई वढाउने प्रेरणा दिएका छन् । मानवका चिन्तनका धाराहरू जता लागेर वित्दछन्, उतै उसको व्यवहार लागेको हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सानो अवस्थामा उसले असल शिक्षा पाएन भने ठूलो भएर उसले असल विचारमा लाग्न पाएन, जसको जीवन खराब सङ्गतमा बित्यो त्यो कहिल्यै पनि बन्न सक्तैन । बन्नु कठिन छ, बिग्रनु सजिलो छ । मानवलाई बनाउन नै शिक्षा चाहिन्छ, संस्कार चाहिन्छ, धर्म चाहिन्छ । मानवको निर्माण सम्बन्धमा धेरै पक्षबाट सोच्नु पर्ने हुन्छ ।

जीवन निर्माणको प्रारम्भिक अवस्थामा बाबु आमाको आचरण विचार र प्रेरणा सबैभन्दा प्रभावशाली आधार बन्न पुग्दछ । बोल चाल, रहनसहनको शिक्षा सर्वप्रथम बालकले आमा बाबुबाटै प्राप्त गर्दछ । परिवारको वातावरणले बालकमाथि निर्माणको बिहानीमा नै प्रशस्त प्रभाव पारिसकेको हुन्छ । अनि बिस्तारै सामाजिक सम्पर्क र शिक्षाका अन्य माध्यमहरूबाट उसको व्यक्तित्वमा अनुकूल, प्रतिकूल प्रभावहरू पर्दै जान्छन् । जस्तो विचारमा, जस्तो संस्कारमा ऊ हुर्किन पाउँछ त्यस्तै उसको जीवन बन्दछ । परन्तु एउटा कुरा यहाँ के मननीय हुन आउँछ भने, व्यक्तित्वको निर्माणमा वातावरणको जति प्रभाव पर्दछ, त्योभन्दा धेरै गुणा प्रभाव व्यक्ति स्वयंको चिन्तन र व्यवहारको पर्दछ । बालकको व्यक्तित्वको विकासमा बाबु आमा र गुरुले दिनुपर्ने कुरा पनि यही हो । बालकको मनमा संकल्प शक्ति जगाइदिनु नै बालकको निम्ति अमर शिक्षा बन्न सक्तछ । बाल्यकालमा जसमा शुद्ध निर्माण संकल्प जागृत हुन्छ, त्यौनै भविष्यमा महान् बन्न सक्तछ । निर्माणात्मक विचार, रचनात्मक संस्कार, बन्ने प्रेरणा आफूमा जागृत गर्न सकेमा मानव जस्तो सुकै स्थितिमा पनि आफ्नो जीवन निर्माण गर्न सक्तछ । मानव सबैभन्दा ज्यादा जीवन निर्माण आफ्नै शुभ संस्कारद्वारा गर्न सक्तछ । मानवलाई बनाउन आत्मचेतनाभन्दा ठूलो आधार अर्को कुनै पनि हुँदैन । गीता भन्दछ "आफ्नो उद्धार आफैं गर, आफूलाई ओरालोतिर लग्ने कुनै काम नगर । संभिन सकेमा आफ्नो मित्र मानव आफै हुन्छ र आफ्नो शत्रु पनि मानव आफै हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"उद्धदारेत्मनात्मानं नात्मानग्रवसादयेत्
आत्मैवह्यात्मनो वन्धुरात्मैव रिपुरात्मन:"

धम्मपद भन्छ–"आफ्नो स्वामी मानव आफैं हो, अर्को कुनै स्वामी बन्न सक्तैन, आफूलाई संयम द्वारा उँभो उचाल्न सकेमा मानवले दुर्लभस्वामी आफू भित्रैबाट फेला पार्न सक्तछ।"

अत्ताहि अत्तनो नाथो नहि नाथो परो सिया
अत्तना हि सुन्दन्तेन नाथं लभति दुल्लभम्"

जीवन निर्माणको सुमधुर फल त्यसैको हात लाग्दछ जो स्वयं आत्मनिर्माणमा संलग्न रहन्छ। मानवभित्र आत्म चेतना जागृत नहुञ्जेल संसारको कुनै पनि प्रयत्नले उसलाई उठाउन सक्तैन। आत्मनिर्माणको महत्त्वतिर वल दिदैं एउटा नीति श्लोकमा भनिएको छ

"मानवले प्रत्येक दिन आफ्नो आचरण तर्फ दृष्टि दिएर सोच्ने गर्नु पर्दछ आज कति काम मबाट पशुलाई सुहाउने खालको भयो र कति चाहिं काम सत्पुरुषले गर्ने खालको भयो।–

"प्रत्यहं प्रत्यवेक्षेत नरश्चरितमात्मन:
किंनु मे पशुभिस्तुल्यं किञ्च सत्पुरुषैरिति॥

जो स्वयं आफ्ना त्रुटिहरूतर्फ सजग छैन। जसले गल्तीप्रति पछुताउ गर्न जान्दैन, जो आफूमा सद्गुणहरूको विकास गर्ने कुरामा संलग्न रहन सक्तैन त्यस्ताले आत्मोन्नतिको बाटोमा सफलता प्राप्त गर्न सक्तैन। जीवन अर्कालि बनाइदिएर होइन आफैं बन्ने प्रयत्न गरेर नै बनाउन सकिन्छ। जसलाई बन्नु छ, जो चाहन्छ म जीवनमा केही गरौं, जसको चाह छ प्रकाश बनेर बाँचौं र उज्यालो छडेर जाऔं, उसले अरूका त्रुटिहरूको चर्चाबाट अलग रहेर आफ्ना त्रुटिहरूप्रति स्वयं सजग बन्नु आवश्यक छ। स्वयं प्रति सजग रहनेले मात्र जगदीश्वरको कृपाफल प्राप्त गर्न सक्छ यसलाई हामीले बुझ्नु छ र गर्नु छ।

एउटा अंग्रेजी उखानले भन्छ "ईश्वरको मद्दत त्यसैलाई मिल्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो स्वयंलाई मद्दत पुऱ्याउँन जान्दछ, । आत्मविकास आफ्नै साधनाको सुमधुर परिपाक बनेर फल्दछ, हामी आफ्नो संपूर्ण उत्थानको संभावना आफैंमा पाउँछौं ।

केवल सास फेर्नु जीवन होइन । निरन्तर उत्थानतिर अग्रसर बन्नु नै जीवन हो । विचार र व्यवहारलाई उच्च र उच्चतर तुल्याउँदै लग्न सकेको दिन नै हाम्रो तीर्थ व्रत उपासना, सत्सङ्ग, अध्ययन, तपस्या सबै कुरा फलवान् बन्ने छ । यही जीवन हो, यही वास्तविक बाँच्नु हो । आफ्नो सुधार तर्फ सजग प्रहरी बनेको दिन हामीले हृदयैदेखि धर्मलाई अङ्गीकार गरेको दिन हुन्छ । जगदीश्वरको मन्दिरतर्फ पाइला चालेको दिन हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मनिरीक्षण : जीवनविकासको अमर सूत्र

हाम्रो धर्मले व्यक्तिलाई आत्मविकास तर्फ अघि बढ्न आवश्यक पर्ने उत्थान चेतनातिर इङ्गित गर्दै भनेको छ, जसलाई जीवनमा केही गरौं भन्ने भावना रहन्छ त्यस्ताले निरन्तर माथि उठ्नु पर्दछ, जागा हुनु पर्दछ। आत्मोन्नतिको बाटामा लागि पर्नु पर्दछ। सफलता अवश्यै मिल्नेछ भन्ने निश्चय गरेर आफ्नो अध्यवसायमा समर्पित हुनु पर्दछ। बीचमा आइपर्ने विघ्नहरूलाई लिएर कहिल्यै पनि व्यथित हुनु हुँदैन, "उत्थातव्यम जागृतव्यम योक्तव्यं भूति कर्मसु ।। भविष्यती-त्येव मनः कृत्वा सततंमव्यथैः" यो जीवन निर्माण गर्ने अभियान हो। यसको शुभारंभ उत्थानबाट हुन्छ, यहाँ आरंभमानै उठ्नु पर्दछ। उठ्नुको अर्थ के हुन्छ। मानसिक दुर्बलताहरू माथिको विजय नै उत्थानको आरम्भ हो। जसमा जति मात्रामा मानसिक दुर्बलता रहन्छ त्यो त्यति नै परमुखापेक्षी हुन्छ। आफ्नै कमजोरीले उसलाई प्रगतिको पथबाट विचलित पारिरहेको हुन्छ तै पनि ऊ अरूले गर्दा उसले केही गर्न नसकेको भनेर अरूको टीका-टिप्पणी गर्दछ। परिस्थितिलाई गाली गर्दछ। आफू भित्रको दुर्बलताले उसलाई निराशावादी बनाइ सकेको हुन्छ अनि त्यस भित्री निराशालाई छिपाउन ऊ विभिन्न शब्दावलिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो सफाइ दिएर अरूलाई दोषी ठह्‍याउने चेष्टा गर्दछ । आत्म-बलको कमीबाट पैदा हुने यस प्रकारको अविश्वास, निराशा र कुण्ठाले व्यक्तिलाई यति निरुत्साही पार्दछ कि एक दुइ व्यक्ति विशेषमा दोष राख्ने उसको दृष्टि सम्पूर्ण समाजप्रति दोष देख्न थाल्दछ । सम्पूर्ण वातावरण नै उसको सामु विरोधी बनेर खडा हुन पुग्दछ । यो कुरा निर्विवाद छ, जो भित्रबाट जति कमजोर हुन्छ, ऊ त्यति नै अरूलाई दोषी बताउँदछ । आत्मावान् व्यक्तिको सामु अर्कोको दोष देख्ने दृष्टि नै हुँदैन । ऊ त सदा आफ्नै जीवन प्रति सजग रहन्छ । आफ्नै दुर्बलताहरू संग संघर्ष गरेर उसलाई फुर्सत मिल्दैन, अरूका दोषको जिम्मा ऊ कसरी लेओस ? आफूबाट के भैरहेको छ, जीवनको कति सदुपयोग भयो, कति लोकहितमा लाग्न सकियो यस जीवनबाट सबैको जीवनमा सहयोगिता पुऱ्याउँने जगदीश्वरको कार्य कति गर्न सकियो यिनै उसका चिन्तनका मुख्य बुंदाहरू हुन्छन् । सतत उत्थान, जागरण, निर्माणात्मक कार्यप्रति संलग्नता, आत्मविश्वास, आशावादिता यिनै उसको जीवनका सार तत्त्व बन्दछन् । यही उसको परम धर्म हुन्छ ।

एकजना बटुवा बाटामा कतै गइरहेको थियो, बाटामा एउटा बस्ती पर्दथ्यो । बस्तीको बीचमा एउटा पीपलको रूख थियो । त्यसको छायामा एकजना बूढा मानिस बसिरहेका थिए । बटुवा पनि गएर एक छिन त्यो चौतारोमा विसायो । विश्रामको क्रममा उसले ती बूढा मानिसलाई सोध्यो, यस गाँउका मानिसहरू कस्ता छन र यो ठाँउ कस्तो छ ।

ती बूढाले बटुवासितै प्रतिप्रश्न गरे –"तिमी आएको ठाउँ कस्तो छ अनि त्यहाँका मानिस कस्ता छन ।" उत्तरमा बटुवा भन्छ –"अहा! त्यो गाँउका मानिसहरू त सबै बिकामे छन् । अनि त्यो गाँउका मानिस बसिसक्नै छैन । त्यसपछि बूढाले जवाफ दिए । " यस गाँउका मानिसहरू त त्यो भन्दा पनि बिकामे छन् । यो ठाँउ त अझ एक रात पनि बस्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लायक छैन ।" ऊ त्यहाँबाट हिँड्यो, । एकै छिन पछि एक जना बटुवा (अर्को) त्यही बाटो गरेर आइपुग्यो । चौतारीमा विश्राम लिएर उसले पनि बूढा मानिससँग सोध्यो । "यस बस्तीका मानिसहरू कस्ता छन् र यो ठाउँ कस्तो छ ।" बूढाले पहिलेकै क्रमले बटुवासितै सोधे "तिमी आएको ठाउँ मानिस कस्ता छन् अनि त्यो ठाँउँ कस्तो छ" बटूवाले जवाफ दियो –"अहो! हाम्रो गाउँका मानिसहरू त साह्रै सज्जन छन् र हामी बसेको ठाँउ स्वर्ग समान छ ।" त्यस पछि बूढाले उत्तर दिए "यो गाँउका मानिस त अझ देउतै जस्ता छन्, यो ठाँउ त झन बसिरहुँ जस्तो छ" ।

बटुवा अघि बढ्यो, बूढा मानिसले दुइजना बटुवाको भिन्नै दृष्टिकोण अनुसार एउटै बस्तीलाई पनि भिन्नै रूपमा वर्णन गरिदिए । विश्वलाई हामी जुन भावले हेर्दछौं त्यही रूप यसको देखिन्छ । दोषात्मक दृष्टिले हेरौं त यसमा आलोचना गरेर कहिल्यै नसकिने अवगुणहरू पनि फेला पर्न सक्लान् । गुणात्मक दृष्टिले हेरौं त जतातितै उत्तम विचार, माङ्गलिक कार्य र यस्तै वर्णनातीत सुन्दरताहरू यहाँ देखिने छन् ।

अर्काको दोष देख्ने बानी मानसिक दुर्वलताको चिह्न हो । यसमाथि विजय पाउनु जीवन साधकको लागि आवश्यक छ। जति मात्रामा गुणात्मक सोचाई लिएर जगतमा बाँचनछौं त्यति नै मात्रामा सफलता हामीलाई प्राप्त हुन्छ । त्यसैले उच्च कोटिको सफलता पाउँन मानवको निमित्त भाव संमृद्धिको आवश्यकता पर्दछ । गीताको भाषामा भावसंशुद्धिलाई मानस मपस्याभित्र लिइएको छ । हाम्रो भावनात्मक धरातल जतिमाथि हुन्छ त्यति नै हाम्रो सफलताको मात्रा उच्च हुन्छ । त्यसैले अरूका दुर्गुणहरूतिरै दृष्टि दिईरहने निषेधात्मक र निराशावादी प्रवृत्तिको ठाउँमा आफूलाई गुणात्मक रूपले माथि उठाउने प्रवृत्ति जगाउँनु हाम्रो निमित्त अत्यन्त हितकर हुन्छ ।

स्वामी विवेकानन्दको उक्ति यस प्रसङ्गमा प्रासङ्गिक देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरूको आलोचना नगरी आपनो भन्नु पर्ने कुरा भन र गर्नु पर्ने काम गर" अनि चूप लाग बाँकी परमात्ममा जान्नु हुन्छ। उहाकै भरमा छोडि-देऊ।" Do not criticije others. Give yuor message. Teach them what you have to teach. Then stop. The lord knows the rest.

हामी वास्तविकतातर्फ दृष्टि दिउँ, जीवनमा सफल त्यही हुन्छ जो सधँ अरूलाई उत्साह दिन्छ र सहारा दिन्छ, सम्मान दिन्छ। अरूलाई श्रेय दिन सक्नेले नै श्रेयोभागी बन्ने सौभाग्य पाउँछ। यो कुरा निश्चित हो, अरूलाई सम्मान र उत्साह दिने बानी हृदयको विशालताको द्योतक हुन्छ। मानसिक विकृतिहरूबाट माथि उठ्न थालेपछि नै हामी अरूलाई सेवा, सहयोग र सम्मान दिन जान्ने हुन्छौं। वास्तवमा हामी आफूभित्र मधुरता भरेर अरूलाई पनि मधुर बन्ने अवसर दिइरहेका हुन्छौं। स्वभावमा गुणात्मक माधुर्य आएको दिन संसार नै हाम्रो मित्र बनिरहेको हुन्छ र स्वभावगत कुटुताले अत्यन्त निकटका स्नेहभाजनलाई पनि पर पुऱ्याइदिन्छ। हाम्रो बन्धुत्वको सिर्जना हामीभित्रैबाट हुन्छ र शत्रुत्वको सूत्रपात पनि हामी भित्रैबाट हुन्छ। त्यसैले बाहिरको संम्पूर्ण उज्ज्वलता र अन्धकार हाम्रो अन्तरजगत्‌बाट प्रेरित हुन्छ।

महात्मा कबीरले एक ठाँउमा भनेका छन्, "म जुन दिन खराब मानिस खोज्न निस्के बुझ्दै जाँदा म जत्तिको खराब अरू कोही रहेनछ"।

हामी जस्ता बन्दछौं आफ्नै भावनाअनुसार बन्दछौं। हाम्रो आफ्नो भावनात्मक स्थिति र दृष्टिकोण जति निर्णायक आधार हाम्रो जीवन निर्माणमा अरूथोक हुन सक्तैन। त्यसैले गीता भन्दछ, "साधक! आफ्नो उद्धार आफैं गर, आफूलाई हीन अवस्थामा पुग्न नदेउ।" आफ्नो बन्धु र शत्रु दुवै तिमी आफैं होऊ।

"उद्धरेदात्मनात्मानमात्मानंभवसादयेत्
आत्मैवहयवत्मनो बन्धुरात्मैत रिपुरात्मनः"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी आत्मनिरीक्षण गर्ने गरौं ।

आत्मविकासको अमर सूत्र हामीलाई त्यहींबाट फेला पर्नेछ। दृष्टिसम्पन्न व्यक्तिको लागि मानसिक दुर्वलता, नैराश्य, कुण्ठा आदिको समस्या कहिल्यै पर्दैन। जसको भाव बदलियो, उसको जगत बदलिन्छ।" भावोहि भव कारणम्" भन्ने भागवतको उद्घोषले पनि हामीलाई यतैतिर इशारा गर्दछ।

व्यक्तिनिर्माण हिन्दू धर्मको सर्वस्व हो। समाज निर्माणको सम्पूर्ण संभावना व्यक्ति निर्माणबाट नै पूरा हुन्छ। र व्यक्ति निर्माणको मूल आधार भावनात्मक उच्चता नै हो भनेर हिन्दू धर्मले अनादिकालदेखि बल दिँदै आएको छ। आज आवश्यकता छ हामी जीवन निर्माणको निम्ति हाम्रो महान् धर्मले गरेको आह्वानलाई स्वीकारेर हामी आशावादितासाथ भावनात्मक समुत्थान ल्याऔं। आत्मनिरीक्षणलाई जीवनवृत बनाउन सकेमा नै सफलताको सोपानमा पाइला राखेको ठहर्नेछ। जीवनमा सुधार ल्याउन सकेको दिन हामी जगदीश्वरको मन्दिरतिर वास्तवमा पाइला चालिरहेका हुनेछौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनको सरसता

एक पटक दुइजना मानिस भगवान् बुद्धको सामु आए। ती परस्पर विवाद गर्दै थिए। एउटाले अर्को प्रति कटाक्ष गर्दै भगवानबुद्धलाई नै साक्षी तुल्याएर भन्यो- "भगवान् ! यो मानिस कुकुर झैं दिनभरि यहाँ र उहाँ गरेर घुमिरहन्छ। त्यसैले मरेपछि यो अर्को जन्ममा कुकुर नै हुन्छ होइन त ?"

अर्कले पनि त्यसै गरी कटाक्ष गर्दै भन्यो-, "भगवान् ! यो मानिस सारा दिन ढाडेले जस्तै ठुल्ठुला आँखा पारेर हेर्दछ, त्यसैले मरेपछि यो ढाडे नै हुन्छ हैन त ?"

भगवान् बुद्धले प्रसन्न- गंभीर मुद्रामा दुवैलाई लक्ष्य गरेर भन्नु-भयो-"हेर भाइ ! यो कुरा वास्तवमा साँचो हो मानिस जस्तो जस्तो संस्कार लिएर मर्दछ, अर्को जन्ममा त्यस्तै रूप लिएर जन्मन्छ । यहाँ अर्जित गरेका संस्कारहरू नै आउँदो जन्ममा अनुरूप फल दिने हुन्छन्, यो सत्य हो तर यो कुरा पनि यहाँ संझिनै पर्ने छ तिमी अर्कालाई कुकुर सँझिदा रहेछौं त्यसैले हुन सक्छ अर्को जन्ममा तिमी कुकुर नै हुन्छौ कि ! र तिमी पनि अरूलाई बिरालो मानेर तिरस्कार गर्दा रहेछौ त्यसैले हुन सक्छ तिमी चाहिं अर्को जन्ममा बिरालै भएर जन्मने हौ कि!"

ती दुवै निरुत्तर भए। भगवान् बुद्धको सामु अरू क्यै कुरा बोल्ने तिनीहरूले साहस गर्न सकेनन् । अभिभूत मनले शिर झुकाएर तिनीहरू त्यहाँबाट हिंडे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रसङ्गले एउटा अविस्मरणीय कुराको प्रेरणा जगाउँछ। यस प्रसङ्गले अर्काको दोष देख्ने र आफ्नो चाहिं सबैभन्दा श्रेष्ठता मान्ने एकोहोरो दृष्टिको ठाउँमा अर्काका गुण देख्ने र आफ्नो चाहिं त्रुटि पत्तो लगाउने शिक्षा दिन्छ । हामी जता नजर दौडाऔं पारिवारिक अथवा सामाजिक जीवनमा जहाँ पनि कलह छ, अशान्ति छ, पारस्परिक मनमुटाउ छ, त्यहाँ पछाडिबाट यही त्रुटिपूर्ण दृष्टिकोणले काम गरिरहेको हुन्छ । अरूलाई तुच्छ संझिने दृष्टि स्वयंमा एउटा कम्जोरी हो । मानिस यसै कमजोरीको अधीनमा परेर आफ्नो लोकप्रियता अपनो सरस व्यक्तित्व आत्मविकास सबैबाट वञ्चित हुन्छ। अर्काको त्रुटिहरूप्रति कमजोरीहरूप्रति दोषहरू प्रति मात्र दृष्टि केन्द्रित रहने प्रवृत्ति मानवको हीनतापूर्ण मनःस्थितिमा फल्ने फुल्ने एक प्रकारको मानसिक विकृति हो । यस विकृतिले मानिसलाई जीवन-साधनाको सुन्दर उत्थान क्रमबाट तल झारिदिन्छ। अरूलाई दोषमात्र दिने बानी भएको मानिस व्यक्तिगत रूपले जति ठुलो होस्, सम्प होस् वा बलवान् होस् सामाजिक दृष्टिले त्यसको मूल्य ज्यादै कम हुन्छ किनभने त्यस्तो मानिस मिलेर काम गर्न बसको हुन्छ। कुनै असल कामको थालनी गर्दा अरूसंग पनि परामर्श गर्दा अरूका पनि विचारको कदर गर्दा जुन एउटा सहयोगको वातावरण बन्न जान्छ त्यसलाई अरूका दोष देख्ने प्रवृत्तिले संभव हुन दिंदैन। त्यसैले यस्तालाई आफैंले सृष्टि गरेको एक्लोपनले भित्रै भित्रै शान्तिही तुल्याएर उसलाई आफंप्रति नीरसताको अनुभव गर्न विवश तुल्याउँछ । अरूप्रतिको सम्मानको भावनाले नै जीवनमा सरसता आउँछ कार्यगर्ने क्षमतामा वृद्धि हुन्छ, सहयोगको क्षेत्र विस्तृत हुन्छ। यही आत्मविस्तारको बाटो हो, जीवन-विकासको उपाय हो। सत्यधर्मको बाटो हो । प्रकृतिले यस विषयमा एउटा ज्यादै ठुलो सङ्केत दिंदै आएको हामी पाउँछौं । परमात्माले हाम्रा हातका औंला यसरी बताइदिएका छन् कि जब हामी अरूप्रति चोर औंलो उठाइरहेका हुन्छौं, त्यसबेला बाँकी तीन औंलाले हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैंतिर इशारा गरिरहेका हुन्छन् । हामी प्रयोग गरेर हेरौं, त्यसबेला चोर औंला र बुढी औंला मात्र वाहिर फर्केका हुन्छन् । अरू तीन औंलाले आफैंतिर फर्केर भनिरहेका हुन्छन् "मानव, तँ अरूप्रति इशारा गर्नु भन्दा पहिले आफैंप्रति सजग वन । आफ्नै चेतनालाई परिष्कृत पार । तीनै औंलाले मिलेर दिएको यो मूक सन्देशलाई बुझेर काम गर्ने हो भने हामी पारिवारिक अथवा सामाजिक जीवनका तनाउपूर्ण स्थितिहरूमाथि विजय प्राप्त गर्न सफल बन्नेछौं । हाम्रो पारिवारिक अथवा सामाजिक जीवन एउटा शान्ति सरता र पारिवारिक सद्भावका फूल उम्रिने सुन्दर फुलवारी बन्न सक्नेछ ।

हामी हाम्रो धर्मले जहाँ जहाँ अहिंसाको भावना माथि बल दिएको पाउँछौं त्यहाँ एकैछिन गंभीर वनेर विचार गर्ने गरौं हामीलाई अशिक्षाको अमृतमय शिक्षा हाम्रो धर्मले किन दिएको रहेछ भन्ने स्पष्ट हुनेछ । वास्तवमा हिंसाको सूक्ष्म र व्यापक खेल परदोष दर्शन पनि पर्छ । अरूप्रतिको पूर्वाग्रहपूर्ण घृणाले हामी हिंसा नै गरि रहेका हुन्छौं । कसैलाई शारीरिक यातनादिनु कसैको ज्यान लिनुजस्ता हिंसा आन्तरिक घृणारूप मूल हिंसाका नै स्थूल अभिव्यक्ति हुन् । यस्ता स्थूल हिंसावाट वच्नु मानवमात्रको परम कर्तव्य हो भने परनिन्दारूप सूक्ष्महिंसावाट बच्नु प्रत्येक आत्म विकासवृतीको मुख्यतम लक्ष्य हो रहुनु पर्दछ ।

जसले हामीलाई शान्ति समझदारी परमर्मज्ञतातिर लाग्दछ त्यही हाम्रो यथार्थ धर्म, हो हाम्रो आध्यात्मिक आस्थाको ध्येय हो । हामी सक्तछौं चाहेअनुसारको परिवार बनाउन, हामी सक्तछौं सोचेअनुसारको समाज निमार्ण गर्न सक्तछौं, तर सबैंभन्दा महत्त्वपूर्ण कुरा हो मानवको स्वभाव-निर्माण जीवन विकासमा प्राथमिक अभावपूर्तिको जति महत्त्व छ त्यति नै स्वभाव निमार्णको अनिवार्य हुन्छ । मानवलाई जीविकामात्र चाहिन्न जीवन पनि चाहिन्छ, अभाव निवारणमात्र होइन स्वभाव निमार्ण पनि चाहिन्छ । पारिवारिक जीवनमा आज कुनै शङ्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्देह वा संशयको वातावरण रहेछ नै भने पनि हामी भोलि त्यसलाई विश्वासपूर्ण वातावरणमा बदल्न सक्छौं। यसको लागि आफ्नै निर्माण-चेतना जागरित पार्नु आवश्यक हुन्छ। एउटा महापुरुष भन्दछन्, जब म खराब मानिसको खोजी गर्न लागें, बुझ्दै ल्याउँदा त म आफैंभन्दा खराब कोही रहेनछ। "हामी अहिंसाको भावात्मक रूपलाई बुझौं हाम्रो आँलाको ईश्वरीय संकेत संझौ, हामी सफलताको बाटामा हुनेछौं। आफ्नै चेतनाको फल पाएर हामी अगि बढनेछौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मकल्याणको निर्विकल्प उपाय

"जीवन कसोगरे आत्मकल्याण सम्पन्न बन्छ।" यस विषयलाई लिएर एकजना आचार्य आपना शिष्यहरूलाई संझाइ रहेका थिए। शिष्यहरू नजा उत्कण्ठा लिएर जीवनलाई फलदायी बनाउने उपाय सुनिरहेका थिए। केही बेर चर्चा गरिसकेपछि आचार्यलाई घाँटी सुक्तै आएका अनुभव भयो। उनले पानी खाने इच्छा प्रकट गरे। त्यतिकैमा शिष्यमण्डलबाट एउटा युवक उठेर पानी लिन गएको देखियो। युवकका मुखाकृति देख्ता उनी सम्पन्न घरका हुन् भन्ने स्पष्ट भान हुन्थ्यो। एकै छिनपछि युवक अत्यन्त प्रफुल्ल मुद्रामा पानी लिएर आइपुगे। उनले आचार्यलाई पानीका गिलास टक्र्याउँन लाग्दा उनको त्यो असाधारण प्रसन्नताबारे आचार्यले सोधे।

युवकले भने, "हाम्रो परिवारमा कसैले कसैको निम्ति केही गर्नु पर्दैनथ्यो। सबै कुरा नोकर चाकरहरूबाटै हुन्थ्यो। मेरा यी हातले पनि कहिल्यै कसैको निम्ति केही गरेका थिएनन्। तर आज..."

शिष्यहरूमा सेवाभावनाको महत्त्व जगाउने इच्छाले केही बनाक्टी खिन्नता प्रकट गर्दै आचार्यले भने, "त्यसो भए यो पानी म खान चाह्न्न, जसबाट कहिल्यै सेवाकार्य हुँदैन जसले अरूको कष्टमा अलिकत्ति पनि मद्दत पुऱ्याउने काम गर्दैनन्, मानवका ती हात अपवित्र हुन्।" युवक एकैछिन अवाक् भए। शिष्य मण्डलमा एक तमासको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तब्धता छायो । केही बेरपछि आफ्नो सेवा भाव रहित बितेको जीवन प्रति खेद प्रकट गर्दै अश्रुपूर्ण नेत्रले युवकले भने, "आचार्य ! कसैको निम्ति एक गिलास पानी सम्म ल्याई दिन पाउँदा जुन आनन्द हुँदो रहेछ त्यो आज मैले बुझ्न पाएँ । सेवाको यस सुखलाई बुझ्न पाएको भए म कहिल्यै त्यस्तो सुअवसरबाट वञ्चित रहने थिइन । आज म यहाँबाट जीवनमा सदा अरूको सेवामा केही न केही जुटाउँदै बाँच्ने आशीष चाहन्छु यतिञ्जेलको मेरो परसेवा शून्य नीरस जीवनप्रति मलाई पछुतो छ । क्षमा गरिदिनु होस् र कृपया यो पानी स्वीकार गरिदिएर पावनता-तिर बढ्ने सौभाग्य दिनुहोस् ।"

युवकको यस निश्छल हृदयको आवाज सुनेपछि आचार्यले पानी लिंदै सान्त्वनाको स्वरमा भने "तिमीले सेवा भाव विनाको जीवन प्रति पछुतो गर्‍यौ, त्यसैले तिम्रो सर्वोत्तम प्रायश्चित्त भयो । तिमी पवित्र भयौ । जहाँ सेवाभाव छ त्यहाँ पवित्रता रहन्छ, अमृत रहन्छ । त्यहीं जगदी-श्वर प्रसन्न रहन्छन् । र त्यहीं मानव आत्माले आफ्नो युग युगको लक्ष्य बनेको आनन्द तत्त्वको अनुभूति गर्ने सौभाग्य पाउँछ । यस सत्यलाई सदा ध्यानमा राख । सेवाभाव मानवको सर्वस्व हो ।

आचार्य सेवाभावको महत्त्व बताउँदै गै रहेका थिए, ती भावुक हृदयी युवक आँखाबाट छचल्किने आँसुका एक एक थोपाद्वारा आफ्नो अन्तर्मन धोइरहेका थिए ।

सेवाभावको उज्ज्वल आदर्श लिएर भोगजगत्‌बाट उठेर भगवत् सत्तामा साधकहरूको महत्त्व दर्शाउँदै गीता भन्छ, 'जो तत्त्वदर्शी छन्, जो सबै पापबाट मुक्त छन् जसको निमित्त आफ्नो, पराईको भेदबुद्धि हटिसकेको छ, जसको जीवन सधैं सबै प्राणीहरूको हितमा संलग्न हुन्छ ती आत्मसाधकहरूले ब्रह्मनिर्वाणको पद प्राप्त गर्दछन् ।'

"लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः
छिन्न द्वैधायतात्मानः सर्वभूत हिते रक्षाः"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारमा मानवलाई ईश्वरीय रचनाको सबैभन्दा मधुरतम अनुभूति गराउने कुनै आधार या उपाय छ भने त्यो हो सेवाभाव। मानव जस्तो सुकै नीरस वातावरणमा पुगोस्, जस्तो सुकै अपरिचित ठाउँमा रहोस् सेवाभावद्वारा सरसताको नयाँ सृष्टि खडा गर्न सक्तछ। संसारमा यो मानिस भाग्यशाली हुँदैन जससित प्रशस्त धन छ, त्यो चाहिं मानिस सबैमा भाग्यशाली हुन्छ जसको हृदयमा अरूको निम्ति केही उत्सर्ग गर्ने, सेवाकार्यद्वारा कसैको हृदय जित्ने उच्च भावना रहन्छ। सेवाभावना वास्तवमा जीवनको उच्चतम कला हो। जसले जगत्‌देखि जगदीश्वरलाई द्रवित तुल्याउँदछ। अरूलाई उठाउने, अरूको मद्दत गर्ने प्रति स्वयं जगदीश्वरको सहानुभूति र कृपा वर्षन्छ। प्रत्येक महामानवको जीवन-भित्र अरूलाई उठाउने यही पावनतम सेवाभाव पाइन्छ। मानवको महत्ता लाई चम्काइदिने सेवाभावनाको कला जसलाई प्राप्त छ, संसारको धनी मानव यसैलाई भन्नु पर्दछ। त्यो धन धन नै रहन्न जसले मानव-लाई स्वयंमा कुण्ठित तुल्याउँदछ। यो चाहिं धन वास्तविक धन हुन्छ, जसले मानव आत्मालाई अरूसम्म फिंजाइदिन्छ।

ईश्वरलाई चिन्ने उपायको खोजीमा हिंडेका एक जना जिज्ञासु-लाई गम्भीर चिन्तनमा डुबेको वेला ईश्वरीय वाणीले ब्यूँझाउँदै भनेको थियो। "सेवाद्वारा जगत् रिझाए ईश्वरलाई चिनौंला पुछ्तै जाऊ सबका आँसु जीवन बन्छ सुनौलो।"

प्रत्येक व्यक्तिको जीवन यस्तो सुनौलो आत्मकल्याणका अनन्त संभावनाहरूले भरिएको हुन्छ। मानवले फर्केर हेर्न जानोस् त अनन्त सुखका द्वारहरू उसको आगमनको प्रतीक्षा गरेर बसेका देखिनेछन्। आनन्दको असीम सत्ता मानवको आत्मसत्ता भित्रै छिपेको हुन्छ। मानवले जीवनमा सुनौला पल ल्याउन सक्तछ। तर यसको लागि हृदयमा सेवा भावनाको अजस्र स्रोत बहनु आवश्यक छ। आर्यवाङ्मयका असंख्य पृष्ठ हरू यस प्रकारका जीवनका असंख्य प्रेरणा दायीउदाहरणले भरिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छन् । सुखको अक्षय स्रोत सेवाभावनाको आनन्द लिइसकेका असंख्य ईश्वरभक्तहरूका उज्वल आकांक्षाहरू त्यहाँ पढ्न पाइन्छन् ।

स्वयं जगदीश्वर प्रकट भएर स्वर्ग मोक्ष, र संसारकै एकाधिपत्य दिन लाग्दा पनि आफ्नो लागि मात्र प्राप्त हुने ती सबै सुखहरू भन्दा अरूको निम्ति, जीवन लगाउनुमा नै बढी सुख देखेर उनीहरूले, गरेको हृदयहारी प्रार्थना त्यहाँ पढ्न पाइन्छ । "नत्वहं कामये राज्य न स्वर्ग ना पुनर्भव ! । कामये दुःखतप्तानां प्राणीनामार्तिनाशनम्" सेवा भावनाको प्रेरणादायी रहर लाग्ने ती महामनाहरूको जीवन दर्शनले हामीलाई जीवनको वास्तविक आनन्द लिन सिकाउँदछन् । यो उदात्त आकांक्षा, यो कल्याणकारी रहर आत्मकल्याण केमा छ, भन्ने कुरा आनुभविक आधारमा ठम्याइसकेका महामनाहरूको हृदयबाट प्रकट भएको हो । आज पनि विश्वमा जहाँ जहाँ मानव आत्मा मुस्कुराएको देखिन्छ, जहाँ जहाँ मानवजीनवन सुखी देखिन्छ, त्यहाँ त्यहाँ सेवा भावनाको नै प्रत्यक्ष हात फेला पर्दछ व्यक्तिगत रूपले होस् । अथवा सामाजिक रूपले, मानचको संपूर्ण प्रसन्नता सेवा भावनाको बलले टिकेको छ र टिक्नेछ । पर कल्याण अथवा लोक कल्याण वास्तवमा आत्मकल्याणकै पर्याय हो । यो बुझ्न सक्नुमा नै मानवको निम्ति कल्याणभागी बन्ने सम्पूर्ण संभावना रहन्छ ।

त आऔं जीवनचिन्तनको प्रत्येक स्वर्गीय क्षणमा हामी पनि जीवनमा सेवा भावनाको विकास गरेर युगयुगका लागि आत्मकल्याणका भागी बन्ने शक्ति एवं सौभाग्यको लागि प्रभुलाई गुहारौं ।

'नत्वहं कामये राज्यं न स्वर्ग ना पुनर्भवम्:
कामये दुःखतप्तानां प्राणीनामार्ति नाशनम्"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो सहगामी जीवन

उपनिषद्ले आत्मानुभूतिको उच्चतम स्वरूपतिर इङ्गित ग भनेको छ, जहाँ साधकको निमित्त समस्त विश्वजीवन नै आत्मसत्ताभि देखिन्छ। जहाँ विवेक सम्पन्न वनेर साधकले समस्त जीवन जगत्भि एकात्मकता देख्दछ त्यस स्थितिमा उसलाई के को शोक र के मोह ?

यास्मिन् सर्वाणि भूतान्यात्मैवा भूद्विजानतः
तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः "

हामी जीवनमा जे जति दुःख र क्लेश भोग्दछौं, जे जति भोक मोहमा पार्दछौं, त्यसको पछाडि कारणको रूपमा भेद दृष्टि नै रहे हुन्छ। हामी एउटै शास्वत जीवन सूत्रमा आबद्ध हुन्छौं। हाम्र आकृतिमा फरक हुन सक्छ, हाम्रो कामगर्ने तरिका भिन्न हुन सक्छ परन्तु हामीहरूको हृदयमा स्पन्दित हुने मूल चेतना, आत्मसत्ता एउ हुन्छ। हामी भूल त्यहीं गरिरहेका हुन्छौं, जहाँ आफूलाई आफूमै सिमि देख्तछौं। हामीले मार्ग त्यहीं बिराइरहेका हुन्छौं, जहाँ अरूको दुःख आफ्नो दुःखमा अरूको सुख र आफ्नो सुखमा फरक देख्तछौं। हाम शोच्दछौं, अरू चाहे जे होस् आफूचाहिं सुखी हुनु पर्दछ, अरू चा वँलाइ रहून् तर आफूचाहिं मौलाउनै पर्छ। हामी बिर्सन्छौं परस्पर सु दुःखमा समरस भएर नै बातस्वमा आफू सुखी हुने लक्ष्य पूरा हुन सक्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरूलाई मौलाउन अवसर दिएर नै हामी मौलाउन सक्छौं । हामी प्रायः शोचिरहेका हुन्छौं, हामी जसप्रति जस्तो व्यवहार गरों त्यसको परिणाम उसैलाई मात्र मिल्दछ । हामी त्यसको परिणामबाट अलग्ग हुन सक्छौं । यही भ्रान्त धारणाले गर्दा हामी अरूलाई तल पारेर पनि आफू माथि उठ्न चाहन्छौं । अरूलाई तल पार्ने कामले आफैंलाई होच्याइ रहेको हामीलाई अनुभव हुँदैन । आखिर जसलाई होच्याउन चाहन्छौं, त्यसमा पनि हामी आफैं हुन्छौं, हामी आफैं होच्याइने हुन्छौं । होच्याइने हामीमा हुन्छ । आत्मजगत्मा सबैको अस्तित्व साझा हुन्छ, त्यसैले अरूको उपकारको अर्थ हुन्छ आफ्नै उपकार । अरूको सेवा हुन्छ, आफ्नै सेवा ।

चाहे हाम्रो सोचाइ होस्, चाहे व्यवहार । त्यसले अरूप्रति लक्ष्य गर्दछ, त्यस्तै परिणाम हामी सम्म आइपुग्दछ । अरूप्रतिको हाम्रो व्यवहारले त्यही फल हामीमा ल्याइपुऱ्याउँछ, जुन परिणाम हामी त्यस द्वारा अरूमा पुऱ्याउँदछौं । हाम्रो चिन्तनले अरूप्रति जस्तो भाव राख्तछ त्यस भावको प्रत्युत्तर हामीमा अवश्य आइपुग्दछ । विश्व एउटा ठूलो पर्वत गुफा हो जहाँ जस्तो जस्तो ध्वनि गऱ्यो त्यस्तै प्रतिध्वनि सुन्न पाइन्छ ।

एउटी बूढी आमै पिठयूंमा ठूलो भारी बोकेर कतै जाँदै थिइन् बीचबाटामा पुगेपछि भारीको बोझिलोपनले उनका गोडा गलेर आए । उनी विचार गर्न लागिन् अब यो भारी कसले मद्दत गरी पुऱ्याइदेला । संयोगवश एउटा घोडचरी त्यही बाटो गरी कँही जान लागिरहेको थियो । छेउमा आइपुगेपछि बूढी आमैले अलिपर सम्म भारी पुऱ्याइ-दिन आग्रह गरिन् । घोडचरीले अस्वीकार गर्दै भन्यो "म हतारमा छु ढिलो हुन्छ । त्यसैले म मद्दत गर्न असमर्थ छु माफ गर्नुहोला ।"

आरम्भमा बूढीआमैको आग्रह जस्तो सरल र सहज थियो, त्यस्तै निश्छला घोडचरीको जवाफ थियो । अलिपर पुगेपछि घोडचरी-को मनमा पापले प्रवेश गऱ्यो । उसले विचार गऱ्यो एकलास ठाउँ थियो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो पोको, पत्यौरो बोकेर म विपत्ता भै दिएको भए, बूढीआमैले के गर्न सक्थिन् । म त वडा बेहोसी रहेँछु । जाउँ अझ एकपटक कोशिश गरिहेरूँ । घोडचरी फर्केर बूढी आमै भएठाउँमा आइपुग्दा नपुग्दा बूढी आमैले सोचिसकेकी थिइन् म पनि कस्ती बेहोसी रहेछु । चिन्नु न जान्नु एकलास ठाँउमा घोडचरीलाई आफ्नो भएको जेथो सुम्पिदा कथंकथं लिएर सुइँकुवचा ठोकिदिएको भए मैले गर्ने कुरा के थियो ?

घोडचरीले सामु आएर भन्यो "बूढी आमै ! अघि त मेरो मन कता पुगेको रहेछ, त्यसै अस्वीकार गरेछु, ऐले संझे र तपाईंलाई मद्दत गर्न आएको । पोको दिनु भए हुन्छ," बूढी आमैले भनिन् "बाबु! धन्यवाद छ, तिमीलाई जसले सम्झायो त्यसले मलाई पनि अघिनै संझाई सकेको छ । जाउ पर्दैन । म आफै जसरी हुन्छ यो भारी पुर्‍याउँला ।" बूढी आमैको जवाफ पाएर घोडचरी पछुतो मान्दै, लाजवाफ भै फर्क्यो ।

हामी संसारमा त्यही पाउँछौं जो हामी अरूप्रति दिन्छौं, हामी प्रत्येक दुःख र पीडाले अरूप्रतिको व्यवहारको नै कुनै न कुनै पूर्वकथा बोकेको हुन्छ । हामीलाई थाहा भएको होस् या नहोस् हाम्रो प्रत्येक भोक्तव्यले हाम्रो पूर्व व्यवहारलाई आफूभित्र कारणको रूपमा संगेटेको हुन्छ । हाम्रा प्रत्येक आनन्द र उल्लासले कारणको रूपमा कुनै न कुनै भद्रतामूलक परहितको पूर्वप्रसङ्गलाई आफूसँग संवद्ध गरिरहेको हुन्छ । वास्तवमा परोपकार अथवा परसेवा शव्द पारमार्थिक पथमा प्रवृत्त हुन् चाहने सिकारू बालकको लागि प्रयोग गरिने शव्द मात्र हुन् । संसारमा परोपकार शव्दले आपाततः अर्काको उपकार भन्ने अर्थ बुझाएता पनि परमार्थका मर्मज्ञहरूको निमित्त परद्वारा गरिने आफ्नो उपकार नै बुझाइ- रहेको हुन्छ , यस शव्दले ।

वास्तवमा परोपकार होइन आत्मोपकार नै गरिरहेको हुन्छ साधकले, अरूको उपकारमा संलग्न रहेर परहित होइन आत्महित नै साधिरहेको हुन्छ । परसेवा द्वारा आफ्नो कल्याणकारिता प्रकट गर्ने साधक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले । विश्वले जसलाई महामानव मानको छ,' यिनीहरू मध्ये कसैको पनि जीवन उठाएर हेरौं । उनीहरूले जगत्लाई आत्मीयता दिएर नै आफूलाई उठाएका छन् । आफैं संपन्न र सुखी बन्ने भावनाले होइन, अरूलाई सुख र संपन्न गर्ने काममा समर्पित भएर नै आफ्नो धरातल उनीहरूले उठाएका छन् । जगत्को उपकारद्वारा उनीहरूको आफ्नै महान् उपकार भैरहेको छ । जीवन सफल भएको छ, आत्माले महत्ता पाएको छ । उनीहरू विश्ववन्द्य बन्न पुगेका छन् । मूल कुरा हो हामीले जीवन-पथको सफल अभियन्ता बन्न हाम्रो सहगामी जीवन सत्तालाई हृदयदेखि चिन्नु छ । अरूको सुख साधनामा जुट्नु र आफ्नो सुख संपादन गर्नु भिन्न होइन । पर्याय हो । यो जुन दिन बुझ्दछौं त्यसै दिन, हामीले जीवनको गरिमालाई चिन्न र यसको मधुरतम उपलब्धि हासिल गर्न सक्ने छौं ।

यसै सत्यतिर इङ्गित गर्दै प्रभु श्रीकृष्णले भन्नुभएको छ जसले मलाई नै सब ठाँउमा देख्तछ र जो सबैलाई मैमा देख्तछ त्यसको निम्ति म टाढा छैन । र त्यो मेरो निम्ति टाढा छैन ।

"यो मां पश्यति सर्वत्र सर्वञ्चमयि पश्यति
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति

अनि जहाँ स्वयं जगदीश्वर नगीचमा हुनुहुन्छ, साक्षात् सच्चिदानन्द-को सान्निध्य छ, त्यहाँ सुख त स्वाभाविक रूपले रहन्छन् । सुख प्राप्तिको मूल कारणतिर इशारा गर्दै भगवान् श्रीकृष्णले दिनुभएको यो अमर सन्देश कति मननीय छ ! जीवन जगत्को सहगामितातिर संकेत गर्दै भगवान् भन्नुहुन्छ "जो सबैतिर सबैप्रति आफ्नै कल्पना गरेर अरूको सुख दुःखमा आफ्नै अनुभूति समान गर्दछ त्यही वास्तवमा बुद्धिमान् हो, योगयुक्त हो र यथार्थमा सुखी भन्न मिल्ने मानिस पनि त्यै हो ।

"आत्मौपम्येन सर्वत्र समं दश्यति योऽर्जुन
सुखंवा यदि वा दुःखं स योगी परमोमतः"

— भगवद्गीता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवाव्रत

भक्तराज हनुमान् माता जानकीको खोजीका निमित्त समुद्र पार गरेर जान लागिरहेका छन् । युगौंदेखि समुद्रभित्र छिपेर बसेका गिरिवर मैनाक भक्तवर हनुमान्को शुभागमनले अत्यन्त प्रसन्न हुँदै आफ्नो तर्फबाट हनुमान्को स्वागत गर्न रहर गर्दछन् । छवै ऋतुका विभिन्न फलफूलहरू र अन्य उपभोग्य सामग्रीहरू लिएर प्रकट हुन्छन् र हनुमान्सित अनुरोध गर्दछन् :–

केहीबेर विश्राम गरेर यस याचकलाई कृतकृत्य तुल्याइदिनुभए हुन्थ्यो । भक्तराज हनुमान् यस सद्भावका निमित्त आफ्नो हार्दिक कृतज्ञता ज्ञापन गर्दै जवाब दिन्छन् " प्रभु श्री रामको सेवाकार्य नगरी मलाई विश्राम कहाँ ? "रामकाज कीन्हें विनु मोह कहाँ विश्राम ।"

प्रभुकार्य सम्पन्न नगरी मलाई विश्राम कहाँ ? कति मधुर र कति महान् छ यो अभिव्यक्ति ! प्रत्येक जीवनसाधकको निम्ति यो वाक्य हृदयङ्गम गर्न लायक छ । हामी यस विश्वमा जगदीश्वरको यस मनोहर मन्दिरमा धेरै उम्मीदहरू लिएर आएका हुन्छौं । हाम्रो आत्माले हरघडी असत्बाट सत्तिर, अन्धकारबाट प्रकाशतिर र मृत्युबाट अमरत्वतिर जाने तीव्र आकांक्षा प्रकट गरिरहेको हुन्छ । मतलब परमात्मानिर जान छट्पटाइरहेको हुन्छ, हाम्रो अन्तरात्मा । यसको परिचय दिने चेष्टाहरू प्राणीजगत्को प्रत्येक स्पन्दनमा देख्न पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसैलाई पनि मृत्यु प्रिय छैन । शरीर जलेर गइसक्दा पनि भित्रबाट यौटा मीठो रहर बोलीरहेको हुन्छ–अरु बाँच्न पाए हुन्थ्यो । "बाँच्न पाए हुन्थ्यो" यो आत्माको स्वाभाविक आवाज हो । असत्‌बाट माथि सत्‌मा पुगेर अडिरहने भित्री रहर हो । आत्मा अमर छ । हाम्रो आत्मा उनै अमर विश्वात्माको अंश हो । अमरता यसको स्वाभाविक स्वरूप हो । मृत्युमाथिको विजयद्वारा यो त्यही अमरत्वमा पुग्न चाहन्छ । प्राणीबाट प्रकट भइरहने मृत्युप्रतिको विद्रोह आत्माको यस परमात्मगामी रहरको परिचायक हो ।

प्रत्येक व्यक्ति आफूलाई ज्ञानवान् सिद्ध गर्न चाहन्छ, आफू अनजान भएको कसैलाई मन पर्दैन । एकजना षड्दर्शनाचार्य छ र अर्को कालो अक्षर न चिन्ने छ, परन्तु बोल्न अवसर दिएमा दर्शनको विषय न जान्ला, तथापि अर्को कुनै विषय उठाएर त्यो कालो अक्षर न चिनेको व्यक्तिले सकेसम्म जुक्ति लाएर आफ्नो बहुज्ञता जनाउन खोज्दछ । प्रत्येकलाई ज्ञान प्रिय छ । चाहे दार्शनिकहरूको गोष्ठी होस् चाहे अपठित जनसमूह । तर त्यहाँ मानव आत्माले आफ्नो ज्ञानप्रियता कुनै न कुनै रूपमा जनाइरहेको हुन्छ । यो हाम्रो आत्माको चित्तत्त्वप्रतिको आकर्षण हो । हाम्रो अन्तरात्मा ज्ञानको अविश्रान्त चाह लिएर उही विश्वव्यापक चेतनामा पुग्न चाहिरहेको हुन्छ ।

विश्वजीवनको प्रत्येक पक्षतिर ध्यान दिऔं प्राणीमात्रको जीवनप्रवृत्ति आनन्दको लागि देखिन्छ । मानवमात्र होइन प्राणीमात्रमा यही आनन्दगामी तीव्र प्रवृत्ति देख्तछौं । समग्र विश्वजीवन त्यही व्यापक आनन्दसत्तामा पुगेर विश्राम लिन खोजीरहेको हुन्छ । यसरी हेरौं मानवका प्रत्येक प्रयत्नबाट आनन्दप्राप्तिको त्यो शाश्वत अनुराग छचल्किरहेको हुन्छ । त्यहाँसम्म कि यदि कोही जीवनको कण्टकपूर्णताबाट वाक्क भएर आत्महत्या गर्न खोजिरहेको छ भने त्यो आत्महत्याको प्रयासभित्र पनि भित्री आशय यही हुन्छ दुःखबाट छुटकारा, चिन्ता र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तापबाट मुक्ति अर्थात् आनन्दप्राप्तिमा बाधक बन्ने विपरीत तत्त्वहरूबा अलग्ग हुने तीव्र रहर, दुःख र तापबाट छुट्कारा पाउनु मानवबा भइरहने यी प्रत्यनहरूमा आनन्दघन परमात्माप्रतिको आत्माको व्या कुलता नै बोलिरहेको हुन्छ । यसरी समग्र जीवनजगत् जानेर वा जानेर गलत वा सही बाटोबाट चित् र आनन्दमा पुगेर नै विश्रा लिन खोजिरहेको हुन्छ । त्यही सच्चिदानन्द प्राप्तिको तीव्र रहर लिए यस साधनाभूमिमा ओर्लेका हुन्छौं । सच्चिदानन्दमा पुग्नु हो मूलभू यसको उद्देश्य ।

जीवनको यस मूल उद्देश्य प्रति सबैको प्रकृतिप्रेरित झुका भए ता पनि त्यसको यथार्थ प्राप्ति चाहिं जानेर संझेर लाग्नेहरूला मात्र हुन्छ । प्रकृति प्रेरित प्रयत्नहरूको ठाउँमा ज्ञानप्रेरित प्रयत्नह हुन थालेपछि नै हाम्रो जीवनसाधना फलदायी बन्न सक्तछ । हुन सक्त अज्ञानमा हामी पूर्वतिर जान चाहेर पनि पश्चिमतिर पुगिरहेका हौं । हु सक्तछ अज्ञान प्रेरित प्रयत्नहरूबाट सुखप्राप्तिको दिशामा अघि बढ् खोज्दा खोज्दै पनि कता झन् दुःख र विपत्तितिर हुत्तिन पुगिरहे हौं । हुन सक्तछ अज्ञानबाट प्रेरित भएर लम्किदा मुक्तितिर पुगौं भन्दा भन्दै हामी झन् झन् बन्धनमा जकडिरहेका हौं । त्यसैले जीवन प्रत्येक प्रत्यलाई सफलतागामी तुल्याउन ज्ञान प्रेरित तुल्याउनु आवश्य छ । आत्मज्ञानद्वारा नै हामीलाई निर्विघ्नरूपले लक्ष्यमा पु संभव हुन्छ । हामीले भक्तवर हनुमान्लाई वहाँको वचनलाई सदा मन राख्नु छ । उनको उदात्त जीवन व्रत हाम्रो जीवनमा अवतरित हुनुपर्छ संपूर्ण जीवन नै प्रभुसेवा बन्न सकोस् । यज्ञ बनोस् त्यस प्रकार दिव्य साधनातिर लंकनु छ । अनि सच्चिदानन्द हाम्रो नगीच हुन्छ

जसले निराशा कुण्ठा र चिन्तातिर लैजान्छ, जसले जीवनबा पलायन गर्न प्रेरित पार्छ हाम्रो प्रवृत्तिलाई प्रभुसेवाको भावनाबा अलग्ग पार्छ, त्यो हाम्रो निमित्त अज्ञान हो , हीनता हो। जसले जीव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को प्रत्येक प्रवृत्ति भगवत्सेवा बनाइदिन्छ, जीवनमा उत्साह निर्माण र गुणात्मक उत्थानतिर बढ्न बल दिन्छ त्यही ज्ञान हामीलाई बरणीय छ ।

हामी प्रभुसेवा गर्न संसारमा आएका हौं । "हामी शरीर हैनौं, सच्चिदानन्दका ज्ञानवान् उपासक हौं, आत्मा हौं ?" भन्ने सात्त्विक विश्वास हाम्रो अन्तरात्मामा स्फुरित भइरहोस् यसैले हामीलाई हाम्रो परम लक्ष्यमा पुऱ्याइदिने छ । "हामी भगवान्को कार्य गरौं" यो सत्यसङ्कल्प हाम्रो मनमा स्फुरित हुनासाथ आजको कुण्ठा, ग्लानि र नैराश्यपूर्ण जीवनस्थितिबाट हामी माथि उठ्ने छौं ।

के भगवान्को कार्य अलग्गै हुन्छ ? भगवान्को कार्य गर्न अन्तै कहीं जानुपर्छ ? होइन, भगवान्को कार्य गर्न अन्त कहीं जान पर्दैन । हामी जहाँ छौं त्यहीं रहौं । हामी यहींबाट प्रभुकार्य गर्न सक्तछौं । हामीमा भक्ति र ज्ञानको यथार्थ उन्मेष होस् यो संपूर्ण संसार नै हामीले ईशावास्यको रूपमा देख्न सक्नेछौं ।

उपनिषद्को सन्देश हाम्रो जीवनमा अवतरित हुनेछ । ज्ञानी भक्तको लागि संसार रहँदैन । उत अनन्त प्रभुको सुन्दरतम मन्दिर देख्तछ संसारलाई । संसारलाई बन्धन मान्ने दुःख मान्ने र यसबाट भाग्न चाहने सदा अपूर्ण रहन्छ । असफल रहन्छ । संसारबाट जति भाग्छु भन्यो उति बन्धनमा पर्न विवस हुन्छ ऊ । संसारलाई अमङ्गल ठानेर भाग्न चहादा यसबाट मुक्ति मिल्दैन । मुक्तिको निर्विकल्प बाटो संसारप्रतिको साधना भूमिको दृष्टिकोण नै हुन सक्छ । संसारबाट मुक्त हुन संसार प्रति घृणात्मक भाव राखेर संभव छैन । किन भने जसलाई घृणा गरिरहेका हुन्छौं त्यसले स्तुति गरिने कुराले भन्दा बढी छाप परी रहेको हुन्छ । घृणा आशक्तिको नै नकारात्मक स्वरूप हो । त्यसैले भगवान् श्रीकृष्णले गीतामा मानस तपस्याको उल्लेख गर्दा भावसंशुद्धिको विशेष चर्चा गर्नु भएको छ । भावमा संशोधन ल्याएर हाम्रो चिन्तन श्रोतमा नै परिस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्याएर हामी संसार प्रतिको दृष्टिमा परिवर्तन ल्याउन सक्तछौं । संपूर्ण उपनिषद दर्शन र गीता सन्देशले हामीलाई यसै सत्यतिर इङ्गित गर्दछ। वेदान्त दर्शनले भन्छ संसारलाई पृथक् मानेर त्यसको घृण्यस्पद रूप साम्नु राखेर यसबाट बच्न खोज्नु भूल हो । तिमी सफल वन्न चाहन्छौ भने संझ संसार तिम्रो सामु छदै छैन । संसार होइन यसलाई यज्ञ मान। सर्वत्र यज्ञ भावना राख । विधाताको यस सुन्दर सृष्टिको मूल यज्ञ हो। यस अस्तित्वको आधार यज्ञ हो । यसको लयस्थान यज्ञ हो । तिमी यो संझ र यज्ञको लागि काम गर । प्रभुको लागि काम गर । जव तिम्रो सामु यज्ञ साधना वाहेक संसार छँदै छैन अनि तिमी कसबाट भागौला, कस प्रति खिन्न होउला । यज्ञभावनाबाट तिम्रा सवै भय,क्लेश, शंका सव छुट्ने छन् । यज्ञ भावना तिम्रो लागि'इष्टकामधुक्' समग्र कामना पुरा गरिदिने कामधेनु हुनेछ ।

प्रश्न उठ्छ प्रभुसेवा, भगवत् कार्य कसरी गर्ने कहाँबाट यसलाई थाल्न सकिन्छ । यज्ञभावनाको जति तीवृता हामीमा वढ्दै जान्छ त्यति हामी प्रभुकार्यमा अग्रसर हुन सक्नेछौं । हाम्रो आत्माको विशालता व्यक्त हुने कार्य नै भगवत् कार्य हुन्छ । यसको स-साना कार्यबाट हामीले थालनी गर्न सक्ने छौं । आफूमात्रको सुखमा सहायक वन्ने भावनाबाट माथि उठेर अरूको सुखमा सहायक बन्ने भावना जति मात्रामा हामीबाट प्रकट हुन्छ हाम्रो जीवन जति अरूको लागि सेवा प्रेरणा र सहयोगका अमृत कण छदैं अघि वढ्न सक्तछ त्यति हामीबाट प्रभुसेवा भै रहेको हुन्छ । त्यति हामी भगवत् कार्य तर्फ अगि वढिरहेका हुन्छौं कुनै सानो भन्दा सानो कुरा लिऔं जसबाट अरूलाई प्रत्यक्षहित होस्, अनि त्यसमा आपनो साधनको सदुपयोग गरौं । जति वन्दछ यही हुनेछ। भगवत् कार्य गरेर वाच्ने आदर्श उपाय । जहाँ त्याग छ परसेवा छ, त्यहाँ हाम्रो आफ्नै आत्मा फैलिई रहेको हुन्छ । जहाँ सेवावृत छ, यस सुन्दर जीवन प्रति जगदीश्वरले राखेको अपेक्षा त्यही पूरा भै रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ। जहाँ रहुँ जस्तामा रहुँ हाम्रा अन्तरात्माबाट यही सत्य सदा स्पन्दित भै रहोस् प्रभुको कार्य नहुञ्जेल मलाई फुर्सत कहाँ। हाम्रो श्वासप्रश्वासबाट प्रभुको कार्य मुखरित होओस् । अनि हामी कदम कदममा सच्चिदानन्दतिर अघि बढिरहेका हुनेछौं।

हामीले प्रभुकार्य गरेर जीवन व्यतीत गर्नु छ। धर्मको सत्यको अनुसरण गरेर जीवनका साधनामय क्षणको सदुपयोग गर्नु छ। मानवताको संरक्षण गर्ने काम नै प्रभुको काम हो। धर्मको पालन हुने सत्यको संरक्षण हुने काम नै भगवान्को काम हो। प्रभुको काम गर्न सकौं यसबाट हाम्रो जीवन फलवान् बन्नेछ, अनि समाजमा हामीले केही सुन्दर उपहार छोडेर जानेछौं। अनि हामीले निःसङ्कोच भएर भन्न सक्नेछौं हामीले जीवनको उपलब्धि फेला पार्यौं।

जहाँ परस्पर प्रेम छ, मेलमिलापको भावना छ। एक अर्काका सुख दुःखमा सहभागिता छ प्रभुकार्य त्यही भै रहेको हुन्छ। जहाँ द्वेष छ ईर्ष्या छ, बेमेल छ त्यहाँ असुर दानवको कार्य भै रहेको हुन्छ। भगवत् कार्य गरेर नै हामीले समाजमा नया जीवन शक्ति भर्न सक्छौं। आज भगवत् भावनाको जतिसक्यो चाँडो विकास गर्नु छ। समाजले आज व्यग्रतासाथ यस प्रकारको चरित्र प्राण सेवा सिञ्चित भावात्मक समुत्थानको माँग गरिरहेछ। जगदीश्वरलाई सदा ध्यानमा राखेर नै हामीले यस मागको पूर्ति गर्न सक्ने छौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कराग्रे वसते लक्ष्मीः

वैदिक धर्मले निर्देश गरेको मङ्गलमय दिनचर्यामा विछ्यौना छोड्नुभन्दा पहिले जागा हुने वित्तिकै आपना हात हेरेर गर्ने एउटा ज्यादै मधुर ज्यादै विशाल प्रार्थना वताइएको छ । यो पढ्न वा सुन्न जति छोटो छ यसको अर्थ त्यति नै गंभीर र मननीय छ । यो अनुष्टुप् छन्दको सानो श्लोकको तीन पाउमा जुन धार्मिक प्रार्थना राखिएको छ त्यसले मानवको संपूर्ण जीवनको लागि नयाँ प्रकाश दिन सक्तछ र मननसाथ यसमा उल्लिखित आदर्शको परिपालन गर्ने हो भने मानवले जीवनको संपूर्ण प्रवृत्ति वदल्न र सामान्य मोहमय अज्ञानप्रेरित जीवनबाट माथि उठेर एउटा उज्ज्वलतम लोकोपयोगी सफल जीवन बनाउन सक्तछ । त्यो प्रार्थनाश्लोकलाई यहाँ संझौं । श्लोक सर्वविदित छः–

कराग्रे वसते लक्ष्मीः करमध्ये सरस्वती ।
करमूले स्थितो ब्रह्मा प्रभाते करदर्शनम् ॥

यो श्लोकवारे हाम्रो समाजमा प्रायः सवै परिचित छन् र विहान उठ्ने वित्तिकै हात हेरेर भन्ने श्लोक हो यो भन्ने पनि यो श्लोकबाट परिचित सबैलाई थाहा छ । तर वास्तविक अर्थपट्टि चाहिं ध्यान गएको उति देखिंदैन । कतिले आफ्नो भाग्यरेखा कता गइरहेको छ भन्ने, आपना आयुरेखाले के भन्छ, जीवनमा असजिला खड्गहरू कति छन् जस्ता कुराका लागि हात हेर्ने श्लोक बनाइएको पनि देखिएको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र कतिको निम्ति यो केवल गर्नुपर्ने बताइएकोले गरिदिनेमात्र भएको पनि थाहापाइएको छ । हो जीवनोपयोगी वैज्ञानिक व्याख्या विना हाम्रो महान् धर्मले निर्देश गरेका यस्तै कति फलदायी कुराहरू भनेको हुनाले गरिदिने मात्र बन्न पुगेका होलान् । यिनीहरूभित्र हाम्रा जीवनको निम्ति जुन पवित्र आचारसंहिता छ, त्यसपट्टि हाम्रो कमै ध्यान जान्छ । अब यस प्रार्थनाका तीन पाउतिर ध्यान दिऔं जो स्वयंमा सूत्ररूप छन् र जसले स्वतन्त्र जीवनदर्शन दिन्छन् । पहिलो चरण छ : "कराग्रे वसते लक्ष्मीः" । अर्थ छ हातको अग्रभागमा लक्ष्मी बस्दछिन् । दोस्रो चरण छ 'करमध्ये सरस्वती', अर्थ हुन्छ हातको मध्यभागमा सरस्वती वस्दछिन्, तेस्रो चरण भन्दछ : "करमूले स्थितो ब्रह्मा" अर्थ छ– हातको फेदमा अर्थात् नाडीमा ब्रह्मा वस्दछन् । यसमा वर्तमान कालको क्रियाले गर्दा 'वस्तछन्' बन्ने अर्थ देखिए पनि यो प्रार्थना श्लोक भएकोले 'वसुन्' भन्ने अर्थ संझिनुपर्छ । यी तीन चरणमा बताइएको महान् जीवन दर्शन-लाई क्रमशः एक एक गरेर चिन्तन गर्नु उपयुक्त देखिएकोले आजका चिन्तनमा प्रथम चरणलाई नै लिऔं । "कराग्रे वसते लक्ष्मीः" । भाग्य-वान्हरूको हातको अग्रभागमा लक्ष्मी वस्तछिन् । त्यस्तै मेरी लक्ष्मी हातको अग्रभागमा वसुन् ।

हातको अग्रभाग– यसको अर्थ के हो ? हामी कसैलाई केही दिन लाग्छौं त्यसवेला हातको कुन चाहिं भाग विशेष रूपले अघि सर्छ ? हातको अग्रभाग अर्थात् त्यो भाग जसमा औंला हुन्छन् । त्यसको अर्थ हुन्छ हाम्री लक्ष्मी हाम्रो सम्पत्ति अरूलाई पनि होस् । लोक सेवाको निमित्त प्रयोगमा आओस् । भागवत् धर्मले जीवन धनको स्थानवारे बडो सुन्दर चिन्तन दिएको छ । त्यहाँ भनिएको छ–"धनं च धर्मैक फलम्" अर्थात् धनको एकमात्र प्रयोजन धर्म हो । अर्थात् आफ्नो जीवन विकास गर्ने उदार व्यवहारको लागि धन चाहिन्छ । तात्पर्य धन साधन हो । यसको उचित उपयोगद्वारा हामी लोकहितको कार्य गर्न सक्तछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकहितको कार्य अर्थात् जगदीश्वरको कार्य, आत्मकल्याणको कार्य हाम्रो धनले गरिदिन्छ त्यसप्रति हामीले सदा साधनबुद्धिले हेर्न सक्नु पर्दछ ।

धन जीवनको सर्वस्व होइन, तर नभै नहुने साधन चाहिँ हो। धन चाहिएको हो जीवनको लागि। हामी खान बाँच्ने होइनौं बाँच्न खाने हौं। खानु लाउनु आदि कुरा जीवनका लागि हुन् । जीवन यिनीहरूको लागि होइन। वासगास आदि जीवनका आधारभूत आवश्यकता हुन् । यिनीहरू सबैले गरिने हुन्छन् । परसेवाको कार्यचाहिँ गरीब अवस्थामै पनि गरिरहेको हुन्छ र न चाहनेले चाहिँ सम्पन्नताको चरम चूलीमा पुगेर पनि गर्न सक्तैन । त्यसैले "म गरीब छु, म के गरुँ" "धनी हुँला अनि गरुँला" भन्ने विचार स्वस्थ विचार होइन । जसलाई केही गरिहाले पनि प्रदर्शनको लागि गर्नु रहन्छ, त्यसैका यस्ता तर्कहरू हुन्छन् । भगवान्को वास्तविक भक्त जीवनको वास्तविक पारखीले त केही निकालेर अरूका लागि दिनुको मतलब आफ्नै कल्याण गर्नु संझिरहेको हुन्छ । पाउनेलाई जति हित हुन्छ त्यो भन्दा बढी हित त दिनेको हुन्छ, किन कि जुनवेला हामी अरूको निम्ति केही उत्सर्ग गरिरहेका हुन्छौं त्यसवेला हाम्रो आफ्नै आत्मा फक्रिरहेको हुन्छ । आफ्नो सौरभद्वारा अरूलाई आनन्दित तुल्याउन पाएको दिन अरूको उपकार गरेको दिन होइन आफ्नै उत्थान भएको दिन हुन्छ । अनि यस्तो स्वर्णिम सौभाग्यलाई त्यसै गुमाएर भोलि धन बढी होला र केही गरौंला भनेर पर्खिरहन सच्चा जीवन साधकलाई मन नै कहाँ लाग्छ । उसलाई त आफूसँग जति छ त्यसैबाट ऐल्है नै र यहीँ नै भगवान्को काम गर्नु छ भोलिको के भरोसा ? वा आज भएजति पनि यो नहुने हो कि ! तर यसको अर्थ जति छ त्यतिमै चूप लागेर निष्क्रिय बन्नु चाहिँ होइन। आफूसितको साधनबाटै बनेजति लोकहितको कार्य गर्दै रहेर पनि आफ्नो साधन र सामर्थ्यलाई बढाउने प्रयत्न चाहिँ गर्दै रहनु वाञ्छनीय छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उही "कराग्रे वसते लक्ष्मी:" लाई ध्यानमा राखेर । जति बढी कमाउँला त्यति नै बढी लोकसेवाको निमित्त, जगदीश्वरको निमित्त, आत्म कल्याणको निमित्त लगाउँला भन्ने सदिच्छा राखेर ।

भइगो यो त सिद्धान्त भयो । अब यसको सर्वसुलभ व्यावहारिक रूपतिर ध्यान दिऔं । कहिले काहिं हामी सोचिरहेका हुन्छौं-अलि ठूलो रकम उत्सर्ग गर्न सके पो केही सेवाकार्य संभव होला । थोरै साधनबाट के गर्न सकिन्छ र ? तर विवेकसँग काम लिऔं त हामी थोरैभन्दा थोरै साधनले पनि राम्रो सेवा कार्य गर्न सक्तछौं । मानौं हामी एकदमै अशक्त रहेछौं–धेरै उत्सर्ग गर्न । तर महीनाको एक रुपयाँमात्र पनि बचाउने गरौं–आत्मकल्याणको लागि परमार्थिक हितको लागि जगदीश्वरको लागि गरौं वर्षमा बाह्र रुपयाँ भइसक्छन् । अब यसको सर्वोत्तम उपयोग के हुन सक्तछ त्यस तर्फ सोचौं । हाम्रो गरीब समाजमा कति केटाकेटी यस्ता भेटिन्छन् जसलाई कापी किताबसम्म किन्न र मासिक शुल्क तिर्न पनि पैसा हुँदैन । मातृभूमिका दयनीय सन्तानप्रति ध्यान दिऔं । हाम्रो वर्षदिनको श्रद्धापूर्ण पवित्र बचतको उपयोग गर्न ती सुयोग्य पात्र बन्न सक्तछन् । अथवा कति दुःखीहरू हामी समाजमा पाउँछौं, तिनीहरूमध्ये नैकसैलाई पात्र मान्न सक्तछौं । कहिलें काहिँ एकाधपटक यसो केही कसैलाई दिइहेरेर के हुन्छ ? वास्तवमा त उनीहरूलाई कुनै योजना अन्तर्गत आर्थिक स्थिति सुधार्ने स्थायी उपाय पो गरिदिनुपर्छ जस्ता तर्कहरू पनि अनाथ र असहायलाई लिएर यदाकदा उठ्ने गरेको सुनिन्छ, परन्तु एउटा व्यक्तिबाट त्यो सोच्न संभव भएपनि गरिहाल्न सकिदैन । सके त ठूलै कुरा, वेस हो । तर सकिन्न भने सानै भएपनि राम्रो कुराबाट किन वञ्चित हुनु ? त्यसैले यस्ता साना भएर पनि हामीलाई स्वर्णिम सुयोग जुटाइदिने अवसरलाई बेवास्ता गर्न संभव हुन्न । त्यसैलें यस्ता तर्कमा लागेर हामीले आफ्नो कर्तव्य छाडी लोकहितको कार्यबाट वञ्चित रहन वाञ्छनीय हुँदैन यदि असहाय वा अनाथहरूमध्ये हामीलाई उपयुक्त पात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दैन भनेपनि कुनै सर्वहितको काम गर्ने पवित्र संस्थालाई चुनौं र त्यसको लागि केही अर्पित गरौं । जसरी पनि गुणात्मक दृष्टिकोण राखेर हामीले जगदीश्वरको सेवाद्वारा जीवनको सदुपयोग गर्ने चाहेमा सेवाका क्षेत्रहरू जता हेर्‍यो उतैवाट हाम्रो वाटो हेरिरहेका देखिनेछन् । तिनीहरूको निम्ति आफ्नो श्रद्धापूर्ण उत्सर्ग अर्पित गरेर हामी केही न केही जनहित-द्वारा आत्म कल्याण गर्न सक्छौं । तात्पर्य के भने सानो भन्दा सानो साधनबाट पनि हामी विवेकको सहायता लिएर महान् कार्य गर्न सक्छौं । जगदीश्वरको कृपाले जसलाई प्रशस्त साधन र सामर्थ्य प्राप्त छ उनी-बाट त झन् जतिपनि जनहितका कार्य हुन सक्छन् । वास्तवमा हामी भौतिक साधनको कमीले गरीव बन्दैनौं हामी त गरीव बन्छौं आत्म-चेतनाको कमीले, जीवन प्रतिको सही दृष्टिकोणको कमीले, निर्माणात्मक धारणाको कमीले ।

लौ त प्रतिदिन सुनौला प्रकाशकिरण लिएर आउने मङ्गलमय प्रभातलाई आफ्नो जीवन निर्माणको शुभ विहानी मानौं र आजको माङ्गलिक प्रभात वेलादेखि नै हृदयैदेखि प्रभुसँग प्रार्थना गरौं -"कराग्रे बसते लक्ष्मी:" "प्रभु ! हाम्रो धन, सम्पत्ति, वैभव सदा हाम्रो कराग्र-मा रहोस्, सधैं केही न केही उत्सर्ग गरेर जगदीश्वरको सेवा गर्न सकौं हाम्रो जीवन सफल वनोस् ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करमध्ये सरस्वती

हाम्रो धर्मले निर्देश गरेको विहान उठ्ने बित्तिकै आफ्ना हात हेरेर भन्ने पवित्र प्रार्थनाको दोस्रो पाठ हो "करमध्ये सरस्वती"। सरस्वती ज्ञानकी अधिष्ठात्री देवी हुन्। त्यसैले यो प्रार्थनामा भनिएको छ, प्रभो! मेरो हातको मध्यभागमा अर्थात् मेरो हत्केलाको बीचमा सरस्वती अर्थात् ज्ञानकी अधिष्ठात्री देवी बसुन्।

ज्ञानकी अधिष्ठात्री चाहिं हत्केलाको बीचमा। यस प्रार्थनाको अर्थ हामी हेरौं। मुठ्ठी पार्नुपर्दा, केही कुरा हातले पक्रेर राख्नुपर्दा हातको कुन चाहिँ भाग बढी प्रयोगमा आउँछ ? हत्केलाको बीचको भाग। मुठ्ठीमा केही कुरा बन्द गर्नुपऱ्यो भने यही भागमा हामी बन्द गर्दछौं। तब करमध्ये सरस्वती भनेर यस प्रार्थना श्लोकले गरेको सन्देश स्पष्ट छ। ज्ञानचाहिँ सदा हाम्रो मुठ्ठीमा रहोस्। तात्पर्य–ज्ञानको कुनै पनि श्लोक न छुटोस्। जताबाट पनि हामी ज्ञानलाई कहिल्यै नछोडौं। अङ्ग्रेजी साहित्यकार रुडयार्ड किप्लिङको एउटा उक्ति यहाँ याद हुन्छ। आफ्नो सधैं ज्ञान बढाउने लालज्ञतिर इङ्गित गर्दै उनी भन्छन् :

'मेरा ६ जना ज्यादै हितकर आज्ञाकारी ज्यादै सेवक छन्। सधैं चिताए अनुसारको ज्ञानसामग्री जुटाएर हामीलाई मद्दत गरिरहन्छन्। तिनीहरूको नाम हो : कहाँ, कहिले, किन, के, कसरी र को। यसको मतलब ज्ञानचाहिँ जहाँबाट, जसबाट र जसरी पनि लिनै पर्दछ। ज्ञानको वास्तविक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोजी हृदयमा जागृत भए पछि हामी विश्वजीवनको जुनसुकै भाग र जुनसुकै महान् आत्माबाट पनि शिक्षा वा प्रेरणा लिन सक्तछौं । सच्चा ज्ञान पिपासुको लागि सम्पूर्ण सृष्टिचक्र नै खुला पुस्तक बन्दछ । त्यस्तो उन्मुक्त हृदय लिएर हामी ज्ञानसम्पत्तिलाई लिन र त्यसलाई अमरनिधि तुल्याउन सक्ने बनौं । जसलाई कतैबाट पनि उम्कन न दिऔं । करमध्ये सरस्वतीको अर्थ यही हुन्छ ।

हाम्रो वेदान्त दर्शनले भन्छ : "ऋते ज्ञानान्न मुक्तिः ।" ज्ञान विना मानवको मुक्ति छैन । वास्तवमा ज्ञानको चाहिं लौकिक पक्ष हेरौं चाहे पारलौकिक वा आध्यात्मिक पक्ष, मानवलाई ज्ञान विना मुक्ति मिल्दैन । एकछिन लौकिक ज्ञानकै पक्ष हेरौं – हामी ज्ञानको सहारा नभै मुक्ति पाउन सक्तैनौं । अज्ञान, रोग, गरीबी, चरित्रहीनता जस्ता प्रत्येक बाधक तत्त्वहरूले हाम्रो लौकिक जीवनलाई बन्धनमा परिरहेका हुन्छन् । यिनीहरूबाट हामी त्यस बेलासम्म मुक्त हुन सक्तैनौं जुन बेलासम्म हामीलाई ज्ञान प्राप्त हुँदैन । एउटा रोगी स्वास्थ्य विशेषज्ञको सामु गएर दीनता प्रकट गर्न बाध्य हुन्छ ? किनभने उसलाई स्वास्थ्य सुरक्षित राख्ने ज्ञान भएन । एउटा निर्धन व्यक्ति कुनै सम्पन्न व्यक्तिको सामु गएर शिर निहुराउन विवश हुन्छ ? किनभने उसले आफ्नो श्रमलाई रचनात्मक कार्यमा उपयोग गर्ने आफ्नो व्यवसायलाई भने जस्तो गरी फस्टाउने ज्ञान पाएको छैन । एउटा अशिक्षित व्यक्ति स्वास्थ्य सम्पन्नता आदि कारणबाट ठीकठाक भएपनि शिक्षित व्यक्तिको सामु आफूलाई तलै स्वीकार्न किन बाध्य छ ? किन कि समयमा उसले ज्ञान हासिल गर्न सकेन । एउटा दुश्चरित्र व्यक्तिको सच्चरित्र व्यक्तिको सामु पुग्दा कताकता कुण्ठित बन्नुपर्ने स्थिति किन आउँछ ? किन कि उसले चारित्रिक सुधारद्वारा समाजमा प्रतिष्ठित बन्ने उचित ज्ञान पाएन । हामी जीवनको व्यावहारिक पक्षलाई लिएर जतातिर दृष्टि दिऔं –जहांजहां ज्ञानको अभाव छ त्यहां यहां बन्धन छ, कुण्ठा छ, विवशता छ, बाध्यता छ त्यसैले भनिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो : 'ऋते ज्ञानान्न मुक्तः' । हाम्रा संपूर्ण शिथिलताहरू र कमजोडीहरू अज्ञानतावाट खडा भएका हुन् र ज्ञान नपाउञ्जेल यी बनिरहन्छन् । त्यसैले हाम्रो पवित्र प्रार्थना भन्छ "करमध्ये सरस्वती" । हामीलाई मुक्तितिर डोऱ्याउने हाम्रो प्रकाशदायी ज्ञानसम्पत्ति सधैं हाम्रो मुठ्ठीमा रहोस् । यो त साधन ज्ञानको चर्चा भो । अब हाम्रो जीवनको पवित्र लक्ष्यमा पुऱ्याइदिने, हाम्रो आत्मिक समुत्थानको मूल आधार बन्ने वास्तविक ज्ञानको चर्चा गरौं । ज्ञानको यस पक्षलाई उपनिषद्ले परा विद्याको संज्ञा दिएको छ । यो हाम्रो वास्तविक विद्या हो । यसैलाई आत्मविद्या वा ब्रह्मविद्या भनिएको छ । लौकिक जीवनोपयोगी विद्या, साधन विद्या हो र यसबाट जीवन यात्राका भौतिक साधन प्राप्त हुन्छन् । तर यति मात्रामा सीमित रहेमा हाम्रो वास्तविक जीवनलक्ष्य पूरा हुँदैन । हामी वास्तविक मुक्तिका भागी बन्न सक्तैनौं । हामी सामान्य व्यावहारिक जीवनमा एउटा सानो सीमाबद्ध 'म' को कल्पना गरिरहेका हुन्छौं । इन्द्रिय, मन, बुद्धि र अहङ्कारको समष्टिबाट बनेको यो नामरूपात्मक 'म' मा मात्र न अल्मलिई त्यसभित्रको वास्तविक 'म' मा पुग्नु पराविद्याको लक्ष्य हो । यही वास्तविक पूर्णताको स्थिति हो । सानो 'म' भित्र रहुन्जेल हामी जुन सङ्कीर्ण घेराभित्र आफूलाई देखिरहेका हुन्छौं, जुन सङ्कीर्ण सीमाभित्र आफ्नो पनको कल्पना गरिरहेका हुन्छौं, सुखको जुन क्षणिक कल्पनाले हामीलाई भुल्याइरहेको हुन्छ । ती सबै स्थितिहरूबाट हामी त्यसबेला माथि उठ्न सक्ने छौं, जुनबेला हामी ब्रह्मविद्याको प्रसाद पाउँछौं । यही एकमात्र यस्तो वरदान छ, जसले मानवलाई अरू प्राणीभन्दा माथि राखेको छ । यसैको आश्रयले मानव वर्ण, जाति, सम्प्रदाय, सबैको बन्धनलाई चिरेर आत्मवान् र मुक्त बन्न सक्तछ । गीताले यसै ज्ञानलाई लक्ष्य गरेर भनेको छ :

"मानव ! तिमी जस्तोसुकै स्थितिमा हौ, सबै पातकहरूका भण्डार हो, तर आत्मज्ञानको नौकामा चढेर कल्मषहरूका बन्धनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी पार पुग्न सक्छौ ।" यही आत्मज्ञानको महत्तालाई लक्ष्य गरेर भागवतदर्शनले उद्घोष गर्छ :

"खादोऽपि सद्यः सवनाय कल्पते"– यस आत्मविद्याको आश्रयले चाण्डाल पनि तत्काल पावन वन्न सक्छ । यस पतित पावन आत्मज्ञानको स्पर्शले सानो भन्दा सानो कुलमा जन्मेर पनि श्रद्धेय महात्मा वन्न पुगेका असंख्य साधकहरूको नामावली दिन सकिन्छ । मानवको आकारमा यस पृथ्वीमा आएका प्रत्येक आत्मामा जगदीश्वरले त्यस आत्मज्ञानको संभावना राखिदिएका छन् । ईश्वरको अनन्य भक्ति र आत्मसमुत्थानको तीव्र रहर लिएर जो कोहीले त्यस आत्मज्ञानलाई प्राप्त गर्न सक्छ । हो त्यस पूर्णतम स्थितिमा पुग्न हामीले व्यावहारिक जीवनमा केही संयम वर्तिनु, पवित्रताको निम्ति नियममा वाँधिनु चाहिँ नितान्त आवश्यक छ । ती नियमहरू जसले हामीलाई आत्मवान् मानव वन्न मद्दत गर्दछन् । तिनीहरूको स्मरण पनि यहाँ गरिहालौं–हामी गीताको तेह्रौं अध्यायमा जाऔं–त्यहाँ हामीलाई शरीरभन्दा भिन्न आफ्नो अनन्त जीवन असीम आत्मा र बन्धनमुक्त 'म' को दर्शन हुनेछ । अनि त्यो सर्वकल्याणकारी पूर्ण जीवनसत्तामा पुगेर रहने सुन्दर वाटो पनि त्यहीँ वताइएको छ । त्यसलाई मनन गरौं । ज्ञानको नामले वताइएको त्यो वाटाको जम्मा २० खुड्किलाहरू छन् । तिनीहरूलाई बुझौं र तिनको पालन गर्ने प्रतिज्ञा आजैदेखि गरौं । ती खुड्किलाहरू संक्षेपमा यी हुन्:– "अभिमानबाट मुक्त हुनु, देखावटीबाट मुक्त हुनु, मन, वचन र कर्मले कसैको अहित नगर्नु, सहनशील बन्नु, सबै प्रति प्रेमपूर्ण र सरल व्यवहार गर्नु, चरित्रवान् गुरुजनहरूको सेवा गर्नु, वचन र शरीर सबैलाई पवित्र राख्नु, आफ्नो लक्ष्यमा स्थिर रहनु, मनमाथि नियन्त्रण राख्नु, शारीरिक सुखको दास नबन्नु, अहङ्कार नगर्नु, सांसारिक जीवनका जन्म, मृत्यु जरा, व्याधि, वृद्धावस्थाकष्ट हुने अरू विकृतिहरूलाई ख्याल गर्नु, पारिवारिक बन्धनमा न अल्मल्लिनु, अनुकूल अथवा प्रतिकूल जस्तो आएपनि सम्मन वनेर सहनु, जगदी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरमा अनन्य भक्ति राख्नु, एकान्तको सेवन र चिन्तन गर्नु, सधैं सम्मा-को भोको बनेर जनसमूहको बीचमा पुग्न न चाहनु, नित्य आफ्नो ात्मिक ज्ञान प्रति संलग्न बन्नु र तत्त्वज्ञानलाई नै जीवनको मुख्य योजन संझनु ।" 'एतद्ज्ञमिति प्रोक्तम्" यो ज्ञान बताइएको छ । पूरा ाचारसंहिता छ जीवन उँभो लैजानलाई, सबैको बन्न चाहनेलाई । ापनो आत्मविकासको पूर्ण आनन्द लिन चाहनेलाई ज्ञानका यी बीस ुड्किलाहरूमा पाइला राख्नु आवश्यक छ । हो यो दुष्कर छ तर असं-व चाहिँ होइन । यदि असंभव हुँदो हो त संसारमा एक पनि महा-ानव देखिने थिएनन् । तर असंख्य मानव सन्ततिहरूले ज्ञानको यो र्णिम सीढीमा उक्लेर आत्मविकासको सुमधुर आनन्द लुटेका छन् । ामी जीवन बनाउन सक्छौं, त्यो हाम्रै हातमा छ । संसार त यौटा ाधनाभूमि हो । यहाँ जस्तो चाहेपनि बन्न सकिन्छ । केवल चाहिन्छ ागरुकता, अध्यवसाय, त्याग ज्ञानको अखण्ड लालसा । हामीमाथि ना कारण दया गर्ने जगदीश्वरको वरद हात विद्यमान छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करमूले स्थितो ब्रह्मा

हिन्दू संस्कृतिले निर्देश गरे अनुसार प्रातःकालमा उठ्नासाथ हात हेरे गर्ने प्रार्थनाको तेस्रो र अन्तिम चरण हो करमूले स्थितो ब्रह्मा । यसको मतलब छ। हातको मूलमा अर्थात् नाडीमा ब्रह्मा बस्दछन् । ब्रह्मा सृष्टिका देवता हुन् । सृष्टिका देवतालाई नाडीमा बसेको देख्न चाहने यस महान् प्रार्थनाभित्र जीवन सफलताको निमित्त चाहिने निर्माण क्षमताको प्राप्तिको लागि प्रार्थना गरिएको छ। यस प्रार्थनामा आएका 'कराग्रे वसते लक्ष्मीः 'करमध्ये सरस्वती' र 'करमूले स्थितो ब्रह्मा' भन्ने वाक्यमा यी देवताहरू क्रमशः मेरा औंलामा, हत्केलामा र नाडीमा बसिदिउन् र म सेवाको ज्ञानको र सिर्जनाको क्षमतालाई आफूमा विकसित गर्न सक्ने बनूँ भन्ने प्रार्थना अन्तर्निहित छ । धनकी देवी लक्ष्मीलाई औंलामा बस्ने प्रार्थना गरेर दाता बनेर बाँच्ने संकल्प साधकले गरेको छ भने ज्ञानकी अधिष्ठात्री देवी सरस्वतीलाई हत्केलामा बस्ने प्रार्थना गरेर ज्ञानलाई चाहिं जताततै बाट जम्मा गर्ने रहर व्यक्त गरेको छ । अनि यसै क्रममा उ स्रष्टा बनेर बाँच्ने प्रार्थना गर्दै पाखुरीमा सृष्टिका देवता ब्रह्मालाई आवाहन गर्दछ । सिर्जनाशक्ति सफल जीवनको मूल हो । जीवनमा सिर्जना भएन भने न दानशील बनेर बाँच्न सकिन्छ न ज्ञान नै सार्थक हुन्छ।

जहाँ जहाँ मानवका चरणले सफलताको शिखर स्पर्श गरेको देखिन्छ, त्यहाँ मानवको सिर्जनाशक्ति नै त्यसको सबल आधार बनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ । सिर्जनात्मक प्रवृत्तिले नै मानवलाई अध्ययनशील बनाउँछ । लक्ष्यनिष्ठा र उत्पादक जीवनप्रतिको ममत्व मानिसमा सिर्जनात्मक चेतनाले नै जगाउने गर्दछ । सिर्जनात्मक क्षमता भएको मानवले मरुभूमि पायो भने त्यसलाई सस्य श्यामल र ऊर्वर बनाउन सफल हुन्छ । निर्माणात्मक क्षमता नहुनेहरूको निमित्त जुन वस्तु अनुपयोगीभन्दा अनुपयोगी बनिरहेको हुन्छ, त्यसैलाई निर्माणात्मक क्षमताहरूले उपयोगीभन्दा उपयोगी बनाएर प्रयोगमा ल्याइरहेको देखिन्छ । अरूको कुरै छोडौं, काम नलाग्नेभन्दा काम नलाग्ने भनेर फालिने फोहरबाट पनि उपयोगिता निकाल्नेहरूले पोषक मलको काम लिएको देखिन्छ । संसारमा कुनै वस्तु अनुपयोगी छैन । एउटा सूक्तिमा भनिएको छ – अदेखि ज्ञसम्मको कुनै अक्षर यस्तो छैन जो मन्त्र बन्न नसकोस्, धर्तीको काखमा पैदा हुने कुनै झारपात त्यस्तो छैन जो औषधि बन्न नसकोस्, संसारमा कुनै व्यक्ति त्यस्तो छैन जो अयोग्य होस् । हो कुन अक्षरलाई कसरी मन्त्र बनाउने त्यो पूरा गर्ने द्रष्टा जरूर दुर्लभ छ, कुन चाहिँ झारपात कसरी औषध बन्न सक्तछ त्यसको पारखी जरूर दुर्लभ छ, कुन व्यक्तिबाट कस्तो उत्तम काम लिन सकिन्छ त्यो चाहिं जान्न अन्तर्दृष्टिवाला ज्ञाता जरूर दुर्लभ छ । यस्तै द्रष्टा, पारखी र सुयोग मिलाउने दृष्टिसंपन्न व्यक्तिलाई त्यस सूक्तिले 'योजक' भनेको छ । सूक्तिको पूरा रूप यस्तो छ –

> अमन्त्रमक्षरं नास्ति नास्ति मूलमनौषधम्
> अयोग्य पुरुजो नास्ति योजकस्तत्र दुर्लभः ।।

सूक्तिले स्पष्ट भनेको छ अक्षर अक्षरलाई मन्त्र तुल्याउन सक्ने हरेक झारपातलाई औषध तुल्याउन सक्ने व्यक्ति व्यक्तिलाई योग्य कार्यकर्ताको जिम्मेदारीपूर्ण रूपमा प्रतिष्ठापित गर्न सक्ने योजकको चाहिं अभाव सधैं जसो हुने गर्दछ । यो योजकता त्यसैमा संभव छ जो सिर्जनाशक्तिको धनी हुन्छ ।

साधारण अपरिचित परिवारमा विश्वको एउटा सानो अङ्गमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैदा भएको एउटा सामान्य व्यक्ति संसारको ज्योतिस्तम्भ बन्न पुग
एउटा निर्धनताको चरमस्थितिबाट पैदा भएको दरिद्रतम व्यक्ति ए
संसारको सर्वोत्तम वैभवशाली बन्न पुग्दछ । अशिक्षाको अन्धक
छोपेको एउटा नगण्य परिस्थितिबाट हुर्केको व्यक्ति एकदिन समा
चेतनास्रोत बन्न पुग्दछ । विश्वको सम्पन्नतम मानव, विज्ञ
सर्वोच्च वरदान प्राप्त मानव, दर्शन, कला, साहित्य र यस्तै यस्तै
अपरिमित क्षेत्रहरूमा असाधारण कीर्तिमान स्थापित गर्न पुग्ने
यी सबै त्यही सिर्जनात्मक योग्यताका सुपरिणामहरू हुन् । जहाँ
जता हेरौं, मानवको समुन्नत अवस्था यदि संभव छ भने उसका पा
को निर्माण क्षमताको वरदानबाटै संभव छ । यसको विपरीत
देख्तछौं, जताततै उपयोगी नै उपयोगी वस्तुहरूबीच जीवन बिताए
शक्ति र समृद्धिका असंख्य स्रोतहरू वरपर राखेर पनि निर्माणक्ष
बाट वञ्चित रहने मानवले सम्पूर्ण समुन्नति र समुत्थानबाट वञ्चि
परेका असंख्य प्रसङ्गहरू यत्रतत्र देखिन्छन्, सुनिन्छन् । रत्नगर्भा पृ
को काखमा कुनचाहिं वस्तु दुर्लभ छ र ? परन्तु ग्राहक क्षमता नभ
पृथिवीभित्रका ती अपरिमित रत्नराशिहरूले के गर्ने ? ग्रहण गर्न
नहुनेहरूको समक्ष पृथिवीले पनि आफ्नो संपदालाई लुकाउने गर्द
पौराणिक आख्यानले पनि बताउँछ निर्माणात्मक चेतनाबाट व
वेनको पालामा जुन पृथिवीको काख दरिद्रतापूर्ण थियो, सिर्जन
शक्तिका धनी राजर्षि पृथुको समयमा त्यही सबै रत्नहरू, औषध
समृद्धिका स्रोतहरूको अपरिमित राशि थियो । स्वयं पृथिवी
सेवा र सहयोगको निम्ति आतुर हुन्थिन् । यी सबै कुराले एउटै
लाई उद्घाटित गर्दछन् । समृद्धि, समुत्थान विकास जे भनौं मा
सिर्जनात्मक क्षमतामाथि नै निर्भर रहन्छन् । त्यसैले हिन्दू संस
मानवभित्रको त्यस सिर्जनात्मक गुणको विकासप्रति त्यत्ति बल
छ । प्रातःकालमा उठ्नासाथ व्यक्तिको मनमा सिर्जनात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उमार्ने सद् अभिप्रायले यस प्रार्थनावाक्यको निर्माण गरिएको छ: करमूले स्थितो ब्रह्मा ।

नारीमा सृष्टिका देवतालाई अवतरित नगरीकन कसैले पनि जीवनको पूर्ण फल पाउन सक्तैन । पाखुरीमा निर्माण दक्षता नउमारिकन कसैले पनि समृद्धि र सुखको आनन्दानुभूति गर्न सक्तैन । सम्पूर्ण सृष्टि सम्पत्ति नै सम्पत्तिले भरिएको छ – चाहे भौतिक सम्पत्ति खोज चाहे भावनात्मक सृष्टिको अङ्ग-अङ्गमा खुला रूपमा छरिएको छ तर त्यसलाई ग्रहण गर्ने योग्यता विकसित नभै हुँदैन ।

शास्त्रको एउटा अर्को मार्मिक कथन छ– सुवर्ण सुवर्णका फूलहरूले भरिएकी छन् पृथिवी तर पृथिवीबाट ती सुवर्णका फूलहरू टिप्ने योग्यता चाहिं केवल तीन थरी साधकहरूले मात्र पाउँछन् । एकथरी हुन् शूरहरू, अर्का थरी हुन् विद्वान्‌हरू र तेस्रा थरी चाहिं हुन् जसले सेवनविधिलाई जानेका छन्, शास्त्र भन्दछ –

सुवर्णपुष्पां पृथिवीं चिन्वन्ति पुरुषास्त्रयः
शूरश्च कृतविद्यश्च यश्च जानाति संवितुम् ॥

ती शूरहरू जसमा जति नै विघ्न परे पनि सामु राखिएका उत्तम लक्ष्यलाई प्राप्त नगरी विश्राम नलिने अदम्य साहस हुन्छ, ती विद्वान्‌हरू जसले जीवनको कणकण र क्षणक्षणको सदुपयोग जान्दछन् अनि ती पारखीहरू जसले पृथिवीको काखमा पाइने प्रत्येक उपयोगी वस्तुको सदुपयोग गर्ने कला सिकेका छन्, तिनैले पृथिवीको काखबाट सुनका फूलहरू टिप्ने सौभाग्य पाउँछन् । यस्तै योग्यताको विकासको निमित्त यस प्रार्थनामा सिर्जनाका देवतालाई पाखुरीमा आमन्त्रित गरिएको छ –"करमूले स्थितो ब्रह्मा ।"

आज यस राष्ट्रका अङ्ग–अङ्गले यही सिर्जना शक्तिको अपेक्षा राखेको छ । रत्नगर्भा नेपाल आमाले यसै निम्ति आज आफ्ना सपूतहरूलाई गुहारिरहेकी छन् । ज्ञानको प्रत्येक क्षेत्रमा आज यस सिर्जनात्मक शक्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को स्पन्दन ल्यानु पर्ने वेला आएको छ। हामीलाई सृष्टिको सम्पन्नतम प्राकृतिक स्रोत स्रष्टाले सुम्पेका छन्। उच्चतम अजस्र मूल परमात्माले दिएका छन्। आज त्यस सिर्जनात्मक क्षमताको अभावले गर्दा हामी अपार वैभववीच पनि पिछडिएका छौं। अनन्त ज्ञानको भण्डारबीच पनि ज्ञानवञ्चित रहन विवश रहेका छौं। यो सबैलाई फाल्नु छ। घरघरमा र जनजनमा यस पवित्र प्रार्थनालाई पुऱ्याउनु परेको छ र यसलाई शव्दिक रूपमा मात्र सीमित नराखी व्यावहारिक जीवनको मूर्त प्रार्थना तुल्याउनु परको छ। यस देशको गरिमा, वर्चस्व, सबै नेपालीको सिर्जनात्मक शक्तिको विकासमा निर्भर छ। अन्तमा त्यस पवित्र दैनिक प्रार्थनालाई पूर्ण रूपमा फेरि एकपल्ट संझौं –

कराग्रे वसते लक्ष्मीः करमध्ये सरस्वती
करमूले स्थितो व्रह्मा प्रभाते करदर्शनम ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवननिर्माणमा अध्यवसायको अपेक्षा

मानवको संपूर्ण उच्चता, उसको यावत् गरिमा, उसको कर्म-शक्तिमा भर पर्दछ। मनीषीहरूले आज विश्वकै आचारसंहिताको रूपमा मानेको श्रीमद्भगद्गीतातिर दृष्टि दिने हो भने जीवनको समस्त सफलता मानवको कर्ममा आश्रित रहेको उद्घोष यत्रतत्रबाट प्राप्त हुन्छ। सिद्धिमात्र होइन सम्यक् सिद्धि जीवनको पूर्णता विकासको चाह भए हामीले आफूलाई अध्यवसायसाथ आत्मोन्नतितिर अग्रसर तुल्याउने शुभ कर्मतिर लाग्नु छ। यही जीवनको सफलता खोज्नेको निर्विकल्प बाटो हो। यहाँ शुभकर्म भनेर केलाई लिने भन्नेबारे स्पष्ट हुनु आवश्यक छ। मानवको लागि शुभकर्म त्यही हो जसले स्वयंको आत्मविकास गरेर समाजको हित सम्पादन गर्ने कुनै रचनात्मक सेवा सम्पन्न होस् लोकहित संभव होस्। मानव जुन दिन स्वयंको हितभन्दा बढी समष्टिकल्याणमा आफ्नो जीवनको सदुपयोगलाई महत्त्व दिन थाल्दछ, त्यसदिन उसले वास्तवमा शुभकर्मको मर्म बुझ्यो भन्नुपर्दछ। त्यस्तै आत्म समुत्थानपरक सेवाकार्यलाई शुभकर्म भनिएको छ र गीताले समस्त आचारशास्त्रको प्रतिनिधि बनेर यस्तै शुभ कर्मप्रति समर्पित बन्न प्रत्येक सफलताप्रेमी जीवनपथिकलाई आह्वान गरेको छ।

"कर्मणैव हि संसिद्धिमास्थिताः जनकादयः।"

संपूर्ण जीवन-जगत् कर्मनियन्त्रित छ। जसलाई पनि कर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रय नलिई यहाँ बाँच्नु संभव हुँदैन । संभव नहुने मात्र होइन, यदि कसैले अकर्मण्य बनेर बाँच्न खोज्यो भने त्यो प्रकृतिको मर्यादा नाघ्न खोजेको ठहर्छ । र त्यो अनधिकार चेष्टा ठहर्छ । त्यसैले प्रत्येक प्राणीले कुनै न कुनै रूपमा कर्मको शरण नपरी धर पाउँदैन । जसले यसमा किन्तु परन्तु गर्न खोज्यो उसको भविष्य बिग्रन्छ । उ जे बन्न चाहन्छ त्यो हुन सक्तैन । मानवको संपूर्ण निमार्णको संभावना कर्ममा अवलम्बित छ । संपूर्ण बन्ने आकाङ्क्षा कर्मको आश्रयमा भर पर्छ । हामी भोलिको लागि आफूलाई जस्तो देख्न चाहन्छौं, त्यसको सम्पूर्ण सामर्थ्य आज हामीबाट हुने कर्ममा निहित छ । त्यसैले जसले आजलाई कर्मठताका साथ बिताए-को छ, जसको निम्ति आजका क्षणहरू बहुमूल्य छन्, श्रमपूर्ण छन्, शुभ कार्यमा खर्चिएका छन्, त्यसको भविष्य उज्ज्वल हुन्छ हुन्छ, यसमा शङ्काको लागि तिलमात्र ठाउँ रहँदैन । त्यसैले हामीले कुनै रुचिकर शुभ कार्यको छनोट गर्नु पर्दछ, जसले आत्मविकासतर्फ अग्रसर तुल्याई हामी-लाई स्वार्थबाट लोकहिततिर अज्ञानबाट ज्ञानतिर सङ्कीर्णताबाट विशालता तिर, मृत्युबाट अमरतातिर र एउटै वाक्यमा भन्दा जगत्‌बाट जगदीश्वर-तिर, अग्रसर बन्न बल देओस् । अनि त्यस्तो कुनै शुभकार्य चुनेर हामी त्यसप्रति समर्पित हुन सक्नुपर्दछ । निःस्वार्थता र निष्काम भावनाबाट प्रेरित भएर गरिने कुनै पनि आत्मविकासपरक कार्य भगवत्पूजा बन्न सक्तछ । र वास्तवमा भगवत्पूजाको सर्वश्रेष्ठ साधन पनि आत्मविकास-को सहायक कुनै शुभकार्य नै हुन सक्तछ ।

गीताको मननपूर्वक अध्ययन गरौं । त्यहाँ स्वकर्मलाई नै भग-वत्पूजाको प्रमख उपकरण मानिएको पाइन्छ । भगवान् भन्नुहुन्छ : "जसबाट जगत्‌को सृष्टि भयो र जो सबैमा व्याप्त भए र यसको सञ्चालन गर्दछ, त्यस ईशतत्त्वलाई समर्पण भावपूर्ण स्वकर्मद्वारा जसले पूजा गर्दछ त्यसलाई सिद्धिलाभ हुन्छ ।"

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥

स्वकर्म अर्थात् आफूले रुचिकर मानेर गरेको शुभकार्य त्यसलाई हामी ममत्व दिऔं, आफ्नो संपूर्ण कौशल त्यसैमा लगाऔं त त्यो नै जगदीश्वरको अर्चना हुन सक्छ । शर्त यति छ यसमा निःस्वार्थता रहनुपर्छ, स्वयंको जीवनलाई उच्च र उच्चतर तुल्याउँदै अगि बढाउने हुनु पर्दछ। यति कुरा पूरा भएमा हाम्रो स्वकर्म नै भगवत्पूजा बन्न सक्छ र त्यसैमा हाम्रो संपूर्ण सिद्धि आश्रित छ । शाश्वत आवश्यकता चाहिँ यही रहन्छ, त्यसप्रति अध्यवसाय होस्, संलग्नता होस्, समर्पण-भाव होस् ।

हामी प्रकृतिका भावपूर्ण सङ्केतहरूतिर दृष्टि दिऔं। कुनै खोला-को नगिच गएर मनन गरौं । त्यहाँ हामीलाई अध्यवसायको सामर्थ्य थाहा हुनेछ । आफ्नो लक्ष्यप्रतिको समर्पण भाव नै जीवनमा शक्ति समुपार्जित गर्ने अमोघ उपाय हो भन्ने अर्थ खोलाले संझाइदिनेछ। खोला-को त्यो अंश, जसमा सबभन्दा तीव्र प्रवाह रहन्छ त्यस अंशको त्यो तीव्र प्रवाह अध्यवसायकै तीव्रतम रूप होइन ? आफ्नो लक्ष्यप्रतिको द्रुत-गामिता नै त खोलाको तीव्रताभित्र बोलिरहेको हुन्छ । त्यही द्रुत प्रवाह भएको अंशबाट विद्युत्शक्तिको आविर्भाव हुन्छ । विधुत् शक्ति त्यो तीव्र प्रवाह भएको अंशबाट किन पैदा हुन्छ ? अन्य मन्द प्रवाह हुने भाग-बाट किन हुँदैन ? अत्यन्त मननीय छ । शक्ति प्रभाव र चमक लिएको जीवन कसरी बन्न सक्छ, त्यसको संपूर्ण रहस्य खोलाको त्यस तीव्र प्रवाहभित्र छिपेको हुन्छ ।

आगो सर्वत्र व्याप्त छ । काठको प्रत्येक भागमा आगो व्याप्त छ । परन्तु सङ्घर्षण जुन भागमा पैदा हुन्छ त्यस भागबाटै आगो सल्कन्छ । जुन अंशले घोटिने अवसर पाउँछ त्यस अंशमा नै अग्नि पैदा हुन्छ । यो किन ? सङ्घर्षणबाट आगो पैदा हुनुले के बताउँछ ? जब एउटै लक्ष्यसाधनामा हाम्रो श्रम, साधना र समय सर्मपित हुन्छ त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्घर्षण पैदा भइरहेको हुन्छ । तीव्र प्रवाह खडा भइरहेको हुन्छ र यसैबाट हामीलाई शक्ति र सफलता प्राप्त हुन्छ । प्रत्येक सफलताप्रेमी जीवनसाधकको लागि आफ्नो लक्ष्यको स्पष्टता त्यसप्रति समर्पणभाव अत्यावश्यक हुन्छ । मानवका संपूर्ण असफलताहरू उसका संपूर्ण न्यूनताहरू, उसको लक्ष्यनिष्ठा नहुनुका नै उपज हुन् । मानवले बन्नु छ अथवा बिग्रनु छ त्यो अरू कुरामा होइन मानवको आफ्नै स्वभावमा भर पर्ने कुरा हो । बुझ्दै जाँदा मानव आफ्नो निर्माता पनि आफैं हुन्छ र आफ्नो ओरालो बाटो पनि उसले आफैं तयार परेको हुन्छ ।

चीनका महान् सन्त कन्फ्यूशियसको आश्रमको नियम थियो,– त्यहाँ शिक्षा लिएर जानेले गुरुसँग विदा माग्न जाँदा कुनै एउटा गाह्रो प्रश्न सोधेर गुरुबाट उत्तर पाउनु आवश्यक हुन्थ्यो । एकपटक एउटा उद्धत शिष्यले आश्रमबाट विदा हुन लाग्दा एउटा अनौठो प्रश्न सोध्यो । शिष्यले मुठ्ठीमा भरखरै फुलबाट निस्केको भर्गेराको बचरो ल्याएको थियो । शिष्यको विचार थियो जीउँदो छ कि मरेको छ भनेर बचराको बारेमा सोध्छु । यदि जीउँदै छ भनेमा बचरालाई मुठ्ठीले दबाएर मारिदिन्छु । यदि 'मरेको छ' भन्ने जवाफ पाएमा जीउँदो बच्चो निकालेर देखाइदिन्छु र गुरुलाई छक्याइदिन्छु ।"यस्तै विचार गरेर त्यस छात्रले कन्फ्यूशियसको सामु प्रश्न राख्यो । कन्फ्यूशियसले एकैछिन विचार गरेर मुस्कुराएर भने, " तिम्रो प्रश्नको समाधान तिम्रै हातमा छ ।"

"तिम्रो प्रश्नको समाधान तिम्रै हातमा छ "। गुरुको यस जवाबले शिष्यको तात्कालिक प्रश्नले त समाधान पायो, पायो । यस जवाबले जीवनकै मूल समस्याको समाधान दिएको उसले अनुभव गऱ्यो । आश्रममा बसुन्जेलको ज्ञानसाधना मानौं यस कूट प्रश्नको जवाबबाटै फलित भयो । आज शिष्यका आँखा सदाको निम्ति उघ्रिए । यतिञ्जेल व्यक्त हुन नपाएको श्रद्धा व्यक्त गर्दै गुरुलाई भक्तिसाथ प्राणाम गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफूलाई कृतार्थ मान्दै शिष्य घरतर्फ लाग्यो ।

वास्तवमा मानवका प्रत्येक प्रश्नको समाधान उसकै हातमा निर्भर रहन्छ । मानवको निमित्त आफ्नो अध्यवसाय, कर्मनिष्ठा र आत्म-चेतनाभन्दा हितकर बन्न सक्ने जीवनमा अरू केही कुरा पनि हुन सक्तैन । आवश्यकता छ मानव आफू भित्र चिहाओस् र आफूमा निहित अक्षय शक्तिस्रोतलाई आफ्नो अखण्ड अध्यवसाय र लक्ष्यप्रति समर्पण भावद्वारा प्रकट गर्न तत्पर बनोस्, वास्तवमा आज हामी जे छौं त्यो हिजोको हाम्रै कर्म चेतनाको परिपाक हो र हामी भोलि जे हुनेछौं, त्यसको सम्पूर्ण संभावना आजको हाम्रो अध्यवसायको मात्रामा भर पर्नेछ । जीवनको कर्म भूमि हो । कर्मयोगीको साधना सदा भोगहरूलाई पछाडि राखेर अगि बढिरहेको हुन्छ । समृद्धिका सौभाग्य यस्तै अध्यवसायी कर्मयोगका पथिकहरूको पाउ चुम्दै पछि लाग्दछन् अध्यवसायलाई चिनेको दिन, आफ्नो स्वकर्मलाई कलापूर्ण रूपले संपन्न गर्न जानेको दिन हामी स्वयं आफ्नो भाग्यका निर्माता बनेर चम्किरहेका हुनेछौं । त्यो हाम्रो आत्मविजयको दिन हुनेछ । जीवन निर्माणको स्वर्णिम प्रभात हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्भयताको प्राप्ति जीवनको उपलब्धि

अमेरिकाका महान् सन्त थोर गीताका परम भक्त थिए । दैवी-सम्पत्तिको रूपमा सोह्रौं अध्यायमा वर्णन गरिएका २६ मर्यादाहरूप्रति उनी अत्यधिक आकृष्ट थिए । जससँग पनि चर्चा हुँदा उनी दैवी सम्पत्तिका ती मर्यादाहरूमध्ये अभयनामक पहिलो र प्रमुख मर्यादाको विशेष उल्लेख गर्दथे । जिज्ञासुहरू उनीबाट आध्यात्मिक साधनले मानव-लाई निर्भयता प्रदान गर्ने सारभूत शिक्षा पाएर सन्तुष्ट बन्दै फर्कन्थे । सन्तको अत्यधिक प्रसिद्धि थियो । एकदिन महादार्शनिक इमर्सन सन्त थोरोको दर्शन गर्न गए । सन्त थोरो निर्जन वनको एकान्त स्थलमा रूख-को छाया मुनि एउटा साधारण खाट विछाएर पल्टिरहेका थिए । मुख-मा अखण्ड मुस्कान र कान्ति थियो । इमर्सनले त्यहाँ पुग्दा एउटा अचम्मको दृश्य देखे । सन्तको खाटकै वरपर सर्पहरू विचारण गरेको देखिन्थ्यो । तर सन्तको मुखमा कुनै त्रास वा उद्विग्नता देखिन्नथ्यो । इमर्सनले पहिलो दर्शनमा गरिने शिष्टाचारपछि प्रश्न गरे, "सन्तजी ! तपाईंलाई यी सर्पदेखि डर लाग्दैन ? यस्तो निर्जन वनमा एक्लै वस्नु-हुन्छ मनमा त्रास हुँदैन ?" सन्त थोरोले सिरानमुनिवाट गीताको पवित्र पुस्तक निकाल्दै मुस्कुराएर भने, "बन्धु ! डर कहाँ छ ? जब गीता-माता अभयदान दिन तयार छन् ? "Where is fear when mother gita is to protect ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इमर्सन सन्तबाट गीताले दिने आध्यात्मिक एवं भौतिक दुवै थरी अभयको व्याख्या सुन्दछन् र यस्ता महान् ग्रन्थले दिने सारभूत संदेशको प्रेरक प्रसङ्गलाई मनमनै गुन्दै त्यहाँबाट फर्किन्छन् । त्यस दिन उनले आफ्नो मन-मस्तिष्कमा एउटा नयाँ परिवर्तनको अनुभव गर्दछन् । उनको दृष्टिकोणमा एउटा नयाँ सोचाइ थपिन्छ ।

गीताको पाठ हामी जब जब गर्दछौं, पाठ गरेको सन्तुष्टिमा मनमा जरूर आउँछ, परन्तु जीवनमा त्यसबाट हामीलाई के कति भावात्मक परिवर्तन आउन सक्यो त्यसबाट हामीले कुन चाहिं प्रेरणा बढी लिन सक्यौं त्यसतर्फ मनमा उति चेतना हुँदैन । विभिन्न युगमा विभिन्न भावनाका टीकाकारहरूले गीतामा आ-आफ्नो मतको स्थापनाको निम्ति टीका लेखेका छन् । जसलाई जुन मत वा वादको अनुसरण गर्नु थियो त्यसैको सिद्धि गीताको आधारमा गर्ने कोशिस गरेका छन् । आ-आफ्नो मतको विपरीत लेख्ने अरू आचार्यहरू वा टीकाहरूको खण्डन गरेका छन् । हामीमध्ये पनि कोई कुनै मतको र कोई कुनै मतको रुचि लिएर गीता पढ्छ । अनि हामीलाई पनि तिनै मत-मतान्तरको खण्डन-मण्डनमा लेखिएका पंक्तिहरूपट्टि बढी चाख रहन्छ, दृष्टि त्यतै केन्द्रित हुन्छ । गीताको सोझो र शिक्षापट्टि हामीलाई ध्यान केन्द्रित गर्ने भावना उति जान सक्तैन । गीताले जीवनमा जगाउने पवित्र प्रेरणातिर हाम्रो लगन हुनै भ्याउँदैन । गीताको वास्तविक शिक्षा यिनै मत वा वादको चिन्तनमा हराउँछ ।

हामी पूर्वाग्रह वा पक्षपातबाट माथि उठेर गीताको अध्ययन गरौं त्यहां श्लोक श्लोकबाट हमीलाई प्रत्यक्ष रूपमा जीवननिर्माणका सोझो प्रेरणाहरू मिल्ने छन् । त्यो माथि उठेको तटस्थ मनःस्थितिले अध्ययन गरेमा हामी जीवनसाधनाको मूल फेला पार्न सक्तछौं, हामीलाई कुनै पूर्वधारणाको पर्खालले छेक्न सक्ने छैन । आ-आफ्नो ठाउँमा सबै मत वा सम्प्रदायले दिएको चिन्तन सार्थक लाग्दछ । कसैले खण्डन वा मण्डन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर समयको अपव्यय गर्नुपर्ने हुँदैन ।

हामी कुनै शहरलाई तलबाट हेर्न खोजौं त्यहाँ एउटा घरले अर्को घरलाई छेक्तछ, एउटा पर्खालले अर्को भित्री रचनालाई छोप्तछ, एउटा रूखले अर्को रूखलाई छल्दछ । परन्तु हामी त्यही शहरलाई धरहरा वा भ्यूटावर अथवा दृश्यावलोकन स्तम्भबाट हेरौं कुनै घरले घरलाई छेक्न सक्तैन, कुनै पर्खालले कुनै भित्री रचनालाई छेक्न सक्दैन, कुनै रूखले कुनै रूखलाई छल्न सक्तैन । सबै दृश्यावलीहरू छर्लङ्ग देखिन्छन् । गीताकै भाषामा हामीले खोज्यौं भने गीता पाठ गर्ने मनःस्थितको निर्देशन पाउँछौं कस्तो मनले गीताको पाठ गर्ने ? त्यसको निरीक्षण गीताले नै गर्दछ । गीतामा 'परमात्माको निर्देश छ "तिमी ! मान्यता वा सम्प्रदायको पूर्व-धारणामा नअल्झ । म सबै आकारमा सबै रूपमा उपासकको इष्ट बनि-दिन्छु । साधकको श्रद्धाले मलाई जस्तो रूपमा स्वीकार्छ त्यस श्रद्धाको परिपूर्ति म गरिदिन्छु ।

'यो यो मां मां तनं भक्त । श्रद्धार्याचितु मिच्छति ।

तस्य तस्याचलां श्रद्वां तामेव विवधाम्यदृम् ।। प्राणीमात्रको आत्माको रूपमा आफ्नो सत्तातिर इङ्गित गर्दै परमात्मा भन्नुहुन्छ "हे साधक ! म नै सम्पूर्ण प्राणीहरूको अन्तहृदयमा निवास गर्ने सबै सद्-भावहरूको प्रेरक आत्मा हुँ । मभन्दा पर यहाँ अर्को केही छैन । मैमा सम्पूर्ण भावनाजगत् भौतिकजगत् डोरामा मालाका दाना अवस्थित भएझैं अवस्ति छ,' अहमात्मा गुडाकेश सर्वभुताश्यय स्थित । मत्तः परतरं नान्यत् किञ्चिदस्ति धनञ्जय । मपि सर्व मिदं प्रोतं सूत्रेमणिगणाइव ।' कति विशाल छ यो भावभूमि कति उदार छ यो चिन्तन, यसैमा आज विश्वका प्रबुद्व चिन्तकहरूको मस्तिष्कले सार मानेको छ, गीताको यही सर्वात्मवादी समन्वयात्मक विशाल दृष्टिकोणप्रति मन्त्रमुग्ध छन् विश्वका प्रबुद्व चिन्तकहरू । हामी जब यस उन्मुक्त मनःस्थितिलाई लिएर गीताको अध्ययन मनन गर्दछौं, हामी प्राक्धर्मको, आर्यधर्मको, हिन्दूधर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वगामी विशालताको नगिचतिर बढिरहेका हुन्छौं । गीताको भावभूमि-लाई बुझेमा संसारका जुन कुनाको मानिसले, जुन भाषाले, जुन नामले श्रद्धासाथ आफ्नो प्रार्थना व्यक्त गरिरहेको होस् , आफ्नो उपासना गरिरहे-को होस्, त्यसको गन्तव्यस्थल एउटै परमसत्ता हुन्छ । एउटै परमात्मा-तत्त्व हुन्छ । यो हामी बुझ्न सक्तछौं । त्यसैले संसारभरि मित्रताको भाव, सद्भावको मनःस्थिति जागृत हुने हुनाले गीताध्ययनको परम फल निर्भयताको स्थिति प्राप्त हुन सक्तछ । संसारको समस्त भय पराईपन अर्कोपनबाट उठेको हुन्छ । "भयं द्वितीयाभिनिवेशतः स्यात्" अनि यो पराईपनको भेददृष्टिको पर्खाल कहाँबाट उठ्छ त ? यो उठ्तछ ईश्वर-को वास्तविक व्यापक स्वरूपको जानकारी नहुनुबाट-ईश्वादयेतस्य विपर्ययोऽस्मृतिः ।।' भागवतको सुन्दर परिकल्पनाले पनि यतैतिर इशारा गर्दछ ।

गीताको मूल प्रेरणा हो मानवलाई कर्म, शक्ति र ज्ञानको संगम-द्वारा जीवनको पूर्णता फेला पारी निर्भयताको स्थितिमा पुऱ्याउनु । मोहबाट जेलिएको मानिसलाई यी तीन मुख्य साधनाधाराद्वारा मोहमुक्त गराई आफ्नो कर्तव्यमा दृढनिष्ठ गराउनु गीताको ध्येय रहेको छ । आसक्ति र मोहको प्रश्नबाट विषादपूर्ण स्थितिको पूर्वपक्षबाट गीताको आरम्भ हुन्छ र मोहनाश र कर्तव्यपालनको प्रतिज्ञामा गएर यसको विश्रान्ति हुन्छ । दैवी सम्पत्तिको पहिलो मर्यादा 'अभय' मा पुगेर जीवन-साधना पूर्ण हुन्छ । निर्भय मानव तयार पार्नु भयरहित मानव निर्माण गर्नु गीताको अन्तिम ध्येय हो ।

गीताले निर्भयता दिन्छ । सबैमा आफ्नै अनुभूति राख्ने, सबैका सुखदुःखमा समान संवेदनशील बन्ने, अरूको हितमा समर्पित बन्ने अजस्र प्रेरणा छ गीतामा । गीताले मानवलाई व्यष्टिमानवबाट सम-ष्टिमानव बन्ने साधना सिकाउँछ । अरूको अहित हुने कामबाट आफ्नै अहित हुने एकात्मता दिन्छ, मानवलाई विशाल मानव बनाउँछ । गीता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले यस विशाल आत्मवादद्वारा व्यक्तिलाई अरूको स्वत्वमा आसक्ति राख्ने कलह, विवाद वा पूर्वग्रहमा अल्मलिने जस्तो सानो मनःस्थितिबाट माथि उठाउँछ र सबैप्रति सहानुभूतिपूर्ण मनःस्थिति दिन्छ । त्यसैबाट मानिसलाई जागतिक जीवनमा निर्भयता मिल्दछ । जब मानव कसैको पनि अनिष्ट गर्ने कल्पनै लिदैन आफ्नो विशाल आत्माको अनुभूतिमा सहयोगी बन्ने शुभ संकल्प र कर्तव्यनिष्ठामा नै केन्द्रित बन्दछ उसलाई भय कसबाट होस् ? तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः । अनि मानवमात्रको निम्ति भएको मूलकारणभित्रका विकारहरू हुन्छन् । यिनैको फन्दामा परेर मानव भयपूर्ण बन्दछ । संसारका बाहिरी शत्रुहरूले त मानवलाई केही समयको निम्ति दुःख देलान्, ज्यादा से ज्यादा एक जीवयमा देलान् । तर आन्तरिक शत्रुहरू कामक्रोधादि विकारहरूले मानवलाई जन्मजन्मान्तरसम्म सूक्ष्म रूप लिएर लखेटि रहन्छ । यिनीहरूबाट हुने भय सबैभन्दा ठूलो हुन्छ । यिनैलाई मानव-को साँचो वैरी बताउँछ र यिनको निवारणमा बल दिन्छ । जहाँ यी आन्तरिक विकारहरूमाथि मानवले विजय पायो मानव सर्वात्मना भय-मुक्त बन्दछ किन कि अब उसलाई गिराउने तल झार्ने कोही हुँदैन । अन्तर्विकृतिमाथि विजय पाउनासाथ मानव सम्पूर्ण भयमाथि विजयी बन्दछ । यसैमा माता गीताको परम निर्देश केन्द्रित छ ।

गीताको उक्ति छ 'जसले कामक्रोधादि अन्तर्विकृतिको वेग-लाई यसै जीवनमा रोक्न सक्यो संसारमा सबैभन्दा सुखी र सच्चा योगी पनि त्यही हो ।"

> शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात्
> कामक्रोधदभवं वेगं स युक्तः स सुखी नरः ।

गीता मानवलाई बनाउन चाहन्छ । आत्मनिर्माणमा गीताको बल छ ।Being मा होइन Becoming मा गीताको तात्पर्य छ । हुनुमा होइन बन्नुमा बल छ गीताको । मानव आफ्नै विकृतिहरूमाथि विजयी बनोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको विशालता र गरिमालाई फेला पारोस् यही गीताको सारपूर्ण शिक्षा हो । यसैको लागि त्यहाँ द्वितीय अध्यायमा स्थितप्रज्ञ लक्षण बाह्रौं अध्यायमा भक्तलक्षण, तेह्रौं अध्यायमा ज्ञानप्राप्तिको इच्छुकले गर्नुपर्ने साधना र सोह्रौं अध्यायमा दैवीसम्पत्तिका अक्षर मर्यादाहरू छन् । यी मानवलाई बनाउने साधनाहरू हुन् । यिनीहरूलाई खोजी खोजी साधकले जीवनमा अपनाउनु पर्दछ । सम्प्रदाय मतका वादको पूर्वाग्रहबाट मुक्त भएर मूल गीताको सोझो प्रेरणालाई सरलता साथ सिक्ने प्रयत्न गरेमा मानवले आफूलाई निर्भय बनाउन सक्तछ र समाजमा नै निर्भयताको वातावरण ल्याउन सक्तछ । यसको निम्ति तीव्र आध्यात्मिक साधनाको अपेक्षा हुन्छ । निष्काम कर्मयोगद्वारा जीवनमा अनुद्विग्नमन र आत्मनिरर्भरता भक्तियोगद्वारा सर्वप्रति स्नेह र सहानुभूतिको कोमल मनःस्थिति र ज्ञानयोगद्वारा आत्माको विशालताको बोध यी तीन साधनाहरू जसले पूरा गर्दछ जीवनको पूर्णता त्यसैलाई प्राप्त हुन सक्तछ। निर्भयताको द्वारामा त्यही पुग्न सक्तछ। चिन्तनका यी अनमोल क्षणमा गीतामाताले जगाएको आत्मचेतनालाई स्वयं ग्रहण गर्ने र समाजमा प्रतिष्ठित गर्ने पवित्र काममा सहयोग पुऱ्याउने संकल्प जगाऔं यही, अपेक्षित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धैर्यशीलता

हामी अलि गहिरिएर आफूतिर हेर्ने गरौं त कति ठाउँमा ससाना कुरामा अनावश्यक रूपले आफ्नो आत्मशक्ति खर्चिरहेका हुन्छौं । साना साना घटनाले हामीलाई उत्तेजित पारिरहेको हुन्छ । आवश्यक नपर्ने ठाउँमा पनि हामी उद्विग्न बन्न पुग्दछौं र त्यसरी क्षणिक आवेगमा आएर हामी एउटा ज्यादै मधुर परिणाम दिन सक्ने प्रसङ्गलाई पनि कटुतापूर्ण परिणामतिर अगि बढ्न मद्दत गर्दछौं । धैर्यको अभावले गर्दा हामीलाई धेरै अनुकूल स्थितिमा पनि प्रतिकूलता आइपुग्ने गर्दछ । त्यसैले मानवको सन्तुलित, सुव्यवस्थित र सुखी जीवनको लागि पाइला पाइलामा धैर्यको आवश्यकता पर्दछ । धैर्यको नित्य सहचर, सधैं साथ रहने गुण विवेक हो र त्यसले धैर्यशालीलाई नै वरगण गर्ने गर्दछ । जहाँ धैर्य छ त्यहीं विवेक हुन्छ र जहाँ धैर्य रहन्न त्यहाँ विवेकले पनि ठाउँ छोड्छ । अनि जहाँ विवेकले ठाउँ छोड्यो त्यहाँ मानवको निम्ति अनर्थ-को बज्रपात अवश्यम्भावी हुन्छ । त्यसैले धैर्यलाई धर्मको पहिलो मर्यादा मानिएको छ । धर्मका दश मूल मर्यादाहरूमा सर्वप्रथम स्थान धैर्यलाई दिइएको छ ।

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।।

यस श्लोकमा धृतिलाई पहिलो स्थान प्राप्त छ । जीवनको धारण र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोषण गर्ने शाश्वत आधार मानिएको धर्मको गणनामा पहिलो स्थान दिइनुले धैर्यको महत्त्व स्वतः स्पष्ट हुन्छ । धैर्य के हो? यो कसमा हुन्छ!

धीरमा हुने विशेष गुणलाई नै धैर्य भन्दछन् । "धीरस्य भावः धैर्यम् " । यसैलाई धीरता पनि भनिन्छ, अव धीरबारे सोचौं । महाकवि कालिदासले धीरको परिभाषा साह्रै राम्ररी गरिदिएका छन् । उनी भन्दछन्–"विकारको हेतु सामु छँदा छँदै पनि जसको मनमा कुनै विकार पैदा हुँदैन त्यस्तालाई धीर भन्दछन्" विकारहेतौ सति विक्रियन्ते येषां न चेतांसि त एव धीराः ।" विकृति पैदा गर्न सक्ने स्थिति हुँदा पनि जसको मन अविकृत रहन्छ तिनैलाई धीर भन्दछन् । धीर बन्नु प्रत्येक सफलताप्रेमी जीवन साधकको निम्ति आवश्यक हुन्छ ।

हुओस् त, यहाँ एकजना धैर्यधन महापुरुषको जीवनसँग सम्बन्धित एउटा प्रेरक प्रसङ्गको चर्चा गरौं । कुरो स्वामी विवेकानन्दको जीवनसित सम्बधित छ । स्वामी विवेकान्द एक पटक रेलद्वारा कतै जाँदै हुनुहुन्थ्यो । उहाँ जुन डब्बामा बस्नुभएको थियो, त्यसैमा दुईजना-योरोपीयन बन्धुहरू पनि बसेका थिए । स्वामी विवेकानन्द त्यस वेला दिग्दिगन्त भ्रमण गरेर हिन्दूधर्मको प्रचार गर्ने महान् अभियानमा संलग्न हुनुहुन्थ्यो । उहाँको यस अभियान बारे नै ती दुईजना योरोपीयन बन्धुहरू टीका टिप्पणी गरिरहेका थिए । उनीहरूलाई स्वामीजीसित परिचय थिएन । त्यस डिब्बामा बसेका स्वामीजी विवेकानन्द नै हुनुहुन्छ भन्ने उनीहरूले थाहा पाएका थिएनन् । टीका टिप्पणी गर्दै जाँदा उनीहरूले झन् झन् तीखा वाक्प्रहारहरू गर्न लागे । तर स्वामी विवेकानन्द भने प्रसन्न गम्भीर मुद्रामा सुन्दै गइरहनुभएको थियो । केही बेरपछि स्टेशन आइपुग्यो । रेल अडिसके पछि ती दुईजना योरोपीयन बन्धुहरू पानी खाने इच्छाले यताउति हेर्न लागे । तिनीहरूको अभिप्राय बुझेर स्वामी विवेकानन्द स्वयं जानुभयो र जलपात्रमा पानी ल्याएर ती दुइजनाको तिर्खा मेटाइदिनुभयो । आफूले कुनै कुरै नगरी त्यसरी आफैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएर पानी ल्याइदिने यी अपरीचित महात्माप्रति उनीहरूलाई ज्यादै उत्सुकता जाग्यो र उनीहरूले परिचय मागे। पछि बुझ्दा ती दुवै योरोपीयन बधुहरूलाई खपिनसक्नु लाज भयो घण्टौंदेखि जसको कटु आलोचना गर्दै थिए तिनै महापुरुषको यो सद्व्यवहार देख्ता उनीहरू संकोच र पश्चात्तापले पानी पानी भए। आखिर उनीहरूले स्वामीजीलाई सादर प्रमाण गरेर क्षमायाचना गरे स्वामीजीको धर्मप्रचार-अभियानमा पछि गएर ती दुइजना योरोपीयन बन्धुहरू अभिन्न सहायक भए।

यस प्रसङ्गलाई लिएर एकै छिन चिन्तन गरौं। त्यहाँ आलोचनाको बदला प्रत्यालोचनाबाट दिइएको भए परिणाम के हुन सक्तथ्यो होला सहजै अनुमान गर्न सकिन्छ। हुन सक्तथ्यो आवेगमा आएर कुनै अप्रिय घटना घट्न सक्तथ्यो र यो पनि सम्भव थियो। स्वामी जी पट्टिका मानिस मिलेर ती दुई जना माथि शारीरिक दृष्टिले विजय पनि गर्ने थिए। तर त्यो अधैर्यमूलक कटु-व्यवहारले त्यो सुखद परिणाम चिताउनु पनि असम्भव थियो जुन धैर्य र मधुर-व्यवहारले ल्यायो। भावनात्मक विजयले ल्याएको त्यो सुखद स्थितिले दुवै पक्षमा अपूर्व आनन्द प्रदान गऱ्यो र आजीवन अनुकूलताको मधुर सम्बन्ध खडा गऱ्यो। ती दुवै परकीय देखिने बन्धुहरू सदा सदाको निम्ति आत्मीयताको अमर सूत्रमा आवद्ध बन्न पुगे।

संसारका प्रत्येक महापुरुषतिर हेरौं, उनीहरूको महापुरुषत्वमा धैर्यरूप धर्मको प्रत्यक्ष रूपले महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। कसैले धर्मको रूपमा स्वीकार गरोस्, अथवा मानवीय गुणको रूपमा धैर्य जीवनको लागि नभै नहुने अमोघ र अनिवार्य गुण हो। धैर्यको बलले नै मानवलाई अँध्यारोभन्दा अँध्यारो स्थितिमा पनि प्रकाश बनेर बाँच्ने कटुभन्दा कटु वातावरणमा मधुरभन्दा मधुर बनेर जिउने शक्ति दिएको छ। मानवलाई स्वयं दिव्य बन्ने र समाजमा दिव्यता भर्ने प्रेरणा र शक्ति धैर्यद्वारा प्राप्त हुन्छ। त्यसैले भगवान् श्री कृष्णले गीतामा दैवी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पत्तिको क्रममा "धृति" शब्दले धैर्य नामक यस दिव्य गुणको उल्लेख गर्नुभएको छ । हामी पनि जहाँ जहाँ विकारको संभावना लिएर प्रतिकूल घडीहरू आइपुग्दछन्, एकै छिन चिन्तन गर्ने गरौं । ती प्रतिकूल घडीहरूभित्र संभावनाको विषय बनेर बसेका माङ्गलिक परिणामहरूलाई संझिने गरौं र जस्तो सुकै अप्ठेरो स्थितिमा पनि सकारात्मक परिणाम निकाल्ने प्रेरणा दिने यस धैर्यनामक सद्गुणको विकास गरौं ।

जीवन सदैव निर्माण सापेक्ष रहन्छ । हाम्रो धर्मले यही उत्तरोत्तर सकारात्मक र निर्माणात्मक बन्दै जाने उत्थानशील जीवको लागि आह्वान गरेको छ । यस आह्वानलाई सुनौं, गुनौं र गुणात्मक चिन्तनका धनी बनेर जीवनमा आनन्दभागी बन्न सिकौं । स-साना कुरामा आवेगमा आएर आफ्नो रचनात्मक शक्ति नष्ट गर्नुको सट्टा धैर्य र विवेकको सहाराले जस्तोसुकै प्रतिकूल स्थितिलाई पनि अनुकूल बनाउन सिकौं । यसको लागि आफूमाथि नै विजय गर्नु आवश्यक छ र त्यो गाह्रो पनि छ परन्तु उठौं, व्यूझौं र निर्माणकार्यमा संलग्न बनिहालौं सफलताले अवश्य साथ दिनेछ । हाम्रो महान्, धर्मले बोलाइरहेछ–

उत्थातव्यं जागृतव्यं योक्तव्यं भूतिकर्मसु

उठ, जाग र समुन्नतिको काममा लाग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमरताको बाटो

बृहदारण्यक उपनिद्षको द्वितीय अध्यायको चतुर्थ ब्राह्मणमा एउटा प्रेरक प्रसङ्ग आउँछ । प्रसङ्गअनुसार महर्षि याज्ञवल्क्य गार्हस्थ्य जीवनबाट संन्यास लिन चाहन्थे । उनले आफूसित भएको सबै धन सम्पत्ति आफ्ना दुई पत्नी कत्यायानी र मैत्रेयीलाई बाँडिदिए । कात्यायनी साधारण व्यवहारवादी विचार भएकी महिला थिइन् । त्यसैले पतिले बाँडेर दिएको धन-सम्मत्तिमा उनले सन्तोषको अनुभव गरिन् । उनलाई कुनै भन्नु पर्ने कुरा थिएन । तर मैत्रेयी भने ज्यादै चिन्तन प्रधान र जीवन विकास प्रति जागरूक दार्शनिक महिला थिइन् । पतिबाट आफ्नो हिस्साको धन प्राप्त हुन लाग्दा उनले वडो विनम्रतासाथ निवेदन गरिन् "पतिदेव ! चरणको प्रसादस्वरूप मलाई प्राप्त भएको सबै कुरा सादर स्वीकार छ । तर म हजूरबाट एउटा कुरा बुझ्न चाहन्छु । के म यो धनबाट अमर बन्न सकूंला ?"

जवाफमा केही मुस्कुराएर महाज्ञानी याज्ञवल्क्यले भने, "मैत्रेयी! यस धनबाट तिमीले ती भौतिक सुख सुविधाहरू सम्म त पाउनेछ्यौ, जुन आर्थिक दृष्टिले सम्पन्न हुनेहरूलाई प्राप्त हुने गर्दछन् । परन्तु अमृतत्त्वको चाहि आशा त धनबाट पूरा हुन सक्तैन ।" "यथैवोपकरणवतां जीवितं तथैव ते जीवितं स्यात् अमृतत्त्वस्य तु नाशास्ति वित्तेन ।"

पतिको यस जवाफप्रति केही खिन्नता झैं व्यक्त गर्दै मैत्रेयीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्, " पतिदेव ! हजूर जस्ता महाज्ञानीको चरणको सेवा गरेर जीवन बिताउने सौभाग्य प्राप्त गरिसकेर पनि यो तुच्छ नाशवान् धनमैं मक्ख परेर बस्न मलाई कसरी सुहाउला ? जसबाट मलाई अमृतत्व प्राप्त हुन सक्तैन त्यसलाई लिएर मैले के गर्नु ? मलाई त हजूरबाट अमरताको बाटो चाहिएको छ । हजूरले जान्नु भएको तत्त्व आज्ञा होस् ।" 'येनाहं नामृता स्यां किमहं तेन कुर्याम् । यदेव भगवान् वेद तदेव मे ब्रूहि ।'

मैत्रेयीको यो जिज्ञासा र विनयले भरिएको प्रश्नको जवाफमा महर्षि याज्ञवल्क्यले अत्यन्त प्रसन्न हुँदै भने, "मैत्रेयी ! अहिलेसम्म अनुभव गरेका गार्हस्थ्य जीवनका सम्पूर्ण सुखहरूभन्दा बढी सुख आज तिम्रो मुखबाट निस्केको अमरता सम्बन्धी यस उदात्त प्रश्नलाई सुन्दा मैले अनुभव गरिरहेछु । तिमी धन्य भयौ । तिम्रो यस प्रश्नलाई नै मानवले मनन गरिरह्यो भने पनि उसको आत्म-कल्याण सम्भव हुनेछ । लौ त सुन, अमरताको बाटो पैल्याउन चाहने प्रत्येक साधकले सर्वप्रथम ध्यान दिनु पर्ने कुरा आत्मा हो मैत्रेयी ! आत्माकै सम्बन्धमा दर्शन, श्रवण, मनन र निदिध्यासन सधैं गरिरहनुपर्छ । अमृतत्व प्राप्त गर्ने इच्छा भएकाले । तिमी आत्माको मधुर अस्तित्व प्रति दृष्टि सम्पन्न बन । यसलाई राम्ररी बुझ । संसारमा पति, पत्नी, सन्तान, धन आदि जुन जुन कुरामा हामी प्रियताको अनुभव गरिरहेका हुन्छौं । ती सबैमा पाइने प्रियता यही आत्माको अस्तित्वले गर्दा भएको हो र यसैको लागि भएको हो ।" " न वा अरे सर्वस्य कामाय सर्वं प्रियं भवति आत्मनस्तु कामाय सर्वं प्रियं भवति ।"

मैत्रेयी ! त्यस आत्मतत्त्वलाई चिन्नु, यसको अमर सत्तालाई फेला पार्नु नै अमरताको एक मात्र उपाय हो । तिमी यसप्रति सदा जागरूक रहू, अमर बन्नेछयौ ।"

प्रत्येक जीवन साधकको लागि मैत्रेयीको यो प्रश्न मूलमन्त्र बन्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ –"जसले मलाई अमृतत्वको भागी बनाउन सक्तैन त्यो कुरा पाएर मैले के गर्नु ? " अनि प्रत्येक जीवनसाधकको लागि महाज्ञानी याज्ञवल्क्यले अमरता प्राप्तिको अमोघ उपायको रूपमा बताएको आत्म-चेतना जीवनको सर्वस्व बन्नु पर्दछ –"आत्मा वाऽरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्य :। " मानवको संपूर्ण अभ्युन्नति यही आत्म-चेतनाको प्रसाद बनेर व्यावहारिक रूप लिन पुगिरहेको हुन्छ र उसको संपूर्ण अवनतिको पछिल्तिर आत्मचेतनाको अभावले आफ्नो प्रभुत्व जमा-इरहेको हुन्छ ।

हिन्दूदर्शनको संपूर्ण धारा आत्मानुसन्धानको यही अजस्र प्रेरणा लिएर प्रवाहित छ र अद्वैत दर्शनमा गएर यसको चरम परिणति भएको छ । अद्वैत दर्शनले मानवलाई छुट्टै दुइटा धरातलमा उभ्याएर आफूबाट सोच्ने प्रेरणा दिन्छ । वैयक्तिक दृष्टिले अद्वैतदर्शन मानवलाई स्वयं ब्रह्मको प्रतीक बताउँछ, मानवआत्माभित्रै जगद्व्यापी ब्रह्मसत्ताको अभिव्यक्ति र अनुभूति सम्भव छ भन्ने निर्देश गर्दछ र सामाजिक दृष्टिले ऐकात्म्यवादको सिद्धान्त प्रतिपादित गरेर अद्वैतदर्शन आफूभित्र संम्पूर्ण सामाजिक सत्ता देखाउँछ । आफ्नो अनन्त गरिमामय आत्मसत्ताप्रति जागरूकता र समष्टि जीवनप्रति एकात्मताको बोध यी दुई मूल चिन्तन नै हाम्रो आत्मदर्शनका सर्वस्व हुन् । मैत्रेयीको गम्भीर प्रश्न र महाज्ञानी याज्ञवल्क्यको सदा मननयोग्य उत्तर यिनै दुई कुरा आफ्नो महान् आत्म-सत्ता प्रति जागरूकता र लोकजीवन प्रति समरस सर्वकल्याणकारी एकात्म भावनालाई फैल्याउन प्रेरणा दिन्छन् ।

जीवनको सम्पूर्ण सफलता साध्य र साधनको विवेकमाथि निर्भर रहन्छ । यसमा जो जति अगाडि हुन्छन् उनीहरू त्यति नै अमरताका भागी हुन्छन । जीवनमा धन, बल, बुद्धि, विद्या यहाँसम्म कि स्वयं शरीर पनि केवल साधन हो । साध्य त हो हाम्रो अमर आत्मतत्त्वको दर्शन । यही हाम्रो निम्ति अमरताको बाटो हो । साधन के हो र साध्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के हो भन्ने कुरा छुट्याउन नसकुञ्जेल विना लक्ष्यको जीवनमा हामी वाँचेरै पनि बाँचेका छौं भन्ने स्थितिमा हुन्नौं र जीवनको लक्ष्यलाई ठीक ठीक सम्झेर आफूलाई उन्नतिशील तुल्याउँदै अगि बढेमा हामी मरेर पनि बाँचिरहेका हुन्छौं । हामी चाहें जति धनी हौं, जति बलवान् हौं अथवा जति चतुरताका भागी हौं त्यस बेलासम्म हाम्रो जीवन जीवन बन्न सक्तैन जबसम्म हाम्रो धन, बल, बुद्धि आदि साधन हाम्रो आत्मिक उज्ज्वलताको लागि हुँदैन, त्यसैले मैत्रेयीको यो प्रश्न हाम्रो लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ "जसले मलाई अमर जीवनको अधिकारी तुल्याउन सक्तैन त्यो कुरा पाएर मैले के गर्न ?" यस प्रश्नद्वारा मैत्रेयीले निश्चय नै जीवनको त्यो पक्षलाई कोट्याएकी छन् जसद्वारा मानव आफैमा सीमित संकीर्ण जीवनबाट माथि उठेर सबैलाई सुख, शान्ति र प्रकाश दिने उज्ज्वल जीवनतिर पाइला चाल्न सफल हुन्छ । आफ्नो विशाल र उदार व्यवहारको सुखद छहारी मुनि अरूलाई विश्राम र शान्ति दिन भन्दा ठूलो मानव आत्माले आफ्नो महत्ताको प्रदर्शन गर्न सक्ने दिन नै कुन होला र ? हाम्रो प्रत्येक साधनले हामीलाई आफ्नो उच्चता र आदर्श काएम राखेर अरूको लागि पनि सुखद र शान्तिदायी बन्न सघाउ पुऱ्याउन्, वेदान्त दर्शनको सम्पूर्ण निर्देश यसैमा चरितार्थ हुन्छ, अमरताको उज्ज्वल आभा पाएर हाम्रो आत्माले यसैमा पूर्णतम स्थिति प्राप्त गर्न सक्छ ।

प्रत्येक दिन प्रातःकालको माङ्गलिक बेला हामी प्रभुसित गुहार्ने गरौं प्रभो ! हामीलाई त्यो धन दिनुहोस् जसद्वारा हामी जनसेवामा अग्रसर बन्न सकौं । त्यो बल दिनुहोस् जसद्वारा हामी दुर्बलहरूलाई उठाउने काम गर्न सकौं, त्यो बुद्धि दिनुहोस् जसद्वारा हामी घृणाको ठाउँमा प्रेम, निर्दयताको ठाउँमा करुणा र कलहको ठाउँमा शान्ति छरेर बाँच्न सकौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो गृहस्थाश्रम

जुन संस्कारद्वारा संस्कारित भएर गृहस्थाश्रममा प्रवेश गरिन्छ त्यसको नाम हो विवाह संस्कार । यो वि + वाह हो अर्थात् यसद्वारा जीवनमा विशेष प्रकारको दायित्व वहन गरिन्छ । यो समस्त आश्रम-हरूको मूल हो भनेर समस्त स्मृतिकारहरूले एक स्वरले भनेका छन् । अन्य सबै आश्रमहरूको लागि आवश्यक सहयोग जुटाउने गृहस्थाश्रम नै हो । त्यसैले यसमा पाइला राख्न विशेष वाह अर्थात् एउटा विशिष्ट उत्तरदायित्वको वहन आवश्यक हुन्छ ।

आफ्नै प्रतिनिधिरूप सुयोग्य सन्तान उत्पन्न गरेर उसले पितृ-ऋणबाट मुक्त हुनु छ । न्यायपूर्वक आफ्नै पसिनाले कमाएको धनबाट लोककल्याणकारी मङ्गलमय धर्मानुष्ठानद्वारा उसले देवऋण तिर्नु छ र आफूमा विकृतिहरूको प्रभाव पर्न नदिई मानसिक विकारहरूमाथि विजय गरेर आत्मज्ञानद्वारा ऋषिऋण तिर्नु छ । ब्रह्मयज्ञ, पितृयज्ञ, दैवयज्ञ, भूतयज्ञ र मनुष्ययज्ञ जस्ता कृतज्ञता र सेवाभावनापूर्ण पावन यज्ञहरूद्वारा प्रतिदिन उसले आफ्नो जीवनमा कल्याणकारिता भर्नु छ । कति विशाल छ गृहस्थाश्रमको जिम्मेदारी, अनि कति भाग्य-शाली हुन्छन् ती आत्माहरू जो एकअर्काप्रति सहयोगी बन्दै दम्पतीको रूपमा यस साधनामय सुन्दर गृहस्थाश्रमको मर्यादामा खारिने गर्दछन् ।

वास्तवमा जीवन विकासको निमित्त सबैभन्दा व्यापक भूमिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूरा गर्ने ठाउँ गृहस्थाश्रमनै हो । धर्मप्रतिको गलत दृष्टिकोणले गर्दा कतै कतै गृहस्थाश्रमलाई वन्धन मान्ने र यसलाई छोडेर हिँडनुलाई नै पुरुषार्थ मान्ने प्रकृति पनि पाइन्छ । यो यसमाभन्दा उच्च भूमिका अन्य आश्रममा गएर पूरा गर्न सकिन्छ भन्ने उम्मीद भएका केही आदर्श महामानवहरूले गार्हस्थ्य जीवनलाई त्यागेका छन् । तर त्यो त्याग घृणा वा अनास्थावाट प्रेरित नभएर जीवन निर्माणप्रतिको अदम्य आस्थाको प्रतीक हो । वन्धन वा मोक्ष कुनै आश्रममा रहन्न, त्यो त मानवको मन-भित्र रहन्छ । कर्तव्यनिष्ठा व्यक्तिको लागि सबै दिशा मुक्तमय छन् । गार्हस्थ जीवनले पनि मुक्तिमा पुऱ्याउन सक्तछ यदि यसका आदर्श मर्यादाहरूको पालन हुन्छ भने । त्यसैले त यसमा 'आश्रम' शब्द जोडिए-को छ । यदि गृहस्थाश्रम सांच्चिनै वन्धनरूप थियो भने यसमा आश्रम शब्द नराखेर विवशतासूचक अर्को कुनै शब्द राखिने थियो होला ।

यो त जीवनसाधनाको क्रममा स्वयं बन्ने र अरूलाई बनाउने सुन्दर आश्रम हो । पवित्र दाम्पत्यसूत्रमा आवद्ध भएर यस पावन आश्रममा प्रवेश गर्ने भाग्यवान् आत्माहरूको प्रभावकारी भूमिकाबाट हाम्रो धर्मले कति राम्रो रचनात्मक संकेत दिएको छ । मनुस्मृतिमा भनिएको छ "शुल्क लिएर शास्त्रीय विद्या पढाइदिने शास्त्रगुरुभन्दा आफ्नो महान् चरित्रद्वारा शिष्यमा सदगुणहरूको विकास गरिदिने संस्कारगुरु दस गुणा ठूला हुन्छन् । त्यस्ता संस्कारगुरुभन्दा सय गुणा ठुला बाबु हुन्छन् र त्यस्ता बाबुभन्दा हजार गुणा ठुली आमा हुन्छिन् ।"

"उपाध्यायान् दशाचार्य आचार्याणां शतं पिता
सतस्रं तु पितृन् माता गौर वेणातिरिच्यतं ।।

(मनु. अ. २, श्लो. १४५)

तात्पर्य के भने संस्कारगुरुले गर्न नसकेको चरित्रनिर्माणको कार्य बाबुले गर्न सक्तछन् र बाबुले पनि गर्न नसकेको सन्तानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणात्मक विकास आमाले गर्न सक्तछिन् । यस महान् लक्ष्यको पूर्ति गरेर समाजको निम्ति चरित्रबलको चम्चमाउंदो आदर्श खडा गर्नको निमित्त गृहस्थाश्रममा प्रवेश गरिन्छ । त्यसैले यसको यति महत्त्व गरिएको छ ।

बाबु आमा बन्नुको मतलब तपस्यामा खारिनु हो । माथि भनिएः को स्मृतिवचनले आमा बाबुका आफ्ना सन्तानमाथि चारित्रिक दृष्टिले कति प्रभाव पर्दछ भन्ने कुरा मनोवैज्ञानिक रूपमा जनाउँछ । व्यवहारमा देखिएको पनि छ बालकहरूमा बोली, व्यवहार चालचलनमा सबैभन्दा पहिलो प्रवाह बाबुआमाकै पर्दछ । त्यसैले बालकहरूलाई बनाउनको निमित्त नै बाबुआमाले बन्नु पर्ने हुन्छ । उनीहरूको सानो भन्दा सानो सतर्कताले पनि सन्तानहरूमा ठुलो गुणात्मक विकास ल्याउन सक्तछ र सानोभन्दा सानो हेलवेक्‍र्याइँले शिशुहरूको हृदयमा विपरीत प्रभाव पर्न सक्तछ । प्रत्येक बालकको रूपमा गृहस्थको घरमा आउने भगवान्‌ले आफ्नो अमोघ चेष्टाद्वारा भित्रभित्रै आमाबाबुलाई भनिरहेका हुन्छन् मलाई बनाउनुभन्दा पहिले आफु बन । यसरी हेर्दा थाहा हुन्छ हाम्रो धर्मले गार्हस्थ्य जीवनलाई किन आश्रमको संज्ञा दिएको रहेछ ।

कति मुक्त रूपले घुमिरहेको मानिस सांझ पर्नासाथ एकाएक घरको संझनाले तानिन्छ । कति मानिसहरू चाहन्छन् सधैं इच्छानुसार घुमिरहौं, आज यहाँ भोलि उहाँ. तर के गर्नु यो घरको कामले दिँदैन । सामान्यरूपले हेर्दा घर बन्धनको रूपमा देखिन्छ । 'गृह्णाति इति गृहम्' । जसले पक्रेर राख्तछ त्यो घर हो तर यसले पक्रेर राखे पनि अन्तमा तपस्या गराउँछ र मुक्तिको लागि भूमिका तयार पारिदिन्छ । त्यसैले हाम्रा आचार्यहरूले घरको नाम मन्दिर पनि राखिदिएका छन् । अमरकोष भन्दछ, "निशान्तपस्त्यसदनं भवनागारमन्दिरम्" । यी घरका नाम हुन् । घर मन्दिर हो किन कि यहाँ प्रत्येक काम जीवनविकासको निमित्त यज्ञभावनाले गरिन्छ । भगवान् श्री कृष्ण भक्तमूर्धन्य उद्धवसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नुहुन्छ,' जीवनको अर्थ बुझ्ने र प्रत्येक कर्मलाई कुशलतासाथ सम्पन्न गर्ने मेरो भक्तले गृहस्थाश्रममा बस्नु पर्‍यो भनेर कति पीर नमाने हुन्छ किनभने मेरो सच्चा भक्तलाई घर परिवारमै रहे पनि त्यसले बन्धन बनेर बाँध्न सक्तैन । उ सदा मुक्त रहन्छ ।"

गृहस्थाविशतां चापि पुसां कुशलकर्मणाम्
मद्वार्तायातयामानां न बन्धाय गृहा मताः

—श्रीमद्भागवत

त्यसैले हामी देख्तछौं भागवतादि उत्तम भक्तिग्रन्थमा भगवान् स्वयंले वर माग भन्दा पनि भक्तले मुक्तिको माग गरेका छैनन् । किन भने मुक्ति त बन्धनमा रहनेलाई पो चाहिन्छ । भक्तलाई बन्धन कहाँ छ र मुक्ति मागोस् के भगवत्कार्य गरेर बांच्नु पनि बन्धन हुन्छ र? त्यसैले बाबु बनौं वा आमा गृहस्थाश्रमको मर्यादातिर सदा दृष्टि दिएर चरित्रशील बन्ने र आफ्नो चारित्रिक शक्तिद्वारा सन्ततिहरूलाई संस्कार दिने पवित्र व्रत लिएर बाचौं, वचन, मन कर्ममा सात्त्विकता ल्याऔं हामी गृहस्थाश्रममा रहेर नै भगवान्तिर अगि बढिरहेका हुनेछौं । आफ्नो साधनामय जीवनद्वारा आफ्नो घरलाई नै मन्दिर तुल्याइरहेका हुनेछौं । आत्मविकास, सामाजिक सेवा र ईश्वरनिष्ठाको त्रिवेणीलाई सदा मनमा राखेर निष्काम भावले अगि बढौं, गृहस्थाश्रमको मर्यादापालनमा गरिने प्रत्येक कार्यमा मुक्ति नै मुस्कराइरहेछ । हामी जुन समाजका अङ्ग बनेर बाँच्तछौं त्यसको सेवामा केही न केही उत्तम उपहार हामीले पुऱ्याउनै पर्छ । त्यो उपहार हाम्रो चारित्रिक उपहार भन्दा अरू के हुन सक्ला ? त्यसैले हामीले आफ्नो चरित्रबल र आफैंले संस्कारित गरेर तयार पारेका हाम्रा चरित्रवान सन्ततिहरूको सेवाबलद्वारा समाजको कल्याणमा सहयोग जुटाउनु परेको छ, यसैमा हाम्रो गार्हस्थ्य जीवन फलवान् बन्ने छ। स्वयं जगत् स्रष्टा ब्रह्माले भन्नुभएको यस वचनलाई सदा मनमा राख्नु छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"तवसम्म नै रागद्वेष आदिले हृदयको दिव्यधनलाई लुट्ने छन् तवसम्म नै घरपरिवार झ्यालखाना बन्ने छन्, तवसम्म नै मोहले सांग्लो बनेर गोडा कस्ने छ जवसम्म आत्मा भगवान्को लागि समर्पित हुँदैन ।"

तावद् रागारयस्तेना स्तावत् कारागृहं गृहम्
तावन्मोहोऽङ्घ्रिनिगडो यावत् कृष्ण ! न ते जना : ।।

—श्रीमदभागवत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरप्रति भक्ति: पावनताको यात्रा

सम्पूर्ण उपनिषद्दर्शनको सार, समस्त वेदान्तदर्शनको सर्वस्व मानिएको श्रीमद्भगवद्गीता "भन्दछ मानव जस्तोसुकै पतित अवस्थामा पुगेको होस्, जीवनको जस्तोसुकै ओरालो अवस्थामा निराशाको स्थितिमा पुगेको होस्, यदि शुद्ध, निश्छल आस्था बोकेर ईश्वरको शरण ग्रहण गर्दछ, अनन्यतासाथ समर्पित बन्दछ भने त्यो पतितबाट पावन बन्न सक्तछ । निराशाबाट आशलाग्दो स्थितिमा, ओरालो अवस्थाबाट समुत्थानको बाटोमा आफूलाई पुऱ्याउन सक्तछ । भगवान्को पवित्र आश्वासन छ भक्तप्रति–"साधक! तिमी पतितभन्दा पतित नै छौ भने पनि, दुराचारीभन्दा दुराचारी छौ भने पनि एक पटक आफ्नो त्रुटिप्रति सजग बन, मेरो शरण ग्रहण गर, म तिमीलाई ज्ञानको डुङ्गा दिन्छु त्यसैबाट पाप-समुद्रलाई तर्नेछौ ।"

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यति ॥

गीतामै अन्यत्र भगवान्को वचन छ –"मानव जस्तो सुकै दयनीय स्थितिमा होस्, यदि आत्मबल बटुलेर मप्रति अनन्त भक्तिसाथ अभिमुख हुन्छ भने त्यसले साधुताप्रति पाइला चालेको मान्नु पर्दछ । त्यसले सर्वोत्तम विचार मनमा लिएको सम्झनुपर्दछ । मप्रतिको अनन्य आस्थाले उसलाई पतितताको स्थितिबाट पावनतामा पुऱ्याउने छ, पापपरायण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनबाट धर्ममय जीवनतिर डोन्याउने छ र शाश्वत शान्तितिर अग्रसर तुल्याउने छ । प्रिय अर्जुन! तिमी राम्ररी संझ मप्रति साँचो भक्ति भएको साधकको पतन कहिल्यै हुन सक्तैन ।"

अपि चेत् सुदुराचारो भजते मामनन्यभाक्
साधुरेव स मन्तव्यः सम्यग् व्यवसितो हि सः ।।
क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ।।

कस्तो आश्वसन छ भगवान्को भक्तप्रति ! कत्रो ढाढस र हौसला छ जगदीश्वरको जीवनसाधक प्रति ? तर यो आश्वासन, यो ढाढस, यो हौसला त्यसैप्रति छ । जो बन्न चाहन्छ । पावनताप्रति, समुत्थानप्रति आत्मविकासप्रति जसलाई ममत्व छ, आस्था छ, त्यसैलाई यो आश्वासन यो हौसला, यो ढाढस हो । जो बन्न चाहँदैन, सुधार चेतना जसमा छैन, आपना विकृतिहरू, आपना दूषणहरूलाई यथावत् बोकेर जो भारभूत जीवन यापन गर्न चाहन्छ, जो चाहन्छ म जस्तो छु त्यस्तै रहुँ र ईश्वर-ले मलाई यसै स्थितिमा सहयोग गर्दै रहुन् त्यस्ताको लागि यस मङ्गलमय आश्वासनको कोही अर्थ रहन्न । उपनिषद् भन्दछ लाचार व्यक्तिले, बलहीन व्यक्तिले आत्मनिर्माण प्रति उदासीन व्यक्तिले कहिल्यै आत्मलाभ गर्न सक्तैन । "नायमात्मा बलहीनेन लभ्यः।। "जसमा आपनो बानीव्यहोरा-माथि स्वयं सुधार ल्याउने आत्मशक्ति छैन, जो आत्मसंयमदेखि डराउँछ, त्यस्तो आदतको लाचार व्यक्तिको लागि आध्यात्मिक साधनाको कुनै अर्थ रहन्न । त्यस्तो आत्मचेतनाको शून्य व्यक्ति आज धर्म मान्दैन, भोलि धर्म मान्ने होस् आज ईश्वरमा विश्वास राख्तैन भोलि राख्न थालोस्, केही फरक हुँदैन । धर्म नमान्दा पनि जीवन दोषपूर्ण र लागिसक्दा पनि दोषपूर्ण हुन्छ भने लाग्नु नलाग्नुमा अन्तर के ? ईश्वर नमान्दा पनि बानी बेहोरा उही ईश्वर मान्न थाल्दा पनि बानी बेहोरा उही छ भने मान्नु नमान्नुको मतलब के ? यदि आत्मविश्वास छ भने, आफूलाई बनाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाङ्क्षा छ भने ईश्वरभक्ति पावनताको यात्रा हो, धर्मप्रतिको आस्था आत्मनिर्माणको प्रभात हो । त्यस्तैको लागि भगवान्को आश्वासन हुन्छ। हामी ईश्वरप्रति प्रेम त गरिरहेछौं, तर बानीमा सुधार ल्याउने पट्टि हाम्रो ध्यान रहन्न, हिजो जस्तो बोली बोल्दथ्यौं आज पनि त्यस्तै बोल्दै हुन्छौं, हिजो मनमा जस्ता दूषित संकल्पहरू उठ्तथे आज पनि त्यस्तै उठ्तछन्, हिजो हामी अरूप्रति जस्तो व्यवहार गर्दथ्यौं आज पनि त्यस्तै गर्दै हुन्छौं भने मान्नुपर्दछ हामीले न धर्मलाई नै अपनाएका छौं न ईश्वर-लाई नै । भागवतको भाषामा यसलाई कुञ्जर शौच भनिएको छ । हात्ती-लाई नुहाईधोई सफा पार्न खोज्नु जस्तै नै हाम्रो यो व्यवहार हुन्छ । हामी जत्ति साफ पार्न खोजौं हात्तीलाई, एकैछिनमा उ आफैं धूलो उठाएर खन्याउँछ आफूमाथि र फोहोरै फोहोरले भरिदिन्छ आफूलाई । सफाईको सारा प्रयासलाई हात्तिले स्वयं विफल तुल्याइदिने गर्दछ । त्यस्तै गरी यदि धर्म र ईश्वरको अवलम्वन पनि लिन खोज्दै गर्ने अकृत्य-हरू पनि गर्दै गर्ने गर्छौं भने हामी पनि कुञ्जर शौच गरिरहेका हुन्छौं । श्री रामकृष्ण परमहंसदेवको भनाइअनुसार यस्तो लक्ष्यहीन आस्तिक-भन्दा त इमान्दार नास्तिक धेरै असल हुन्छ ।

धर्मनिष्ठा वा ईश्वरभक्ति स्वयंमा आत्मपवित्रताको राजमार्ग हो र यो प्रत्येक आत्मसाधकलाई दृढ विश्वास हुनु पर्दछ । अनि आनन्द आउँछ आध्यात्मिक चिन्तनमा, सन्तुष्टि आउँछ धार्मिक साधनामा । धर्म वा ईश्वरनिष्ठाको अर्थ शरीर कुनै अङ्गमा अमिल्दोपन छ, बांगो टेढो-पन छ, त्यसलाई मिलाउ भन्ने होइन जीवनको व्यवहार जगत्मा पवि-त्रता वा प्रामाणिकता ल्याउनु नै धर्म वा ईश्वरनिष्ठाको महत्त्व हुन्छ । हाम्रो चिन्तनकेन्द्रमा, मनमा असल भावनाहरूको उदय होस् र त्यसद्वारा परिचालित हाम्रो व्यवहार प्रामाणिक होस्, शुद्ध होस्, समाजको कल्याण-कारी होस्, आत्मसमुत्थानको द्योतक होस् यही नै हाम्रो धर्म वा ईश्वरप्रतिको आस्थाको सच्चा परिचायक हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब हामी जगदीश्वरलाई शान्ति, प्रेम, सत्य, प्रकाशको रूपमा स्वीकार्छौं र त्यसै अनुरूप आफूलाई उपासनोमा अग्रसर तुल्याउँछौं जब हाम्रो प्रार्थनामा आफ्नो आन्तरिक विकृतिप्रति सजगता व्यक्त हुन थाल्दछ, जब हामी आत्मनिर्माणको सुखद परिकल्पनाद्वारा परिचालित हुन थाल्दछौं, जब हामी पारिवारिक एवं सामाजिक अनुशासनमा सहयोगी बन्नुलाई उपलब्धि मात्र सिक्छौं सारांशमा जब हामी आफ्नो त्रुटिपूर्ण जीवनमा नित्य परिष्कार ल्याउने प्रयत्नमा हुन्छौं तबमात्र हामीले धर्म वा ईश्वरलाई स्वीकारेको ठहर्छ। केवल मानिदिनु पर्याप्त हुँदैन अनन्य भक्ति चाहिन्छ। जब जब हामी भगवान्को नाम लिन्छौं,हृदयदेखि पुकार्ने र नाम लिने गरौं, आत्मविकासको लागि जीवन समुत्थानको लागि लिने हामीलाई सतत सहयोग मिल्दै रहनेछ। अंग्रेजीको एउटा उखानले भन्दछ, 'ईश्वरले तिनीलाई मदद गर्छन्–जो स्वयं प्रति मददगार छन्–God helps those who help themselves'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् बुद्ध आर्यधर्मका महान् व्याख्याता

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमा आउँछ र जान्छ । यस महान् दिनले वर्षमा एकपटक आएर हामीलाई नेपाल आमाका विश्वप्रिय पुत्र मानवताका समुज्वल प्रकाशस्तम्भ, अहिंसाका प्रतिमूर्ति शान्ति र समताका प्रबल प्रतिष्ठापक सौम्यमूर्ति भगवान् बुद्धका प्रेरक सन्देशहरू-प्रति सजगता दिएर युद्धको विभीषिकाद्वारा ग्रस्त वर्तमान मानवको निर्विकल्प शान्तिपथको संझना दिलाएर, मानवभित्रै मानवीय उच्चताका अपरिसीम सामर्थ्यहरू हुन्छन् मानव आफैं आपनो भाग्यको निर्माता हो भन्ने चेताएर जान्छ ।

भगवान् बुद्धको उदय जुन समयमा भयो त्यसको सामाजिक पृष्ठभूमितिर दृष्टि दिँदा भगवान् बुद्धका पवित्र शिक्षाहरू र सन्देश-हरूको अर्थ संझिन वढी सजिलो पर्दछ । वैदिक धर्मका जुन सद्व्यवहार-वादी, विश्वात्मवादी, सर्वकल्याणगामी सार्वभौम सन्देशहरूले आर्य धर्म र संकृतिको विश्वआकर्षक आधार खडा भएको थियो, उपनिषद् दर्शन-को जुन एकात्मता, समता, शान्ति र सद्भावना केन्द्रित जीवन प्रेरणा-बाट प्राच्य धर्म र संस्कृतिको महनीय स्वरूप अवस्थित थियो त्यसवेला समाजमा त्यसको प्रायः विस्मरण हुन गएको थियो । प्राणीमात्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिंसालाई अकृत्य मान्ने शान्ति र अहिंसाको प्रबल प्रेरक उपनिषद् दर्शन प्रति जनजीवन विमुख हुँदै गएकोले, उपासना एवं ज्ञानबाट तल तल ओर्लिंदै गएको मनःस्थितिले गर्दा सम्पूर्ण धार्मिक जगत् कर्मकाण्डको सकाम भावनालाई उत्तरोत्तर अङ्गीकार गर्दै दिनानुदिन विकृतितिर लम्किंदै थियो । काम्य कर्मको निमित्त नृशंसता पूर्वक जताततै प्राणी-हिंसा व्याप्त हुँदै गएको थियो । वेदद्वारा प्रतिपादित पवित्र ज्ञान-सन्देश-मा अधिकार अनधिकार आदिको विपुल चर्चाले समाजमा परस्पर एक-अर्कोप्रति हीनताको भाव बढ्दै गइरहेको थियो । गुणात्मक दृष्टिमा भन्दा बाह्य उपाधिको निराधार आश्रय लिएर मानिसमा ऊँच निचता-को मिथ्या विवाद चर्किरहेको थियो । त्यस बेला एउटा यस्तो निर्भीक मार्ग दर्शकको आवश्यकता थियो जसले धर्मको चरम सत्यलाई सरल सहज भाषामा जनजीवनमा पुऱ्याइदेओस्, मानवमात्रलाई आत्मसमुत्थान को समान अधिकारको ज्ञान प्रदान गरोस्, मानिस केवल आचरणले केवल चारित्रिक उच्चतालेमात्र महान् हुन्छ अरु बाह्य कुराले होइन भन्ने यथार्थ सत्य संझाएर जन-जनमा आत्मविश्वास जगाइ देओस् । युगको यही माग अनुसार त्यसबेला भगवान् बुद्धको अवतार भएको थियो । २६०० वर्ष अघि कपिलवस्तुका प्रतापी राजा शुद्धोधनकी धर्ममयी महारानी महामाया देवीको गर्भबाट जन्मनुभएर नेपाली माटोकी गरिमालाई युगयुग जीवित रहने उज्ज्वल प्रकाश दिने भगवान् बुद्धको जीवनमा शैशवावस्था नै कुनै युगपुरुषमा मात्र देखिने विलक्षण विशेषताहरु प्रकट भएका थिए । सानै उमेरदेखि भगवान् बुद्ध विशेष ध्यान, चिन्तन र मननमा संलग्न देखिनु हुन्थ्यो । युवावस्थामै पुगेपछि लौकिक मर्यादा अनुरूप महाराज शुद्धोदनले तथागतको विवाह अत्यन्त रूप-शीलवती कोलिय राजकुमारी यशोधरासँग गरिदिएका थिए । परन्तु जसको जीवनबाट विश्वमानवको कहिल्यै नमर्ने आदर्श मार्गदर्शन मिल्नु थियो, जसको पवित्र साधनामय जीवनबाट आध्यात्मिक समुत्थानको जनजनव्यापी अमर प्रकाश छरिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो ती अमर विभूतिलाई सांसारिक माया बन्धनले आफ्नो पवित्र ध्येयनिष्ठाबाट विचलित पार्न सकेन । २९ वर्षको उमेरमा एकरात अन्धकारले संसारलाई छोपिरहेको वेला जन्म जरा मृत्युको अखण्ड चक्रमा पिल्सिरहेको मानव जगत्को निम्ति चिर प्रकाशको खोजी गर्न प्राणीमात्रको निम्ति निर्वाणको परम प्रकाश पत्तो लगाउन समस्त जीव-जगत्को दुःखको कारण ठम्याउन राजकुमार सिद्धार्थले नववधूको प्रेम-पूर्ण सम्पर्क, नवजात शिशुको वात्सल्यमय अनुहार भनी राज्यसुखको अपरिमित सुखदप्रलोभनहरू सबैलाई तृण बराबर मान्दै राज-दरबारबाट अभिनिष्क्रमण गर्नुभयो । भगवान् बुद्धको पावन प्रेरणा दायी, हृदयस्पर्शी, साधनाक्रम यसरी दिइने जीवनका सुखदुःख सँगै समस्त भएर द्रवित भएको मनःस्थितिबाट जसले अघि बढेको पाइन्छ । बाल्यअवस्थामा खेलखेलकै क्रममा आफ्नै एकजात बन्धुले बाणले घाइते तुल्याएको हाँसलाई देखेर त्यसलाई बचाउन अश्रुपूर्ण नेत्रले व्यग्रतासाथ समर्पित करुणामूर्ति भगवान् बुद्धले विश्वप्रति करुणा-द्वारा नै प्रेरित अभिनिष्क्रमण पछि ६ वर्षसम्मको अखण्ड तपश्चर्या र कठोर साधनाद्वारा बोधगयाको पवित्र बोधिवृक्षको छायामुनि वैशाख-पूर्णिमाको दिन परम सत्यको दर्शन गर्नुभयो, जसलाई संबोधिलाभ को संज्ञाले उल्लेख गरिएको छ ।

संम्बोधिलाभ पछि भगवान् बुद्धको समग्र जीवन सत्य धर्मको अहिंसा धर्मको, शान्तिधर्मको प्रसारमा बितेको पाइन्छ । उहाँले आफ्नो सम्पर्कमा आउने प्रत्येक मानवलाई आफ्नो निर्माता आफैं बन्ने प्रेरणा दिएर, आफ्नो सुखदुःखको निमित्त आफैं हो भन्ने भावना ल्याएर दुःख-बाट छुटकरा, परमशान्तिको लाभ मानवको आफ्नै प्रयासको फल हो भन्ने संझाएर जगाउनु भयो, ब्यूँझाउनु भयो । भगवान् बुद्धले दिएका विश्वप्रेरक शिक्षाहरूमा चार आर्यसत्यको सर्वाधिक महत्त्व मानिएको छ । संसारमा दुःख छ, दुःखको कारण छ, त्यसको निवारण हुनु पर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र दुःख निवारण गर्ने उपाय छ । यिनै चार कुरालाई भगवान् बुद्धले चार आर्य सत्य चत्वारिको आर्य सत्य पनि नाम दिनु भएको छ । समस्त संसारको दुःख निवारण र निर्वाणप्रतिको उपायको रूपमा आशङ्गिक मार्ग बताउनुभएको छ जसमा सम्यक् दर्शन, सम्यक् ज्ञान, सम्यक् कर्म, सम्यक् व्यायाम, सम्यक् आजीव, सम्यक् स्मृति, सम्यक् समाधि आदि मर्यादाहरू पर्दछन् । यी मर्यादाहरूको क्रमबाट भगवान् बुद्धले मानव-मात्रको निम्ति मन, वचन, व्यवहार सबै पक्षमा शुद्धता ल्याई स्वयं नै आफ्नो निम्ति शान्तिको स्थिति तयार पार्ने, मुक्ति वा निर्वाणसुखको स्रष्टा बन्ने प्रेरणा दिनुभएको छ ।

भगवान् बुद्धले समस्त दुःखको मूल अविद्या बताउनु भएको छ । अहंता ममता र स्वार्थी प्रवृत्ति नै अविद्याको बाह्यरूप हुन् यिनी-बाट मानव मन मुक्त हुनुपर्दछ भन्ने बुद्धशिक्षाको सार सत्य छ । भगवान् बुद्धले वेद, उपनिषद्, योगदर्शन, भगवद्गीता आदिद्वारा निर्देशित साधनाहरूलाई नै जनभाषामा जाति, वर्ण, लिङ्ग आदिको भेदभावलाई हटाएर सबैको लागि सुलभ हुने गरी प्रतिपादन गरिदिनु भयो । एक प्रकारले आर्यधर्मको शिथिल हुँदै गएको आत्मसाधनलाई नै नयाँ पृष्ठ-भूमिमा प्रतिपादित गरेर पुनर्जीवन दिनु भयो । त्यसैले सम्पूर्ण आर्यजगत् वहाँलाई नवौं अवतारको रूपमा प्रातः स्मरणीय भन्दछ ।

भगवान् बुद्ध मानवसमानताका प्रबल पक्षपाती हुनुहुन्थ्यो । उहाँले परम्परा, मान्यता वा रूढीको रूपमा त्यसबेला प्रचलित अत्युक्ति-पूर्ण असमानताहरूलाई अस्वीकार गर्दै आध्यात्मिक–नैतिक विकासद्वारा आफूलाई समुन्नत पार्नमा मानवमात्रको समान अधिकार छ भन्ने कुरा निर्भीकतासाथ बताउनुभयो । वर्ग, जाति, लिंग जस्ता भेदका आधार-हरूलाई छिचोलेर उहाँले पञ्चशीलका महाव्रतहरू सबैका निम्ति हुने गरी प्रतिपादन गर्नुभयो जसको विश्वमानवले आज झन्झन् महत्त्व दिएर अङ्गीकार गर्नुपर्ने भएको छ । भगवान् बुद्धले धर्मको द्वार सबैको लागि खोलिदिनुभयो । रहस्यात्मक भाषामा, अधिकार र अनधिकारको चर्चा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीच कुण्ठित भएको आर्यधर्मको परम सत्यलाई लोकप्रिय भावना र भाषाको अवलम्बनबाट जनजनमा पुऱ्याउन आजीवन संलग्न रहनुभयो। मानव कसैको कृपाले होइन स्वयंकै सत्प्रयासले आफ्नो भविष्य बनाउन सक्छ भन्ने आत्मनिष्ठा जागरित पार्नु भएर भगवान् बुद्धले दिनुभएको आत्मविश्वासको पाठ प्रत्येक समुत्थानप्रेमी मानवको निम्ति अनुसरणीय छ। वैरभावनाले, क्रोधले, कहिल्यै शान्ति मिल्दैन, मैत्रीले क्रोधमाथिको विजयले मात्र मानवलाई शान्तिको बाटोमा अघि बढाउन सक्छ भन्ने उहाँको शिक्षा वर्तमान शान्ति मानवमात्रको लागि सतत चिन्तनीय छ, मननीय छ।

अन्तमा भगवान् बुद्धका केही पावन सन्देशहरूको स्मरण गरौं, उहाँ भन्नुहुन्छ—"वैरभावले कहिल्यै वैरभाव शान्त हुन्न वैरभाव माथि विजय पाएमा चाहिं वैरभाव अवश्य शान्त हुन्छ, यही सनातन धर्म हो।

नहिर्वर्षण वेराणि सम्मन्तीध कुदाचन
अवेरेण तु सम्मन्ती एज धम्मो सनतनो ॥

अक्रोधले क्रोधलाई जितोस्, असलले खराबलाई जितोस् र लोभीलाई दानले जितोस्, असत्य बोल्नेलाई सत्यवचनले जितोस् अनि मानिस निर्वाण र शान्तिको साधनामा सफल हुन्छ।

अक्कोधेन जिने कोधं असाधु साधुना जिने
जिने कदरिपं दानेन सच्चेनालीक वादिनम् ॥

मानव ! तिमी आफैं आफ्ना मालिक हौ, आफूजति भरपर्दो आफ्नो मालिक अर्को छैन। जब तिमी आफै आफूमाथि विजयी हौला अनि आफ्नो वास्तविकक स्वामीको दर्शन पाउला।

अत्ता हि अत्तनो वाधो न हि वाधो परो सिया
अत्तना हि सुदान्तेन वाधं लभति दुल्लभम्

हामी भगवान् बुद्धले सिकाएको शान्ति, अहिंसा, समताको अनुसरणमा सफल बन्न सकौं यही यस पावन बेलामा स्मरणीय हुन आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक विषयका अन्य संग्रह

विश्वधर्मको वर्णमाला	किरणशंकर
संक्षिप्त भारत	चक्रपाणि चालिसे
संक्षिप्त रामायण	चक्रपाणि चालिसे

निबन्धसाहित्यका संग्रह

लक्ष्मीनिबन्धसंग्रह	लक्ष्मीप्रसाद देवकोटा ७/-
सयपत्री	सं० डा० ईश्वर बराल १०/-
साझा निबन्ध	सं० भैरव अर्याल (प्रेसमा)
हाम्रो संस्कृति	
एक सिंहावलोकन	शान्ति सुरभ ५/९०
सालिक	कृष्णचन्द्रसिंह प्रधान २/२५
मानिसको अनुहार	
जनावरको दिमाग	डा० युगेश्वर वर्मा ३/२०
पीपलको छहारी	कृष्णप्रसाद ज्ञवाली ४/६५

[अन्य विस्तृत पुस्तकसूचीपत्रका लागि लेख्नुहोस् र निःशुल्क प्राप्त गर्नुहोस्]

सा०प्र०

आवरण : सा०प्र० छापाखानाशाखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu